DS
493
P89 +

# प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

संख्या ८
श्रावण २०२६

Number 8
July 1969

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग
काठमाडौं, नेपाल

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्तिस्थानः–
साझाप्रकाशन
पुलचोक, ललितपुर

To be had of:
Sajhaprakashn
Pulchok, Lalitpur

मूल्य रु. ५।–

Price Rs. 5/-

Printed at the Jore Ganesh Press Pvt. Ltd. Kathmandu.

**प्राचीन नेपाल**
संख्या ८
श्रावण २०२६

**Ancient Nepal**
Number 8
April, 1969

**सम्पादक**

*रमेशजङ्ग थापा*

**Editor**

Ramesh Jung Thapa

# विषय सूची

# Contents


| | पृ. | पेज |
|---|---|---|
| नेपालको इतिहास राजभोगमाला | १ | 1 |
| ऐतिहासिक पत्रस्तम्भ | २५ | 25 |
| ललितपुरका मल्लराजाका ताडपत्र तमसुकहरू<br>*शङ्करमान राजवंशी* | २९ | 29 |
| विवाह<br>*बुद्धिसागर पराजुली* | ३४ | 34 |
| मोक्षशिद्धि<br>*मधुसूदन रिसाल* | ३९ | 39 |
| विवाह पटल<br>*देवीप्रसाद लंसाल* | ४३ | 43 |
| The Birth of Rana Feudalism in Nepal<br>*S. C. Lohani* | ४६ | 46 |

# नेपालको इतिहास राजभोगमाला

## गताङ्कको बांकी

तहांपछि देवताहरूबाट हरकन स्वर्गविषय लैजान नसकी आपना स्वस्थान विषे जांदाभया । केहि कालपछि पञ्चपाण्डवहरू वनवास गरिरदंदा समय युधिष्ठिरका उपदेशले तिर्थजात्रा गर्नानिमित्त अर्जुन दाज्यूहरूसंग विदा भै नेपालक्षेत्रमा आयाका थिया । तनकन किरातिहरूले देषी अर्जुनले धनुर्धारि आयाका देषि–हे संगि, आउ हामी-हरूसंग वसि षान्याकुरो खाऊं भनि किरातिहरूले बोलाउंदा अर्जुन वहुतै रिसाई म क्या तिमिहरूसंगै वसी षान भनि आयाको हो ! सुपात्र अपात्र पनि विचार नगर्न्या वानरहरू किंकरहरू जस्ता क्या तिमिहरूसित वसि षान्या जात हुं हामि भनि उत्तर दिदा किरातिहरू रिसाई भन्न लाग्या-शस्त्र धान्या को छु सुरो छु भनि हाम्रा वचन लङ्घन गर्न्या हे मुर्ख, भनि धेरै जनाले नाना तरहसंग फकाउंदा अर्जुन वहुतै क्रोध भै गांडिव धनु टंकार शव्द गरि सर प्रहार गर्न तैयार भया ; किरातिहरूले पनि धनु टङ्कार शव्द गरि सर प्रहार गरि जुद्ध गर्दा परन्तु किरातिहरूकन अर्जुनले हटाउंदा किरातिहरू किरातरूप संकरसंग सरण जांदा किरातरूप संकरबाट पनि पिनाक धनु हातमा ली अधि सरि अर्जुनसंग जुद्ध गऱ्या । परस्पर सर प्रहार गरि जुद्ध गर्दा अर्जुन वहुतै परिश्रम भै केहि वचन वोलन लाग्या । भो किराति मेरा वचन सुन मेरा दाजुका उप-देशले तिर्थयात्रा गरूँ भनि आयाका हुं । आजसम्म मैले स्नानादि कर्म गरि तिर्थयात्रा गरूं भनि आयाको हुँ । अज्ञ-सम्म मैले स्नान गरि कर्म गरि हरकन अर्चन गर्न पायाको छैन । संभुका पूजा गरि नसकंज्यालसम्म युद्ध थामिदेउ भन्दा अर्जुनका यस्ता वचन सुनि मसंग वरावर युद्ध गरि अज्ञ फेरि युद्ध गरूंला भनि इछा गर्न्या भनी किरातरूप संकर प्रसन्न भै बडा तेजस्वीरूप भै केहि वचन वोल्दा भया–यदि तिमिले ईश्वरिका पूजा गर्छौ भन्यौ त अर्चन गरि हाल क्या होला । फेरि पछिबाट युद्ध गरूंला भनि किरातरूप संकरले आग्या गर्दा अर्जुनले धनुर्वाण भैंमा छाडि सिवलिंगकन प्रदक्षिणा गरि अर्चन गर्न सामाग्री तयार गर्दा किरातरूप संकर अदृष्ट भै गया । अर्जुनले सामाग्री तयार गरि हरकन अर्चन गरि रहंदा तिनै किरात-रूप संकरबाट हररूप धारि अर्जुनका पराक्रम भक्ति भावदेषि षुसि भै रहंदा अर्जुनले दर्शन नपाई भूमिमा डंडवत गऱ्या । ताहांपछि अर्जुनले किरातरूप धारणा गरि मसंग युद्ध गर्न आउन्या इनै संकर रह्याछन् भनि जानि मेरा अपराध सवै क्षमा गर भनि नानाप्रकारसंग प्रार्थना गर्दा कीरातेश्वर संकर प्रसन्न भै –वाग्मतिका तिर्थयात्रा गर्न आयाका हे अर्जुन तम्रा पराक्रमले स्तुति भक्तिदेषि म वहुत प्रसन्न भयां । क्या वर माग्छौ भनि आज्ञा प्रसन्न हुदा अर्जुनले अन्जलि जोरि हे परमेश्वर संकर सर्वज्ञ सवैले सेवा गरियाका, मेरा वेदना आफुलाई मालुमै छ भनि दुर्योधनले दुख दि वनवास गयाको, कौरव-हरूले छलि जिति निकाल्याका मकन चाहिंदो वर प्रसन्न हवस् भनि विति गर्दा किरातेश्वर आज्ञा गर्छन्–हे अर्जुन केहि कालपछि यस्तो हुन्या छ– जस्ता तम्रा हृदयका कामना छ मेरा प्रसादले गरि तम्रै जय हुन्याछ । अव क्षेत्रिय तीर्थमा स्नान गरि जाउ भनि प्रसन्न भै धनुर्विधा सिकाई वर प्रसन्न भै अन्तर्ध्यान भै गया । ईश्वरका अनुग्रह आज्ञा प्रमाण अर्जुनले सिवलिंगकन परिक्रमा गरि श्रद्धा भक्ति राषि क्षेत्रिय तिर्थमा स्नान गरि चाडै गमन गरि आपना दाज्यू भाई रह्याका स्थान विषे जांदा भया । नेपाल क्षेत्रमा श्री महादेवले किरात स्वरूप धारणा गर्नाले किरातहरूको प्रताप वृद्धि भै नेपालमा यलंव नाम किरातिले राज्य भोग गरिरह्या ।। ।।

अस्य पुत्र राजा श्री पंवि भोग वर्ष ७९।३। इनराजाले राज्य भोग गरि रह्याका थिया । यस्तै समय पांडवका

कौरवसंग कुरुक्षेत्रमा युद्ध हुन लाग्दा किराति पंवि राजाले आफना सैन्य समूह गरि अर्जुनका हुकुमले युद्ध गर्न गया । अस्य पुत्र श्री राजा धस्कन भोग वर्ष ३७। अस्य पुत्र श्री राजा वलंच भोग वर्ष ३१।६। इन राजाले राज्याभिषेक पाया उप्रान्त १९ वर्ष पछि २३ वर्ष भोग सक्दा कलियुगका पादले पृथ्वीमा स्पर्शन गन्याको ५ वर्ष लाग्यो भनि चारै दिशाका ब्राह्मण जोतिषी पण्डितहरू आई राजगृहमा सुनाउन आया । आहां उप्रान्त सर्वत्र जहां तहांका नर जिवा जन्तु सव प्राणिकन पापचेष्टाले संयुक्त भै गया । यहादेषि अघि नेपालपुरिमा देवताहरूको दर्शन पर्सन वारंवार पाईन्या द्वापर युगका शेषभीत्र हो । कलियुग लागी सक्या उप्रान्त पनि किराति राजाका पर्या नसंकंज्याल महादेव कीरात स्वरूपमा विराजमान भयाका थिया । कोई कोई जनले दर्शन पाउंदै गर्दथ्या । कलियुग चरण त्रिपाद मध्ये एकपादेन स्पर्शो जातः । अस्य पुत्र हन्ति राजा भोग वर्ष ४१।३।

इन राजाका पर्यायमा अघि पूर्वकालमा वसिष्ठ मुनिबाट आज्ञा भयाको भविष्य भै गयाको संक्षेप कहिंछ—हिमालय पर्वतका उत्तर भागमा कञ्जपंक नाम पर्वतका गुहाविषे कर्कटि नाम राक्षसि अति डर लाग्दो मुख भयाकि पापात्मा दुष्ट चेष्टा भयाकि वास गरी रह्याकि थिई । कैह्ले पनि त्रीप्ति भोग नपाई मुखले पीडित भयाकी वडवानलसम जिह्वा भयाकि राक्षसिले मनमा चिन्तना गरी—जम्वुद्वीपमा रह्याका मनुष्यादि प्राणिकन भक्षण गर्न समर्थ हुन्या कार्य साधना गर्नुपऱ्यो । अव मैले तपस्यै गरौं भनि ठहराई भूतदेषिन् दुर्गम भयाका पर्वतमा जाई तिर्थमा स्नान गरी एक गोडाले टेकी एकचित्त गरी हजार वर्ष तपस्या गरि सक्दा उग्र तप गऱ्याको देषि प्रसन्न भै ब्रह्मा आई प्राप्त हुंदा राक्षसिले विन्ति गर्दा ब्रह्माबाट तथास्तु तेरा मनले काम गऱ्यामाफीक जीव सूचिका भै रोग प्राप्त गरी प्राणीकन मारी भक्षण गर विशूचिका भनी तेरा नाम संसारमा प्रख्यात हुन्याछ । परन्तु यस मन्त्र पढि जल शोधन गरी सिंचन गर्दा तस् रोगीकन रक्षा गर्नु भन्या वाणि वांधि ब्रह्मा अन्तरध्यान भै जांदा भया । ताहापछि कर्कटी नाम राक्षसिले एस्ता तरहको वर पाई सक्यापछि जम्वुद्विपमा आई प्राणिकन रोग प्राप्त गराई धेरै नर नारी पशु पक्षि आदि प्राणीकन भक्षण गरीसक्दा पनि तस राक्षसिलाई त्रिप्ती नभै भोग नहराउंदा एस्ता प्रकारसंग तपश्चर्या गरी वर पाई पनि यदि भोग नहरायापछि क्या काम लाग्यो यस्तो काम गर्न्या छैन, पाप वृद्धि गर्नु मात्रै भयो भनि मनमा विचार गरि फेरी पर्वतविषे जाई केहि कालसम्म भोगकन मारी निराहार गरी निर्विकल्प भै तप गरीरहदा फेरी व्रह्मा प्रसन्न भै प्राप्तभया—हे पुत्री, तेरा कल्मष पाप सव नष्ट भैगयो, मुढ अनाचार दुष्ट जनकन भक्षण गरी तंलाई पाप छैन भनि वुझाउंदा फेरी राक्षसीले ब्रह्माका चरणमा दर्शन गरी । तहांपछि फेरी राक्षसीलाई भोकले पीडीत गर्दा ब्रह्माका आज्ञानुसार फेरी नरनारी आदि प्राणिकन भक्षण गरी आउंदा आउंदा किरातजन मण्डलमा पुगी धेरै जन भक्षण गरी आउंदा यक कोहि दिन हुती नाम कैरात राजा हार्येतम नाम मन्त्रीले सहित भै सैन्य साथ लि सिकार खेलन निमित्त वनमा जाई वास गरी रह्याका थिया । तस्थानमा कर्कटि नाम राक्षसिले देषि जङ्गलका बिचमा रात्रीविषे पुगी सैन्यकन जिवसूचिका भै शरीरमा प्रवेस गर्दै मार्दै षाँदै गर्दा सवै सैन्यकन मारिसकि राजा र मन्त्री वांचिरह्याका थिया र तेस कर्कटीकाले ईनहरू मुढ छन् की ज्ञानि छन् भनि विचार गरी ज्ञानवान ठहराई ईनहरूसंग केहि प्रश्न गर्नु पऱ्यो भनि अदृष्टदेह भै राजा र मन्त्रिकन वोलाई ज्ञानका वार्ताहरू सोद्धा राजा र मन्त्रिले मनमा विचार गरी सोध्याका प्रश्न ब्रह्मज्ञानका जवाफ दी चित्त बुझाउंदा कर्कटी नाम राक्षसी बहुतै षुशी हुंदा उसकन षुसि गराई आफ्ना दर्वारमा ल्याई पुजा मान्य गरि एस्ता एस्ता प्रकारको उपाय गर्न्याहरूकन नमार्नु भन्या वाचा कवुल गराई षुसी गरी पठाया । यस्ता प्रकारको भविष्य वसिष्ठ मुनिले वक्याको कर्कटि नाम राक्षसिले अघि तपस्या गऱ्यादेषि पछि हुन्या भनि भविष्य वचनअनुसार भैगया । यस्तो वृत्तान्त वासिष्टयोगका सारमा लेषियाको छ । संक्षेपले गरी हूंदि नाम किराती राजाका पालामा भैगया ।

अस्य पुत्र श्री राजा हुमति भोग वर्ष ५०। अस्य पुत्र श्री रातुष्क भोग वर्ष ४१। अस्य पुत्र श्री राजा सूयस्य भोग वर्ष ३८। अस्य पुत्र श्री राजा पर्व भोग वर्ष ५६। अस्य पुत्र श्री जित्यदास्त्री भोग वर्ष ६०। अस्य पुत्र श्री राजा पञ्च भोग वर्ष ७१। अस्य पुत्र श्री राजा कंके भोग वर्ष ५६। अस्य पुत्र श्री राजा सोनन्दे भोग वर्ष ५०।८। अस्य पुत्र श्री राजा थुंको भोग वर्ष ५८। अस्य पुत्र श्री राजा गीध्री भोग वर्ष ५६।६। अस्य पुत्र श्री राजा जने भोग वर्ष ७३।३। अस्य पुत्र श्री राजा लुके भोग वर्ष ६०।१। अस्य पुत्र श्री राजा थोर भोग वर्ष ७१। अस्य पुत्र श्री राजा थोको भोग वर्ष ८३।

अस्य पुत्र श्री राजा वर्मा भोग वर्ष ७३। अस्य पुत्र श्री राजा गुंज भोग वर्ष ७२।२। अस्य पुत्र श्री राजा तुस्क भोग वर्ष ८१। अस्य पुत्र श्रीराजा सुस्के भोग वर्ष ५६। अस्य पुत्र श्री राजा सुगु भोग वर्ष ५८। अस्य पुत्र श्री राजा संसं भोग वर्ष ६३। अस्य पुत्र श्री राजा गुनंज भोग वर्ष ७४। अस्य पुत्र श्री षिवू भोग वर्ष ७५। अस्य पुत्र श्री राजा गलिज भोग वर्ष ८१। यति सबै किराति-हरू राजा हुंदा दर्वार गोकर्णका जंगलभित्र थिया । दर्वार संघि धेरै जंवुक थिया र सर प्रहार गरि मार्दा जम्वुहरू भागि जाई गुप्तेश्वरका सरण जाई शिवलिंगकन छोपि वस्या र तस्थानलाई जम्वुक द्वीप भन्दछन् । यति २८ पुस्ता कैरात राजाले श्री महादेव किरात रूप धारणा गरी श्लेष्मान्तक वन विषे किरातरूपले विहार गर्दाभयाका हुनाले इश्वरका प्रभावले गरि इ किरात राजाहरूले महा-प्रतापवान् भै नेपाल मण्डलको अधिपति भै वहुत सामर्थवान भै राज्य भोग गऱ्याका थिया । कैरात राजाहरूको जंमा भोग वर्ष १७४१। कलि लाग्या देषिन्को कलिगत वर्ष १५१६। ई किरात राजाहरूका पालासम्म श्रीपशुपतिनाथ किरातरूपमा विराजमान भै वनबिहार गरी रहंदा भयाका थिया ।

आहां उप्रान्त अघि पूर्वकालमा श्रीपशुपतिनाथ हरी-योगेश्वर भै तपोवनविषे वनविहार गरी रहंदासमय श्री हरिणेश्वरबाट ब्रह्मा, विष्णु, इन्द्रादिदेवताहरूकन भविष्य वार्ता प्रसन्न भया । कैरात राजाकन क्षेत्रि राजाले युद्धमा जये गरी नेपाल मण्डलमा राज्य गर्न्या छ । तनका राज्य हुंदा कैरातरूपको वन विहार समाप्त हुन्याछ । ति राजा-हरूले धर्मको थिति नेपालमा गर्न्याछ भन्न्या आज्ञा अन्सार भै गयाको संक्षेप गरी कहन्छु ।

कैरात राजा गलिजले नेपालमण्डलको राज्य गरि रहंदा समय दक्षिण दिशाबाट महाप्रतापसंग श्री निमिष्टां-कार वर्मा धेरै दक्षिणि सैन्य साथ ली आई युद्ध गरि राजा भया । अस्य भोग वर्ष ५०। इ राजाहरू कौन वंसका हुन् भनौला त

अथोत्तरे सूर्यवंशोत्पत्ति कथयति— कल्पान्ते भगवद् विष्णुनाभिकमलोद्भवो व्रह्मा प्रादुर्भूतः । श्री व्रह्मपुत्र श्री मरिचि। तन्का पुत्र कश्यप ऋषि । तनका पुत्र श्री सूर्य। तनका पुत्र श्री वैवश्वत मनु। तनका पुत्र श्रीइक्षाकु । इनै वंशका राजा श्री विशालन। तनका पुत्र हेमचन्द्र । तनका पुत्र शुचन्द्र । तनका पुत्र धुमा । तनका पुत्र सृंजय । तनका पुत्र सुवर्णषढि । तनका पुत्र कृशास्व तनका पुत्र सोमदत्त । तनका पुत्र वंश जनमेजय । तनका पुत्र प्रमितिमान् । तनका पुत्र मतिमान्। यति सुर्य वंशका प्रभावले दक्षिणविषे राजा भयाका हुन् । इनै मतिमान्का वंशका हुन् आदि इक्षाकुका वंशका विशाल तनुका कुलका हुनाले वैशाधिप कहाया ।

**जित्वा किरातजान्बाणैः शङ्करं पूज्य तेन च ।**
**करिष्यति तदा राज्यं वैशाल्याधिपतिर्बली ।**
**मूर्तिरेको ममैवापि ब्राह्मणेषु प्रतिष्ठितः ।**

यसै ईश्वरका वाणि भया प्रमाण ५० योजनभित्रका जग्गासम्मलाई नेपाल भनि शास्त्रमा कहिन्छ । तनै नेपाल मंडलमा निमिष्टाकार वर्मा राजा भया । अघि कैरात-हरूले चलायाको म्लेछ धर्मको चर्या लोप गरी दिया । इनै सूर्यवंशका राजा निमिष्टाकार वर्माबाट जित्याका राजा कलिजका पुर्षा गरी जम्मा पुस्ता २८ ले नेपालमा राज्य भोग गऱ्या। गोकर्णका जंगलभित्र ठूला दर्वार वनाई वस्याका थिया । दर्वार संघी धेरै जंवुक थिया र कैरात-हरूका अन्तका समयमा धेरै जम्बुकहरू आई जम्मा भै दर्वारैतर्फ हेरी आफ्ना जातानुसार शब्दले विशब्द गरी झुक्दा कराउंदा कैरात राजा वहुतै दिग भै इन जम्वुक-हरूकन मार भनि हुकुम दिंदा सर प्रहार गरी माऱ्या । जम्वुहरू भागि गुप्तेश्वरका शरणमा जाई शिवलिंगकन छोपि वस्ता तेस थानलाई जम्वुक डो भन्छन् । राजा निमिष्टाकार वर्माबाट कैरातहरूकन युद्धमा जय गरी नेपाल पुण्यभूमिका राजा भया । इन राजा वहुतै सुरा धर्मज्ञ नितिशास्त्र जान्या क्षमा दया शान्ति शील सोभाले सयुक्त भयाका थिया र शास्त्र विचारले देवताहरूका ध्यान मन्त्र यन्त्र तन्त्रादि शास्त्रदेषिन् थाहा पाई नेपालको माहात्म्ये ठुलो जानि धर्मज्ञ शास्त्रज्ञ रिग्वेद यजुर्वेद अथर्ववेदका भेद जान्या एस्ता उत्तम ब्राह्मणकन परीक्षा गरी उन्का छोरांबाट श्री पशुपतिनाथकन चतुर्व्यूह मूर्ति बनाइ अघिका मूर्तिमाथि सुप्रतिष्ठा गराई नैत्य नैमित्य यथा शास्त्रोक्त वाक्यले गरी अर्चन गराया । अघिका विशाल नगरका स्थानमा फेरी नगर वृद्धि गरि आफ्ना साथ आयाका सैन्य प्रजाकन वास दिया । वहिर्देशबाट फेरी झीकाई पनि वास गराया । कैरातकन नेपालमा निवृत्ति गरी हरिभक्त शर्मा ब्राह्मणका बुद्धि सुनी जम्वुद्वीप कैरात नेपाल मण्डलविषे तेजस्वि भै वेदादि शास्त्र निति-प्रमाण प्रजाको पालना गरी धर्मका प्रभावले सुभीक्ष्य ऐश्वर्य वृद्धि पुण्यात्मा धर्मिष्ठ नरमा अधिपति भै आनन्द-

सित राज गरी श्री पशुपतिश्वर प्रभृति देवदेवीकन विधि पूर्वक पूजा मान्य सेवा गरी प्रजाहरूबाट पनि पूजा मान्य सेवा गराई रह्याका थिया ।

एस्तै समय वंगाला देशबाट आचार्य ब्राह्मण वेदशास्त्र तन्त्रशास्त्र जान्या आया तनकन पनि सन्मान गरी वास गराया । तहांपछि पञ्चद्रविड पञ्चगौड मैथिलब्राह्मणहरूकन पनि बोलाई सम्मत गरी देवदेवीहरूका ध्यान विधान जानि शास्त्रोक्त प्रमाण गरी धेरै ग्रन्थहरू संग्रह गरी ग्रन्थहरू पनि वनाई नेपाल क्षेत्रमा शास्त्र फैलाई दिया । सव प्रजा धर्म्मज्ञ भक्तिमान् बुद्धीमान् भै गया । भट्टवाट सामवेद व्याकर्ण प्रख्यात गराया । गुजराति वाजा स्थान स्थानमा प्रख्यात गरिदिया । मैथिलीबाट ज्योतिष न्यायशास्त्र प्रख्यात गराया । अरू ब्राह्मणहरूबाट नाना शास्त्र पुराणादि प्रख्यात गराया । यस्ता प्रकारसंग पञ्चगौड पञ्चद्रविडबाट वेदशास्त्र तन्त्रशास्त्रोक्त प्रमाण स्थान स्थानमा अधिका देव देवीहरूको मन्त्रयन्त्र ध्यान विधान जानि स्वयंभू आदिका देवताहरूको प्रतिमा प्रतिष्ठा गर्न्या विधान शास्त्रोक्त गतिले गरी धर्मज्ञ ब्राह्मणहरूका बुद्धि सुनी ईश्वर ईश्वरीको आराधना भाव भक्ति गर्नाले ईश्वरका अनुग्रहले ईन सुर्यवंशी राजाले नाना प्रकारले यस किर्ति वृद्धि गरि धन्य कहाई रह्याका थिया । फेरी इनैका पालामा दक्षिण गोदावरीमा वगाई लग्याका स्मरणि झोली वघंवर तुम्वा आदि कोई एक सिद्ध योगि नेपाल पुरीमा निलचूड पर्वत मनिबाट प्रकट भयाकि गोदावरी पुग्दा स्मरणि आदि वस्तु वगी प्रकाश हुंदा निश्चय गोदावरी हुन् भनि राजा प्रजाकन जाहेर भै राजा प्रजा सव जाई गोदावरि सत्य हो भनि निश्चय मानि स्नान दान गरी मर्यादा वढाया । एस्ता प्रकारसंग परम आनन्दसित राज्य भोग गरी श्री पशुपतिनाथको भाव भक्तिले युक्त भै धन्य वैसाधिप कहाई राज्य भोग गरी रह्याका थिया । अस्य पुत्र श्री राजा मताराक्ष वर्मा भोग वर्ष ६१। इन राजाले पनि वावाका पालामाको रित थामि सत्संग गरी देवालय गृह नगर ग्रामहरू शास्त्र प्रमाण वाडन लाई नेपालमा शुभ वृद्धि गरी प्रजाकन प्रतिपाल गरी देव ब्राह्मणकन सन्मान गरी राज्यभोग गरी रह्याका थिया । अस्य पुत्र श्री काकवर्मा राजा भोग वर्ष ७३। इन राजाले पनि वावु वराज्यूले चलायाको रित नघटाइ स्थान स्थानमा देवताहरूकन अर्चन गराई धर्मले प्रजा प्रतिपाल गरी सास्त्रार्थ गराई नेपालमा धर्म्मको स्थिति गरी ईश्वरका शेवाले युक्त भै राजभोग गरीरह्याका थिया । अस्य पुत्र श्रीराजा पशुपुष्प वर्मा । अस्य भोग वर्ष ५६। इन राजाले कलि लाग्यापछिको प्रथम ठूलो कीर्ति श्रीपशुपतिनाथकन सुन्दर शास्त्रोक्त प्रमाण वास्तु क्रमले देवालय उच्चा गरी वनाई अति सुन्दर गरी सकि शास्त्रज्ञ ब्राह्मण पण्डित ज्योतिषीसंग सम्मत गरी यात्नले गरी ब्राह्मण क्षेत्रीय वैश्य शूद्र चार वर्णको थिति वाँधि स्वस्व धर्ममा चलाई गोब्राह्मणकन प्रतिपाल सन्मान गरि न्याय नीतिका रितले प्रजा पालन गरी आनन्दसित श्रीपशुपतेश्वरको भक्तिभाव गरी यस कृति वढाइ आनन्दसित राज्य भोग गरी रह्याका थिया । अस्य पुत्र श्री राजा भास्कर वर्मा भोग वर्ष ७४। इन राजा वडा तेजस्वी प्रतापवान थिया । पूर्वकालमा श्रीहरिणेश्वरबाट नेपालमा कैरात भोग सक्यापछि क्षत्रिय राजाहरूले ठूलो कीर्ति गरी धर्मले मेरा क्षेत्रको पालना गर्न्याछ भनि भविष्यवाणि प्रसन्न हुंदामाको एक श्लोकः—

**शिशुपालावतारेण श्रीमता भक्त वर्मणा ।**
**करिष्यति जगत्कीर्तिमनेकसमशासनात् ।।**

यही वाणिअनुसार इ राजा पूर्वकालमा श्रीयुधिष्ठिर महाराजाका राजसूयज्ञमा श्रीकृष्णकन शिशुपालले हास्य गर्दा श्रीकृष्णबाट शुदर्शन चक्रले प्रहार गरी मार्न्या तनै शिशुपालका अवतार भयाका श्री भक्तवर्मणा कहियाका यो नेपाल परम क्षेत्रका वैशाल्याधिपति कहियाका निमिष्टांकार वर्माका वंशका पांचौं पुस्तामा राजा श्रीभास्कर वर्मा । इन राजाले आफ्ना पुर्षाले गर्‍याको थिति सव थामि श्रीपशुपतिनाथका पाशुपतिका शास्त्र मन्त्र जगाई सेवा गर्‍या । फेरी भूत डामर तन्त्रका उक्ति प्रमाण साम्राज्य वृद्धि हुन्या रीतले गोकर्ण स्थानमा स्थूल काया श्री भैरव प्रतिष्ठा गरी अकिल मन्त्र जगाई महामन्त्रको पुरश्चरण गरी विधिपूर्वक संपूर्ण गरी श्री पशुपतिनाथका प्रसाद पाइ भैरवका अकिल मन्त्र जगाई महा प्रतापवान भैं श्रीपशुपतिनाथका अनुग्रहले मन्त्री सरदार प्रभृति धेरै सैन्य समूह गरी,

**योसौ भास्करवर्मनाम नृपतिः सूर्यान्वये संभवः ।**
**कैरातान्समरे विजित्य जलधेस्तीरान्तराज्यप्रभुः ।।**

दक्षिण मुख गरी प्रस्थान गरी जाई स्थान स्थानमा जाई युद्ध गरी कहिं प्रतापका वलले वस गरी हटाई जिति दक्षिण उत्कलदेश आदि नाना देश जिति दक्षिण महोदधि समुद्रपर्यन्त पुगी श्री श्वेतवाराहका समीपमा श्रीमातृका स्थापना गरी धेरै मुलुक फिरि वडा वडा महाराजा राजाहरूले मान्य गराई स्वस्थसित अनेक रत्न हिरा मोति पद्मराग मरकत मणि इन्दनीलमणि सेषरमणि

वैदूर्यमणि कर्क्कोटकमणि भीष्ममणि पुलेकमणि रुधिराक्ष-मणि मूगा इत्यादि नाना प्रकारका सुवर्ण रौप्य नाना प्रकारका पदार्थका द्रव्य देश देशका राजाहरूबाट ली नेपाल क्षेत्रमा आई पुगी श्री पशुपतिनाथकन अर्पण गरी सुवर्णपुरी वोलाया । फेरी श्रीपशुपतिनाथका पश्चिममुख-संघी धेरै व्राह्मणहरूकन निमन्त्रणा गरी तीन मासपर्यन्त सुवर्णाहुती यज्ञ गरी धेरै सुवर्ण षर्च गरी सुवर्णोदकले पशुपतिनाथकन स्नान गराई वाग्मतिमा वगाई दिया । सुवर्णपुरी भनि नाम प्रष्यात गर्‍या । इन राजाले दक्षिण देशमा जय गर्न जादा पद्मनाभ विष्णुको दर्शन पाई सोहि प्रमाणका मूर्ति पूर्वकालमा सूर्यकेतु राजाले नेपालमा प्रतिष्ठा गर्‍याको सतरुद्र पर्वतका श्री जलसयन नारायण रह्याका छन भनि बुढानीलकण्ठमा जाई विधिपूर्वक पूजा मान्य गर्‍या । नेपाल क्षेत्रमा ई राजा वहुतै पुरुषार्थि भै धन्य धन्य कहाई नेपाल क्षेत्रकन धर्मले पालन गरी श्री पशु-पतिनाथका नित्य नित्य सेवा गरी परमानन्दसित राज्य भोग गरी रह्याका थिया ।

पूर्वकालमा श्री हरिजेश्वरबाट शिशुपालका अवतार भयाका राजासम्म मेरा क्षेत्रको धर्मस्थिति गर्न्या छ भन्या वाणि प्रसन्न भयाको हुनाले इन्का सन्तान भयेन र एक सूर्यवंशका क्षेत्रीकन धर्मपुत्र पालना गरी भूमि वर्मा नाम राषि राज्याभिषेक दिया । श्रीराजा भूमिवर्मा भोग वर्ष ४१। अस्य पुत्र श्रीराजा जयवर्मा भोग वष ६१। अस्य पुत्र श्री राजा जनवर्मा भोगवर्ष ६२। अस्य पुत्र श्रीराजा वर्षवर्मा भोग वर्ष ५१। अस्य पुत्र श्रीराजा सर्ववर्मा भोगवर्ष ६८। अस्य पुत्र श्रीराजा पृथ्वीवर्मा भोग वर्ष ५६। अस्य पुत्र श्रीराजा जेष्टवर्मा भोग वर्ष ४८। अस्य पुत्र श्रीराजा कुवेरवर्मा भोग वर्ष ७५। अस्य पुत्र श्रीराजा हरिवर्मा भोग वर्ष ७८। अस्य पुत्र श्रीराजा सिद्धि वर्मा भोगवर्ष ६७। अस्य पुत्र श्री राजा हरिदत्त वर्मा भोगवर्ज ४६। इन राजाले नेपाल मण्डल विषे चारधामका स्वरूपले विराजमान भयाका नारायणहरूबाट स्वप्नमा दर्शन पाई नेपाल भूमिमा चार सिषरविषे स्थान हराई श्रीज्योतिरूपका पूर्व भागमा डोला गिरि पर्वत विषये विराजमान भयाका श्री गरुड नारायण श्री छिन्नमस्ता कालीशक्तिसहीत किलेश्वरका अघिका वर्णन शास्त्र प्रमाण ठहराई पूजामान्य गर्‍या । नाग पञ्चमीका दिन शंखदहको मेला ठहराई प्रष्यात गरीदिया । देवालय वनाई नित्य नैमित्त अर्चन गराया । फेरी वायव्य-कोणमा सतरुद्रपर्वत विषे विराजमान भयाका चयजु-नारायणकन पूजा मान्य गरी देवालय वनाइदिया । तसै स्थान संघोबाट प्रगट भयाकी विष्णुमति हुन् भनि विष्णु-मतिका तीर्थविषे स्नान गरी प्रजाहरूबाट पनि सेवाभक्ति स्नान गराया । फेरी पश्चिमभागमा विराजमान भयाका इचंगुनारायण सक्तिले सहित विराजमान भयाकाकन पूजा-मान्य गरी देवालय वनाइ दिया । तीर्थ विष्णुमती र भद्रमती संगम तीर्थको मेला रामनवमीका दिन स्नान दान गरी मान्या । फेरी नैरीत्य भागमा श्री नृसिंह नारायण सिषरि लक्ष्मी सहीत विराजमान भयाकाकन पूजामान्य गरी देवालय वनाई प्रष्यात गराया । भाद्र शुल्क १४ चक्रतिर्थमा स्नान दान गराया । तेस थानलाई फर्पिंग भन्दछन् । यति चार नारायणकन श्री हरिदत्तवर्मा राजाबाट स्थानस्थानमा जाई सास्त्र विचार गरी इश्वरकन प्रष्यात गरी स्वयंभू ठहराई भक्तिभाव गर्‍या । प्रजाहरू-बाट पनि गराई आनन्दसित प्रजा पालन गरि राज्य भोग गरी रह्याका थिया । फेरी केहि दिनपछि शंखमूल संगममा विराजमान भयाका कोटेश्वर स्वयंभुबाट हरिदत्त वर्मा राजाकन दर्शन दिंदाभया । यसै समयमा दक्षिणविषे वैजनाथ भनि महादेवको प्रष्यात भै गया । एस्ता तरहका इश्वरका सेवा भक्तिले दर्शन पाई कृतार्थ भै अन्तमा उद्धार **भै गया ।**

अस्य पुत्र श्रीराजा वसुदत्त वर्मा भोगवर्ष ३३। अस्यपुत्र श्रीराजा भोगवर्ष ३५। अस्य पुत्र श्री राजा शिव वृद्धिवर्मा भोग वर्ष ७७। अस्य पुत्र श्री राजा वसन्त वर्मा भोग वर्ष ६१। अस्य पुत्र श्री राजा शिवदेव वर्मा भोगवर्ष ५७। अस्य पुत्र श्री राजा वृषभदेव वर्मा भोगवर्ष ६१। इन राजाले वौद्धा-चार्यहरूसंग मिलि जयन मार्गमा पसि वेदको धर्म छाडि कुलधर्म त्याग गरी केही वाहीर वुझाउना निमित्त स्वधर्मको कर्म गर्‍या झैं मात्र गरी मारन् मोहन् उच्चाटन वसि-करण अति हित मान्या । आफ्ना मार्गका देवताहरूको सन्मान् छाडदा विसाल चन्द्रपूरमा घाट मन्दिर वनाउना निमित्त श्रीजलसयन नारायणसंघी ढुंगाका रास थुर्‍याका थिया । सतरुद्र परवत पैह्लो भल्की आउंदा पनि तेस थानमा याद नगर्दा सव ठाउं पुरीन गयो । पछिबाट तेस ठाउं-माथि वगैंचा सुद्धा वनाइदिया । वौद्धमार्ग प्रवल भै ई राजाले वज्रयोगिनीका शेवा गर्दथ्या ।

एक दिन ई राजालाई बौद्ध भगवान्ले दर्शन दि आज्ञा गर्‍या–हे राजन् म लोहसिला स्थान सन्धीका पोषरिमा वास गर्‍याको धेरै दिन भयो । म पिंगला नाम मार्वारदेशका राजा सुदत्तकी रानि नेपालमा आई श्री

गुह्येश्वरीका शेवा गर्दा मन्दिर वनाइ वास गऱ्यादेषि म ताहां वसि रह्याकी छु । गमन मेरो धर्मदत्त राजाका पालामा सतरुद्रपर्व्रतदेषि हो । अव तेहि स्थानमा गणा- वरण सहित गरी मन्दीर वनाउ । यो स्थान मेरा अतिरमणीय स्थल हो । तेस तलाउका मनितिर द्रव्य राष्याका छन् तेहि द्रव्य चैत्याकारमा भीत्र गर्भ राषि मन्दीर वनाउ । तेरा नान धनदो देव भनि प्रष्यात गर भनि स्वप्न विषे आज्ञा भयो र राजाले यथाक्रमले गरी वनाई मञ्जुवाहाल भनि चावहील नाम देश वनाया । तसै दिनदेषि धन्देव भनि नाम प्रष्यात हुनगयो । फेरी इनै गुणकाम राजाका पालामा दक्षिणदिशा विषे गौडदेशका प्रचंडदेव नाम राजा थिया । तिनले प्रजाकन पालन गरी रह्याका थिया ।

केही कालपछि इन राजालाई बौद्ध धर्म अति प्रीय हुनजांदा पुत्रकन राज्याभिषेक दि देश देस भ्रमन गरी नेपाल विषे आई सिंभुमा पुगी दर्शन गरी तेसै स्थान एक सार्मथि गुणाकर नाम एक वाडा सार्मथि थिया र प्रचन्डदेव राजाले तिनै क्षपणकबाट चर्या लिया । ताहांपछि सांत श्री भिक्षुक भनि नाम राषि स्वयंभुकन शेवा गरी एसै स्थानमा रहन्छु भनि रह्याका थिया । केही दिनपछि स्वयंभु कुंडकन चैत्याकारले छोप्नुपऱ्यो भनि गुरु गुणाकर भिक्षुसंग विन्ति गरी सम्मत गरी राजा वृषभकन हात लिया । राजाले पनि तिनै भिक्षुका मतमा प्रवृत्त भै उनिहरूका सम्मत् प्रमाण स्वयंभू कुण्डकन चैत्याकार वनाई छोपिदिया । फेरी वसुपुर वरुणापुर अग्निपुर वायु- पुर सम्मरपुर भनि पञ्चपुर वनाइ पांचै देवता स्थापना गरी रह्याका थिया । बौद्ध मार्गमा सिभुका पर्वतकन सत्ययुगमा पद्मगिरी त्रेतामा वज्रकुट द्वापरमा गोश्रृंग कलिमा गोपुछ परवत भनि कहंथ्या । कलि युग लाग्या पछि फेरी स्वयंभुपरवत भनि कहंथ्या । एस्ता तरहसंग वृषभदेव राजाले बौद्ध मार्गमा पसिरहंदा समय फेरी नेपालमा गोदावरी संघि जाई पञ्च बौद्ध एकत्र मूर्ति गरी वनाई स्थापना गरी दिया । इन राजाका पालामा वाणेश्वर संघि ठुलो विहार वनाई साक्यसिंह भगवान्को प्रतिष्ठा गरी बौद्ध मार्गको मात्र सेवन गरी रह्याका थिया ।

अस्यपुत्र श्रीराजा संकरदेव भोग वर्ष ५०। इन राजाले धेरै मिहनत गरी धेरै द्रव्य षर्च गरी श्रीपशुपतिका उत्तर दर्वाजा सन्मुख मनवेगी लोहका ठूलो त्रिशूल वनाई चढाया । फेरी राजराज्येश्वरी संघीका कुपविषे पूर्वजन्मका छाया स्वरूप दर्शन हुन्थ्यो र पछि हुन्या राजा आदि प्रजाहरूकन पाप पुण्यका अनुसार पूर्व जन्मका स्वरूप छायामा अव उप्रान्त वढिया छायाको दर्शन ज्यादा नहुदा कष्ट हुन जाला भन्ना निमित्त कुप पुरी अग्र मागमा जाति स्मरण नाम गरी ठुलो महाविराटेश्वर महादेव स्थापना गरीदिया । फेरी पशुपतिनाथका पश्चिम ढोकाभित्र नन्दी- मूर्ति वनाइ स्थापना गरीदिया । ताहापछि शिवको र नदीको अन्तर गमन दोसनिवारण गरिदिया । अस्य पुत्र श्री राजा धर्मागत देव भोग वर्ष ५१। इन राजाले श्रीपशुपति नाथका दक्षिण महत् वृषभध्वज स्थापना गरी दिया । इन राजाले पर्व पर्वमा श्रीगरुडनारायण श्रीईचंगुनारायण श्रीनृसिंहनारायण श्रीचयजुनारायण इ चारै नारायण स्थानमा जाई सेवा गर्थ्या । एस्ता तरहसंग सेवा गरी रहंदा कोही समय आदि जलसयन नारायणबाट राजाकन स्वप्नमा दर्शन दी आज्ञा प्रसन्न हुदा भया—हेराजन् तैंले चार धाम वारंवार गर्नु पर्दैन । मलाई प्रष्यात गरी सेवा गर म सतरुद्र पर्वत पैह्ला भत्की छोपीन गयाको छु । एस स्थानमा मलाई गुप्त गरी नराष प्रकाश गर भन्या अनुग्रह वाणी स्वप्नामा पाउंदा धर्मागतदेव राजाबाट प्रजालोककन वोलाई आदि जलसयन नारायण एस स्थानमा गुप्त रह्याका छन् भनी इन इश्वरकन प्रकाश गराउन पऱ्यो भनी ढुंगा माटाले पुरीयाको षनी पर सारी हेर्दा श्री जलसयन नारायण प्रकाश भया । इन राजाले नित्यार्चन विधि पूर्ण गराई आफुले पनि श्रद्धाभक्ती राषि पूजा भक्ति मान्य गऱ्या ।

आहा उप्रान्त धर्मागितदेव राजाले जलसयन नारायण- बाट अघि तैंले चार नारायणका स्थानमा सेवा गर्नुपर्दैन मलाई मात्र सेवा गर ठुलो परिश्रम गर्नुपर्दैन भन्या अनुग्रह वाणी पाई नित्य इनैका सेवा र जोगेश्वरी श्री वज्रयोगिनीका सेवा गरी रह्याका थिया । केहि दिन पछि इश्वरीकन प्रसन्न गराई ई ईश्वरीका षुसिनिमित्त नित्य अग्नी जगाई कराईमा तैंल पाक गरी उसमा कुंदि पाक भयापछि जोगेश्वरी प्रभृति योगिनी गणहरूकन भोजन गराई ई फेरी जीवदान पाइ द्रव्य पाई राजधानि सहरमा आई ब्राह्मण गरीव फकीरहरूकन नित्य सुवर्ण दान दी एस्ता तरहसंग ईश्वरीका अनुग्रहले सरीर होम गर्न सकिन्या समर्थ पाई एस्ता उग्र तप गरी परम आनन्दसंग राज्य भोग गरी रह्याका थिया ।

परापूर्वदेषि नेपाल मध्यका आदिसहर विसालनगर हो । संखमूल तीर्थदेषि आदि जलसयन नारायणका स्थानसम्म एकै नगर थियो । ९९००० उनान्सय हज्जार

गृह थिया । यस सहरमा धर्मागतदेव राजा नाम गन्याका राजाले राज्यको प्रतिपाल गरी श्री वज्रयोगिनीका परम भक्त भैं रह्याका थिया । इन राजाका पर्यायमा श्री पशुपतिनाथ र श्री वज्रयोगिनीका अनुग्रहले परमार्थ पाउन जोग्यका नर जन्म भयाका हुनाले देवगति अवन्ति नाम उज्जेन नगरका विक्रमसेन वालक १२ वर्षका उमेर उप्रान्त श्रीज्योतिरूप पशुपति श्रीउग्रतारा सुप्रसन्न स्वप्न प्रसन्नोस्तु । इनैं इश्वर इश्वरीका अनुग्रहले विक्रमसेन वालककन तेरा प्रथम कर्मद्वार उज्जेनका उत्तर भाग नेपाल नाम पुण्यभूमिमा हो भनि स्वप्नमा नेपाल भूमिको र श्री पशुपतिनाथको दर्शन दी श्रीउग्रतारा देवीले पर्चय देषाई निश्चय गराई आकर्षण गरी वोलाया । एस्ता तरहका उत्तम स्वप्न देषी ती वालक नेपाल आउनाको वहुतै इक्षा गर्दा स्वदेश त्याग गरी नजाउ भनि कसैले भन्या त पनि नमानी स्वप्नका प्रतीत मानि श्रीपसुपतिनाथ श्रो वज्र-योगिनीदेवीका चरणको सरण गरी आउंदा तिनको साथमा वुद्धिसेन नाम गन्याका थिया । आयाका जीवलाई वोध दिन समर्थ भयाका माननाथ सर्मन् थिया । वैकुठनाथ सेवक ती तिन जनाकन विक्रमसेनले मलाई श्रीपशुपतिनाथ श्रीउग्रतारा देवीबाट नेपाल भूमिमा आउनु भन्या हुकुम भयाको छ । तिमिहरूलाई आमा वावु पुत्र परीवार देषी छुटाईकन किन म लैजान्छु भन्या मैले र केवल आज्ञा गन्यापछि स्वार्थ प्राप्ती हुन्या छ भनि देष्या तिमिहरूलाई पनि वढिया होला भन्या मन्मा आयो । जीवन मरणको साथ तिमिहरू भैं मेरा साथ हिंड भनि बुझाई मलाई पनि अन्तमा मुक्ति इहत्रमा सुष प्राप्ती तिनै कुलकन पनी उद्धार सुवुद्धि गन्या पार लाग्न्याछ भनि ४ जनाको एक सम्मत गरी उज्जेन देशबाट प्रस्थान गरी नेपालतिर गमन गरी आया । धेरै देश घुमी आउदा आउदा नेपाल क्षेत्रमा पुगी विसालनगरमा प्रवेश गरी एक कोही जनका गृहमा वास गन्या । एस नगरका राजा धर्मागत देवका सेवा गर्न लाग्या । राजाले तिनलाई वहुतै सुन्दर लक्षणले युक्त भयाको देषि वोलाई आफ्ना नजीक राषी तिमिहरू को हौ ? काहांबाट आयौ ? तम्रा नाम क्याहो ? पुरुषार्थ क्या छ भनि सोध्दा मेरा नाम विक्रमसेन हो । मेरा जन्मभूमि उज्जन हो भनि सव वृत्तान्त कही हजूरको सेवा गर्न आयां जो हुकुम सो काममा तैयारी छु भनि विन्ती गर्दा धर्मागतदेव वहुतै षुसी भैं वीर पुरुष ठहराई आफ्ना नजीकी गरी वहुतै प्रिय मानी राष्या । जाहा गया पनि सार्थैमा लैजान्थ्या ।

अव विक्रमको पूर्वका आदिकथा संक्षेपले गरी कहींछ । यस पृथ्विमण्डलमा एक कोही ऋषीले इन्द्रासन भोग गर्न अभिलास गरी गङ्गातीरमा जाई तप गर्न लाग्या । तपस्या गर्दा गर्दा धेरै वर्ष वित्यापछी ऋषीका तपोवलले इन्द्रासनमा इन्द्रकन महाताप भयो र इन्द्रले त्रास मानि अप्सराहरूकन वोलाई तिमीहरू कसले तेस ऋषिको तप भ्रष्ट गर्न सकदछौ भनि आज्ञा गर्दा भया । एक मेनका नाम अप्सराले अंजली जोरी हे देवराज इन्द्र म सकुंला आज्ञा भया जावस् भनी विंति गरी मर्त्यमण्डलमा ऋषिले तप गरी रह्याका स्थानमा जाइ प्राप्त भैं गङ्गातीर विषे सव इन्द्रीय षैंची अषण्ड मन गरी अन्तमा मृत्तिकाले पुराई सरीरै होईन की भन्या जस्तो आकार गरी एकत्व गरी पवननिरोधी तपमा रह्याका थिया । अप्सराले तीनकन स्नान गराइ फेरी मधुस्नान गराई मधुको रस पाया र ऋषिका चित्त उदय भैं दिनरात मधुभोजन गराई सरीर पुष्ट गराई ऋषिका नेत्र उघारी हेर्दा अतिसुन्दरी अप्सरा देख्ता कामले पिडीत भैं मोहित भैं अप्सरासंग अनेक प्रकारले क्रीडा गन्या । केही दिनपछी अप्सराको गर्भाधान भयो । मास पूर्ण भयापछि पुत्र जन्म भयो । पुत्रकन नामकरणादि सकि कोही एक दिन विषे ऋषी-कन अप्सराले एस्ता वचनले गरी—हे प्रभु एस्ता वनमा वसी क्या सुख क्या भोग । अव मेरा विन्ती लाग्या स्वर्गलोकमा जाई सुख भोग गर्न जाउं भनि विन्ती गर्दा ऋषीले वढीया भनि अप्सराले वालक वोकी अघि लाई ऋशि पछि पछि लागी स्वर्गका मार्ग विषे जांदा अमरावती पुरी पुग्न लाग्दा अप्सराले—हे प्रभू स्वामी मलाई वहुतै थकाई लाग्यो पुत्रकन एक छिन तपाईं लिनुहवस् भनि ऋषिलाई पुत्रकन वोकाई इन्द्रको दर्वार पुगी यथाजोग्यले आसीरवाद गर्दा इन्द्रबाट हास्य गरी—हे ऋषी धेरै वर्ष-सम्म तपस्या गन्याको फल फलेछ । अतीसुन्दर पुत्र पायाछौ भनि आज्ञा गर्दा म त भुलीगया छु भनी चेती पछीबाट महाक्रोध गरी इन्द्रका हजूरै पछारी मान्या शरीर तीन खड भैं गया र पृथ्वीमा षसाली दिया । ऋषि फेरी ध्यानमा जानको इच्छा गरी जान लाग्दा इन्द्रले आज्ञा गर्दा भया—हे ऋषि वालष मान्याको क्या प्रयोजन । अव तेस वालकको क्या गति भनि आज्ञा गर्दा भया र ऋषिले इ तीन टुक्राका तीन स्वरूप भैं जन्मी पछिबाट तीनको एकै हुन्या छ भनि ऋषि जादां भया ।

ताहा उप्रान्त केही कालपछी पाद भाग वनिआ भैं जन्म्यो । हृदि भाग क्षांतीशील नाम पाइ जन्मी कापालिक

योगी भै रह्या । केही दिन पछी तेसै योगीले तेसै वनित्राकन शिक्षाबाट विरोध हुन जांदा शिष्यकन मारी मृतक वेताल भै गयो र कोही एक शिसपा वृक्षमा वास गराई राष्याको थियो । शीर भाग वाहीर उज्जेन देशका विष्णु सर्मा ब्राह्मण गृहस्थाश्रम छाडी श्री इश्वरीका उपासना गरी रहंदासमय वीर्य पूर्ण भै पतन हुँदा पृथ्वीमा नपारी विल्व वृक्षमा षसी राष्यायो थियो चन्द्रावती नाम गन्याकी एक क्षत्रीका कुलपुत्री थीइन् । नित्य विल्व वृछमनि जाई षेल्दथिइन् । दैवयोगले विल्ववृक्षलाई चाट्दा ब्राह्मणका वीर्य मुषद्वारबाट उदरमा रहनजांदा चन्द्रावती मैञा विना पुरुषका संगले गर्भवती भइन् । लोक सवै आश्चार्य मान्या । विनापुरुषका संभोगले कन्या कस्ता तरहसंग गर्भवती भईन् भनि विचार गर्दा तपश्विका आश्रममा जांथीन् तिन-संग प्रसङ्ग भै गर्भवती भयाको हो कि त भनि विचार गर्दा कन्दमूल षाई तप गर्न्याले यस्तो कर्म गर्न्या छैन भनि परन्तु वेस गरी विचार गर्दा तिनै तपश्वीका वीर्यले गर्भवती भयाको ठहऱ्यो । गर्भवती भया उप्रान्त दसमास पूर्ण भै

**राधा शुक्ल पंचमी ब्राह्मी वृद्धि रवौ दिवा नाभिकुण्ड-द्वारा जन्म संसारे प्रष्यातं जन्म त्रीभागीकृत्य द्वीभाग लोपः शिरोभागस्य विक्रमबालको जातः ।**

अघि पूर्वकालमा ऋषीश्वरले एक पुत्र मारी त्रीभाग गऱ्याका हुनाले पृथ्वीमण्डल विषे तीन् स्वरूप भै जन्म्याका हुन् । इ विक्रमकन अयोनि भन्दछन् ।

भूगोल नाम ग्रन्थको किंचित् संछेप कलीयुग प्रमाण ४३२००० चार लाष वत्तीस हज्जार । आयु १२० मानस ताल ७ सात हस्तेन ३॥ हात प्रसूति २१ वार पर्यन्त पनि कसै कसैको हुन जाला देवि विंधवासिनी धर्म्म ४ भोग पाप १६ भाग प्रष्यात राजा २५ हुन्याछन् । अघि पछीका भेद छैन । विक्रमादित्य १ सालिवाहन १ संकर कुमार १ अन्यूषु १ प्रहस्त १ हरि १ ब्रह्मादि १ सुरेन्द्र १ वछ १ हरीषु १ भीम १ विक्रिषु १ महीन्द्रपाणि १ पिनाकपाणि १ शूलपाणि १ विक्रमपाल १ मुन्ज १ भोज १ नागपाणि १ सुक्कु १ जगदेव १ रूप १ मेर १ सिवर १ सगर १ एति राजा कलियुगमा जम्वूद्विप मध्ये चक्रवर्ति हुन्याहुन् । एसैमध्ये दरियाको विक्रमादित्य जो छन् सो जन्म्याप्रान्त शशिवत् प्रतिदिन सरीर वृद्धि भै आया । नामकर्णादि चूडाकर्म गऱ्याप्रान्त विक्रम भनि नाम प्रष्यात हुनगयो । क्षत्रिय यथा भाव कर्म पूर्णतया प्रान्त १२ वर्षपछी नेपाल भूमिका श्री जोतीस्वरूप पशुपतिनाथका दर्शन र श्री उग्रतारा योगेश्वरबाट स्वप्न प्रसन्न भै नेपालमा आफुसमेत चार जना भै आई विशालनगरका राजा धर्मागत देवका सेवा गरी रह्या । केही दिनपछि राजाले वहुतै पियारो गरी राख्दा समय एक दिन धर्मागतदेव राजाले श्रीवज्रयोगिनीका स्थानबाट द्रव्य पाई नित्य ब्राह्मणहरू-कन दान दियाको देषि यही स्थानबाट पाइ दियाका रह्याछन् । अघि उज्जेनमा म रहंदा स्वप्न दी वोलाउन्या इश्वरी इनै हुन् भनि जानि एक दिन ती विक्रमले राजाभन्दा अघि रातका पैला प्रहरमा जाइ स्थानमा प्राप्त हुंदा तहां कराई चूल्हामाथि बसालि तैल पाक गरी राष्याको देष्या । इ धर्मागत देव राजाले अर्धरात्रिमा कसैले थाहा नपाई न्याय गरी जाई इश्वरको दर्शन गरी कराहीमा कुदि पाक भै इश्वरी प्रभृति योगिनी गणहरूकन भोजन गराई फेरी जिव दान पाई आउंदा रह्याछन् । यस्ता उग्र तप इ राजाले गऱ्याको कसैलाई थाहा थियन । विक्रमले षवर पाई तेस थानमा प्राप्त भै ईश्वरीकन दर्शन गरी भक्ति भावले युक्त भै अनेक मसलाहरू सुगन्धादिले अंगलेपन गरी इश्वरी स्मरण गरी तैल पाक भांडमा कुदि पाक भैगया । उसै वषत इश्वरी योगिनी गणले सहित भै तहां प्राप्त हुदा आज त इ राजा हाम्रा प्रथम प्रहरका क्रिडामा आई पाक भयेछ भनि मांस भोग गऱ्या ।

**श्लोकः—**

**मां गत्वे जननाद्देवि संविदानं ददातन**
**सर्वदेवप्रियत्वाच्च मांसमित्यभिधीयते ।**

मङ्गल गणले युक्त भै आनन्ददान पाइन्या देवताका-प्रीय भयाका हुनाले भोग गरी अतिस्वादीष्ट हुंदा कृतार्थ पूनर्वार जीव सन्देह गरी इश्वरबाट नित्य आउन्या त तिमि होइनौ भनि आज्ञा गर्दा म धर्मागतदेव राजाका सेवक हुं । मेरा नाम विक्रम हो भनि विन्ति गरी स्तुति गर्दा इश्वरी प्रसन्न भै वरदान दी आज मेरा पिठगणका योगिनी सव सन्तोष भया । अव मनोवान्छीत पर्समणिसमेत सोंपि धर्म अर्थ काम मोक्ष चार पदार्थ पाउन्याछौ । अव उप्रान्त तिमिहरू आउनु पर्दैन । कृतार्थ भयौं । एही धनका प्रभावले सुख भोग गर भनि तेवर आयू वल पनि वक्सी अन्तमा उद्धार होला । कलिमा एस्ता तरहको कर्म दुर्लभ हो भनि कराही घोपटचाउन लाई अन्तर्ध्यान भै गइन् र ताहापछि विक्रम वहुतै क्रितार्थ भै इश्वरिका नाम स्मरण गरी फर्कि देशमा आया । आफना साथका वुद्धिसेन नाम माननाथ सर्मण वैकुण्ठ नाम सेवककन इश्वरीबाट भयाको

अनुग्रह वाणि आदि सब विस्तार कहि सुनाया । वहुत षुसी भया ।

आहांपछि धर्मागत देव राजा अर्धरात्रिमा पुगी इश्वरीको दर्शन गरी पाकपात्र घोप्टचायाको देषि आश्चर्य मानि इश्वरी पुकाऱ्या । इश्वरीबाट चाहींदो विधान पूर्ण भयो हामि कृतार्थ भयौं । तेरा सेवकका हात पर्समनि सौंपिदियाको छ । सोही द्रव्यका प्रभावले सुखभोग गर । अन्तमा उद्धार हुन्याछौ भनि वाणि सुन्दा अभिप्राय थाहा पाई क्या गरौं मेरा प्रालब्धमा मैले सिद्धि पाउनु रहेनछ भनि सन्तोष मानि विशालनगर फर्कि आया । पछि विक्रम जाई सव वृतान्त राजासंग विंति गऱ्या । राजाले तिमि धन्य रह्याछौ मईले यतिदिनसम्म सेवा गर्दा पनि सिद्ध पाउन सकिन । तिमि येकै वारमात्र जानाले पनि इश्वरबाट सिद्धिवर पायौ तम्रा पुरुषार्थ देषि म वहुतै षुसि भयां भनि अव राजप्रतिपालीत पुत्र विक्रमादित्यकन राज्याभिषेक दिया । अस्य नेपाल भोग वर्ष १२। अरु ज्यादा भोग दक्षिणमा गऱ्या, चक्रवर्ति पनि भया । आफु राज्यभोग सव त्यागी इश्वरिका स्थानमा जाई तपस्या गर्न गया । देवीका अनुग्रहले राजा धर्मागत देव उद्धार भैगया ।

अहाउप्रान्त ति विक्रमसेनले कलीमा दुर्लभ भयाका वर प्रसाद पाई उज्जेनदेषि साथ लायाका तिन जनाकन साथमा ली केही वर्षसम्म राज्य भोग गरी रहंदा समय नि इश्वरीको सेवा गरि रह्याका थिया । आफ्ना दर्वार निकट पश्चीम भागमा धर्मागतदेव नाम राजाका नामले एक सिलामा चतुर्मुष नारायणकन स्थापना गरी तिर्थ सहीत गुप्मधारा गरी वसाई नारायणधारा भनि प्रष्यात गऱ्या । इन दिनदेषि यो धाराबाट यक कुन्द पुष्प दुर्वासंयुक्त वर्षप्रति वगी आउन्या प्रभाव चलिगयो । तेस दुर्वा कुन्द पुष्प जसले पाउंछ उस मानिस निहाल भै जान्छन् । फेरी विशालनगरका मध्यस्थानमा आफ्ना कुलदेवता भवानिकन विधि पूर्वक अघिका स्थान पाई जगाई रहस्य भावले अर्चन गराया । ठुलो लिंगाकार देवालय वनाई दिया । मन्त्रिले सहीत भै सेवा गऱ्या । फेरी आफ्ना दर्वारका दक्षिणतीर श्रीमण्डप भनि दक्षिणतिर अतिसुन्दर गरी वनाया । पृथ्वीमा स्थान स्थानमा धेरै धन गाडिदिया । फेरी जोतिपूर्ण भनि नगर वनाई दिया । उसका दक्षिण भागमा महादुर्गावनमा नीलवाराहीकन प्रकाश गरीदिया ।

उप्रान्त दक्षिण दिशाबाट महेश्वर ठाकुर नाम षट् शास्त्रमा पार गऱ्याका ब्राह्मण विक्रमादित्य सेनका पराक्रम पुण्यप्रताप सुनि नेपालभूमिमा आया । राजाबाट उनको परीक्षा गरी गुरु पनि गरी राजाबाट र मन्त्रि बुद्धिलेनले विधि पुऱ्याइ मन्त्र सुनि दिक्षा ग्रहण गऱ्या । ताहा पछि महेश्वर ठाकुरका सम्मतले चैत्रावलि नवरात्र स्वल्प गरी सरद् ऋतुका नवरातृ प्रतिपदादेषी सप्तमीपर्यंन्त चण्डिका प्रमाण प्रथम नेपालमा राजा प्रजा सवले सव मान्नु भन्न्या रित् चलाया । यो दसमि कर्मसम्म राज्य गऱ्यापछि हस्तिनापुरमा पनि चलायिदिया । अघि सरद ऋतुको नवरात्रि कर्म दुनिआलाई चल्याको थियेन । इनै राजाका पुण्यप्रतापले हिन्दुहरूमा चलाइदिया ।

यहां उप्रान्त मानदेवले नेपालमा बौद्धमार्गीहरूलाइ श्रावण शुक्ल प्रतिपदादेषि मैनाभर बौद्धारम्भ बौद्धायात्रा गराया । फेरी उपास कर्म कृष्णपक्ष त्रयोदसिमा अन्नदान वृद्दिदान रित चलाया । गणेश चन्द्रपूजा व्रतकलंक निवारण ऐश्वर्यदायक व्रत गराया । अष्टमीका दिन महालक्ष्मी व्रत शास्त्रोक्त प्रमाण गरी मनाया । नवरात्रि व्रतारंभ दुर्वाष्टमी देवि आवाहन प्रेतपीडा मुक्त गर्न निमित्त शक्रस्थापन कर्म फेरी फेरी पितृपछे षोडश श्राद्ध प्रजालाई गराया । आश्विन कृष्ण अमावास्याका दिन श्री लक्ष्मीपूजा प्रतिपदाका दिन स्वशरीर पूजा द्वितीया भातृपूजा तृतीयाका दिन विसर्जन आदि धर्म व्रत प्रेत पिडानिवारणादि हीन्दू धर्महरू गुरु महेश्वर ठाकुर वुद्धिसेन मन्त्रीका सम्मतले नेपालमा श्री महाराजा वीर विक्रमादित्यबाट चलाइदिया । मन्त्रि वुद्धिसेनले पनि इश्वरीका पद ज्ञान जानी गुह्यगोविन्द नाम गरी उत्तमगीत वनाया ।

**श्लोकः—**

**वीर विक्रमस्य मन्त्रि वुद्धिसेनेन सत्कृतम् ।**
**गह्वरं गुह्यगोविन्दं सेवितं फलदं भवेत् ॥**

गीतका प्रथम को र अंतको श्लोकः—

**निजतुरीयामृत रस सुन्दरी कुरु गुरु परब्रह्मणि हे ।**
**चरित्र विचित्र वहुनामं श्री जगदम्व भजे ॥**
**सर्वेश्वरी सर्व श्री वुद्धिसेन सेवित सहा दिव्य गुह्ये ।**
**गोविन्दं हे पूर्णा श्रीपद यंकुलंगितम् ॥**

आदि संस्कृतवंध गरी वनाया: ।

इनै विक्रमादित्य राजामाथि श्री उग्रतारा देवि सुप्रसन्न भै मलाई गुप्त गरीकन नराष मेरा एक नाटक प्रकाश

गर भनि अनुग्रह वाणि धाउंदा विक्रमादित्यले विन्ति गऱ्या हे इश्वरी मैले कौन विधानले गर्न्या हो भनि विन्ति गरी इश्वरीबाट यस नाटकको पद्धति हेरि सिद्धिपुराण भनि प्रष्यात छ । ऐश्वर्य आयुर्दाकारि यस विधान तेरा गुरु महेश्वर ठाकुर मन्त्री वृद्धिसेनका सम्मतले लंका विधानका श्रेष्ट वाणेश्वरका पूर्व स्थापित गरी यो नाटक वनाउ भनि आज्ञा पाइ हरिसिद्धिपुराण प्रमाण गुरु मन्त्रीका सम्मतले त्रिशक्ति देवि मूल देवता गरी निलसरस्वती आदि देव देवी र सुत्रवीरले नागेन्द्रलाई वध गऱ्याको प्रमाण सव संयुक्त गरि इश्वरीका आज्ञाले नेपालबाट कालि षड्ग हातमा धारि आफ्ना जन्मभूमि उर्जनिपिठका हरिसिद्धि भवानि आवाहन गरि ल्याइने नेपालका स्थान स्थानका देवताहरू आवाहन विधानले सुत्र प्रवेश नित्य नित्य नट नाटक जल सोधन गीत वाद्य सहित गरि प्रमाणले देवता-हरूका मुष प्रकाष गरि नेपालमा स्थिति गरि नृत्य लिला वनाया । **"हरिसिद्धिसमो नाट्यो नास्ति ब्रह्माण्डमण्डले"** भनि लोकमा नाटक प्रष्यात गराया । इति कारणात् नेपालमा यहि हरिसिद्धिनाटक आदि प्रष्यात भयाप्रान्त अरु नाच प्रष्यात भयाका हुन् । यहि केवल श्री वज्रयोगि-नीका अनुग्रहले वरप्रसाद पाइ नेपालमा आफ्ना यस नाम प्रष्यात गरि द्वादश वर्ष नेपालको भोग गरि हिन्दुस्थानमा साम्राज्य चक्रवर्ति हुनु पर्न्या राजा हुनाले कलिगत २९६० उनन्तीस सय साठि वर्ष उप्रान्त अघि आफुकन नेपालको राज्याभिशेष दिन्या राजाका घरानका विश्वदेव नामा वान्तीदेव नामका क्षत्रीयकन नेपालको राज्याभिशेष दी गुरु महेश्वर ठाकुर मन्त्री वृद्धिसेनकन साथ लि इश्वरीबाट पायाको स्पर्शमणि लि नेपालका देवताहरूको दर्शन स्पर्शन-गरि प्रस्थान गरी आफ्ना जन्तभूमि उज्जेन विषे जांदा भया । वाहां भर्तृहरि नाम विक्रमको दाज्यू पर्न्या राजा थिया । जसले भर्तृहरिशतक नाम शतक वनाई ग्रन्थ वनाइ वैराग्य भै स्वराज्य त्यागि देशान्तर गमन गरि तपचर्या गर्न गया र उनैका राज स्थान उज्जैनका राज्या-भिशेष विर विक्रमादित्यले पाया ।

ताहांपछि केहि वर्ष उद्योग गरी धेरै मुलुक आफ्ना बसमा लि महाराज्य गऱ्या । वृद्धिसेन नाम मन्त्रीका सम्मतले उद्योग गरि हस्तिनापुर दिल्लि तषतका महाराजा यकादन्तकन युद्ध गरी विक्रमादित्य दिल्लि तषतका महाराजा भया । आहाउप्रान्त गुरु महेश्वर ठाकुर सर्मणका सम्मतले हस्तिनापूर उज्जैन आदि नगर देश पूर हिन्दुस्थान विषे न्दकालि महाअष्टमी कर्मचण्डि प्रमाण प्रतिपदादेषि विजया दसमिपर्यन्त राजा प्रजा सबले मनाया । अरु धेरै ठुलठुला किर्ति पनि गऱ्या । उज्जैनसंघी देवदत्त नाम सिंहासन देवतादेषि नपाइ स्थापना गऱ्या । उसै स्थानमा वसि धरै नीतिशास्त्रका प्रवन्धले निसाफ गरि सांचो र झुठो दुइ थोक मिश्रित भयाकोमा विवेकले सत्यको सत्य झुठको झूठ ठहराइ नीती चलाउंथ्या ।

**श्लोकः—**

**धनन्तरिक्षपाणकामरसिंहशंकुवेतालभट्टघटकर्परकालि-दासाः ।**
**ख्यातो वराहमिहिरो नृपतेःसभायां रत्नानि वै वररुचिर्नव विक्रमस्य ॥**

यति महा नवरत्न पण्डितहरूकन सभाविषे राषि शास्त्रानुसार नीति चलाई रह्याका थिया । ति नवरत्न पण्डितहरूमध्ये जनहि श्लोक वनाई विक्रमसेनकन चढाई षुसि गराउदाको श्लोकहरूका अर्थः—अथ नवरत्न मित्रकन सुद्ध चित्तले १ शत्रुकन नीतिका वलले २ लोभीकन धनले ३ इश्वरकन पूजाले ४ ब्राह्मणकन आदरले ५ युवतीकन प्रीतीले ६ वान्धवहरूकन वरावर देषनाले ७ उद्धतहरूकन स्तुतिले ८ गुरुकन नमस्कारले ९ मुर्खकन कथाले १० जान्याकन विद्याले ११ रसिककन रसले १२ सवै मानिसकन वढिया स्वभावले वस गर्नु ।१।। माग्न्या मानीस हलुको छ १ ठाडो मानिस षसुछ २ कामातुर मानिसलाई अपवाद लाग्छ ३ ... किर्ति हुंदैन ४ दुर्ज्जनले दुःख पाउंछ ५ दुष्ट ...कलाई द्वेष गर्दा प्रीति मान्छ ६ धन नहुन्या लोलाउंदछ ७ चित्त ठेगानमा नरहन्या मानिसले ज्यूको चयन पाउंदैन ८ सोक गर्न्या मानिसले संषाकन पाउंछ ९ ननिको वोलन्या मानिस कसैको पियारो हुंदैन १० जुवान्या मानिसले वारंवार कष्ट पाउंछ १२-२।। राजाहरूका गहना नीति हो १ गुणिकहरूका गहना नरम हुनु हो २ स्त्रीजनहरूको गहना लज्जा हो ३ स्त्रीपुरुषका गहना धैर्य हो ४ घरको गहना वालक हो ५ बुद्धिको गहना प्रस्ताव-माफिक वोलनु हो ६ वचनको गहना साफ वोलनु हो ७ शरीरको गहना सुन्दर हुनु हो ८ निको मन हुन्या मानिसको गहना समझनु हो ९ व्राह्मणको गहना शान्त भै रहनु हो १० संसारीको गहना दौलत हो ११ सज्जन गृहस्थहरूको गहना नहड्वड्वाइ चित्त स्वस्थ भै रहनु हो १२—३।। जान्या मानिसले धर्मकर्म पैले चिताउनु १ सधैं मनले विचार गरि काम गर्न्या मन्त्रीलाई सधैं मन्त्रिले गर्न्या कामको बिचार गर्दैरहनु २ राज्यको समाचारकन वुझदैरहनु ३

अरु राजाहरूका राज्यकन मडाट्न्या चेवा फिजि राम्रो गरि हेर्नु ४ प्रीति र रिसकन सधैं गुप्त गरि राषनु ५ दया र रिसकन वेला वेलामा वुझी प्रकाश गर्नु ३ आपना राज्यूकन ठूडो यत्नले रक्षा गर्नु ७ रणभूमीमा आपना ज्यूको माया नराषन् ८–४।। कृपण हुनाले यसको नास हुन्छ १ रिसले गुणको नास हुन्छ २ अहंकारले सत्यको नास हुन्छ ३ भीकले दुर्मतको नास हुन्छ ४ कुव्यसनले धनको नास हुन्छ ५ विपत्तिले धैर्यको नास हुन्छ ६ चिल भ्रमणले ब्राह्मणको नाश हुन्छ ७ चुकलीले कुलको नाश हुन्छ ८ सेषिले सामर्थको नाश हुन्छ ९ ननिको चेष्टाले पौरषको नाश हुन्छ १० दारिद्यले आदरको नाश हुन्छ ११ ममताले आत्मज्ञानको नाश हुन्छ १२–५।। क्षमा नभयाका मुर्ष तपस्वी १ अल्सी भयाका राजा २ रीस भयाका धर्मात्मा ३ दुष्ट भै अरुदेषिन् मान लिन षोजन्या गृहस्थि ४ अतिकृपण भयाको साहेव ५ शास्त्र जानी धर्म नगर्न्या मानिस ६ हुकुम नचल्न्या राजा ७ सुद्ध भैकन पनि सधैं अर्काको अन्न षान्या ८ वृद्ध भै रोगि भै दरिद्र भै तरुणीका स्वामी भयाको मानिस ९ निन्दा गर्न योग्यका इ नौ जना मानिसहरू धिक्कार हुन् १०–६।। स्त्रीजन-हरुका वल जौवन हो १ भिक्षुकहरूका वल वारंवार माग्न जान्नु हो २ राजाहरूको वल प्रताप हो ३ सुजनको वल सत्य वोल्नु हो ४ थोरै धन हुन्याको वल सोच्नु हो ५ ननिको काम गर्न्याको वल नभयाको कुरा वनाइ धेरै वोल्नु हो ६ आचार गर्न्या मानिसको वल मनस्थिर राषनु हो ७ नर्म हुन्याको वल विद्या हो ८ कुलको वल सवै जहान मिलि रहनु हो ९ सेवाको वल धन पाउनु हो १० क्षमा गर्न्याको वल विवेक गर्दै रहनु हो ११ वडाको वल धेरै गुण जान्नु हो १२–७।। कचहरिमा पक्षपात वोलन जान्या मानिस १ अर्काका वसमा रहि गुमान गर्न्या २ दरिद्र भयाका गृहस्थ ३ लालीवर भै कुलच्ची हिडन्या ४ अर्काका वसमा रही सुषी हुन षोजन्या ५ वृद्ध भै तीर्थमा जाई नवस्न्या ६ चटिया मन्त्रीलाई पियारो गर्न्या ७ वडा कुलमा जन्मी मुर्ष हुन्या मानिस ८ स्त्रीका वसमा रहन्या पुरुष ९. वेदान्त शास्त्र जानी असत्कर्म गर्न्या १० इ दस-जना वाहेक हास्य गर्न लायकका पृथ्वीमण्डलमा कोही छैनन् –८।। उषेली ल्यायाका रूषकन फेरि राम्रो गरि रोपन्या १ फुल्याका फुलकन वटुल्न्या २ साना वोटहरूकन वटुलन्या ३ अलगा रुखलाई निहुराइकन कलम् गर्न्या ४ साह्रै नुह्याका रुष लाइ आड दि षडा गर्न्या ५ धेरै वोट एकै ठाउं मिलि रह्याको वोटहरूकन छुट्याइ फरक फरक गरि रोपन्या ५ कांढा भयाका रुष सानातिनाहरुकन वाहिर-तिर निकाल्न्या ७ ओइलियाका वोटहरुकन पानिले सेचि संभार गरि राषन्या ८ एति आठ तरहसंग वगैंचाको काम गर्न्या मालिझैं मुलुकको वन्दोवस्त गरि गुलजार गर्न जान्या राजा चिरंजीवि हुन् ९।।

एस्ता प्रकारसंग चक्रवर्ति राजा विर विक्रमादित्य सेनबाट परिक्षा गरि नीति चलाउन निमित्ति सभाविषे राष्याका पण्डितहरूबाट वनायाका संपूर्ण नीति धर्मका सार वचन प्रमाण हुन् ।

एक दिन महाराजाधिराज विक्रमादित्य सेनले आपना कचहरिमा जान्या पण्डितहरूसंग पांच श्लोक प्रश्न गर्दा भया । पण्डितहरूले पाचैवटा श्लोक वनाई अर्थ गरि पांचै प्रश्नको उत्तर विन्ति गर्दा भया । तेस समयेदेषिन् पञ्चरत्न भनि नाम प्रष्यात भयाका इ पाच श्लोककन अर्थ वुझी पढ्नाले मानिसहरू ज्ञानि हुन्छन् । चन्द्रमाले अन्धकारलाई नास्या झैं ज्ञान नभयाका मानिसलाई पञ्चरत्नले ज्ञानी तुल्याउंछ । अथ पञ्चरत्न–दाता १ क्रोध २ लोभ ३ कसुर ४ क्षांति ५ इ भन्याका पांच श्लोक अति अन्धकारमा चन्द्रमा प्रकाश भयाझैं यी पञ्चरत्न शोभायमान हुन् । उत्तर–दाता कल्पवृक्ष भन्दा ठुला हुन् १ मागन्या मानिस तृणभन्दा पनि हलुका हुन् २ कुटुम्वहरू वल्दो अग्नीभन्दा पनी दहन गर्न्या हुन्छन् ३ दुष्टसन्वाहरू असल औषधी भन्दा पनि ज्यादा हो ४ तेजीला आंषा भयाकालाई कपूर लायाका सलाइको काम छैन ५ संसारमा इन्द्रजाल भन्दा ज्यादा ठुलो जाल स्त्रिहरू हुन् ६–१।। दौलत पाउन्या मानिस् अहंकार गर्दछन् १ संसारमा रही स्त्रि आदि विषय सेवन गर्न्याको आपत् अवस्य आउंछ २ पृथ्वीमा स्त्रीहरूले सवै पुरुषको मन हर्दछन् ३ राजाको संधै पियारो कोहि हुदैनन् ४ यमराजका हातमा नपर्न्याका जगत्मा प्राणि कोहि छैनन् ५ तालिवर मानिसलाई सवै जना मान्दछन् ६ दुर्जनहरूका जालका वसमा पर्न्याका मानिसहरू अैव नलागी सहजसित उम्कन पउंदैनन् ७–२।। गुणको नाश गर्न्या लोभ हो १ पापपापमा घटिया कपट हो २ तप तपमा उत्तम सत्य हो ३ शुद्ध चित्त भयाका मानिस-हरूले तीर्थ जानु पर्दैन ४ गुण गुणमा ठुलो सौजन्य हो ५ सवै गहनाभन्दा ठुलो वृद्धि हो ६ सवै धनभन्दा ठुलो धन विद्या हो ७ जिन्दगीको षराव गर्न्या संसारमा अव-जस हो ८–३।। सबै सूरोभन्दा ठुलो इन्द्रिय जितन सकन्या सुरो हो १ प्रतिव्रता धर्ममा रह्याकी स्त्री उत्तम हो २ असल धन विद्या हो ३ आफ्नो स्थानमा वास गरि रहनु सुष हो ४ प्रजाहरू स्थितिमा रहन्ज्याल राज्यलाई आराम

छ ५ औसर चुकाउनु हानि हो ६ वुद्धिमानको काम संधै सत्यमा रहनु ठुलो हो ७ सज्जनसित वस्नु लाभ हो ८ मुर्खहरू संगको सोहवत् वडो कष्ट हो ९–४।। ठुलो कवच क्षमा हो १ शरीरधारीको ठुलो शत्रु रिस हो २ मानिसहरूको शत्रु वल्दो आगो हो ३ चुक्लिषोर कालकूट विष हो ४ सर्प्पहरूभन्दा घटिया दुर्जनहरू हुन् ५ उत्तम धन विद्या हो ६ गहना भन्याको लज्जा हो ७ कवीता वनाइ षुस गर्न सकन्याले राज्यकन वसमा लिन्छ ८ ५।।

यस्ता प्रकारसंग पांचवटा प्रश्नका नवरत्न पण्डितहरू देषिन् उत्तर सुनी परिक्षा गरि नीति प्रमाण चलाउन निमित्त महाराजा वीर विक्रम सेनले आफ्ना सभा विषे मुष्य गरि राष्दाभया । वीर विक्रमादित्य नाम गन्याका महाराज सकलनीतिशास्त्रकन जान्या वडा तेजस्वि भयाका तनका सभा विषे वडा जान्या पण्डितहरू नौ जना संधैं रहंथ्या । तिनिहरू नवरत्न भनि कहलाउंथ्या ।

एक दीन अकस्मात् देवराजबाट आफुसंगका दुइ चाकरहरूलाई वानर वानरिको रूप गराई तिनीहरूको विद्या वल कहांसम्मको रहेछ भनि विचार गर्न निमित्त पठाया । तिनीहरूले विक्रमादित्य राजाका कचरीमा आई देवराजले हुकुम गरि पठाया वमोजीम् प्रश्न गरी पण्डितहरू देषिन् उत्तर ली वानर वानरी रूप छाडि आफ्ना अघिको रूप ली दर्शन दी ति पण्डितहरूकन वर्णन गरी फर्कि जांदाको विवेकसार वानरीले प्रश्न गऱ्याका आठ श्लोकको नामः– माधुर्यं १ शास्त्रं २ आरोग्यं ३ दानं ४ मुर्खोद्विजाति ५ वैद्य ६ सुजिर्ण ७ वृक्षं ८ एति आठ प्रश्नका जवावकन वानर ज्येष्टक भन्दछन् । पण्डितहरूले उत्तर दियाका आठ श्लोकः– सुन्दरी तरुणी स्त्री विषे मधुर कुरो वोलनु १ वडा आदमीलाइ आफ्नु पौरुष देषाउनु २ वैरीलाइ सुराई देषाउनु ३ गुरुहरूका सामने नरम भै रहनु ४ साधुसज्जनहरूलाई दया धर्म्म राषनु ५ मर्म जान्या मानिसहरूसंग मिली रहनु ६ पण्डितहरूलाई घेरै तरहको मान मर्य्यादा राषनु ७ पापिजनहरूमाथि सदैं मनमा दगा लिरहनु ८ ई आठ गुण जान्या मानिसहरूले सधैं धारणा गरि राषनु ९–१।। राम्रो गरि पढ्याको शास्त्र इलमकन पनि वारं वारं अभ्यास गर्दै रहनु १ मुलुकको राजाको नविग्रन्या गरि सोझो सेवा गरि षुसि गराइ राष्याका राजादेषिन् पनि सधैं मनमा डर मानिरहनु २ काखमा वस्याकि भए त पनि तरुणी स्त्रीको चरित्र सधैं याद गरि सम्भार गर्दै रहनु ३ शास्त्र राजा युवती स्त्री ई तीनै पदार्थ कसैका वसमा रहंदैनन् । ४–२।। सदैं आराम रहनु १ रिन नहुनु २ परदेशको वास नहुनु ३ जिवन वृत्ति सधैं पाइरहनु ४ डर नभयाको ठाउंको वास पाइरहनु ५ सज्जनहरूसंग वसनु ६ ई छ थोक संसारमा सुष कहियाको छ ६–३।। दरिद्रलाइ दान दिनु १ धन पाइकन पनि सान्त भै रहनु २ जवान भैकन पनि तपस्वी भै रहनु ३ ज्ञान हुन्याहरूले मौन भै रहनु ४ षुसि मानिस भैकन पनि सुषको इक्षा नगर्नु ५ प्राणिहरूमाथि दया राषनु ६ ई छ थोक पदार्थले मानिसलाई स्वर्ग पुऱ्याउंछन् ४।। मुर्ष भयाका ब्राह्मण १ साह्रै वुढा भै घरैमा रहन्या गृहस्थ १ घर वारि भयाका दरिद्र ३ तारिवर भै फक्किरहरूलाई फिराउन्या ४ नराम्री वेश्या ५ नीति नगर्न्या राजा ६ ई छ थोक संसारमा निन्दा गर्न लायकका हुन् ५।। मद्यपानमा रत भयाका वैद्य १ आफ्ना शास्त्र नपढि ताल सुर र नाचन जान्या नटुवा २ वेद शास्त्र नपढ्याको ब्राह्मण ३ लडाजिमा कातर हुन्या सिपाही ४ चाल नजांन्या, वेग सित दगुर्न नसकन्या घोडा ५ मुर्ष भयाका सन्यासि ६ कुमन्त्रीहरूले घेरियाका राजा ७ घेरै उपद्रव भयाका मुलुक ८ यौवनले मात्तियाकि अर्कासित रत भयाकी स्त्री ९ इ नौ पदार्थकन जान्याहरूले चांडै छाडछन् ६।। राम्रो गरि पाक्याको अन्न १ राम्रो गरि विचार गरि काम गर्न जान्या पुत्र २ राम्रो गरि आफ्नु तावेमा राष्याकी स्त्री ३ सुपाठसित सेवा गरियाका राजा ४ राम्रो गरि विचार गरि उत्तर दियाको कुरो ५ राम्रो गरि तजवीज गऱ्याको काम ६ ई छ पदार्थ घेरैदिनसम्म पनि विग्रन पाउंदैनन् ७।। फल नभयाका वृक्षकन पन्छीले छाड्दछन् १ पानि नभयाका पोषरीकन साह्रसहरूले छाड्दछन २ रस नभयाको वासि फूल भवराहरूले छाड्दछन् ३ डढ्याका वनकन मृगहरूले छाड्दछन् ४ धन नभयाको पुरुषकन वेश्याहरूले छाड्दछन् ५ राज्यश्री नभयाको राजाकन मन्त्रीले छाड्छन् ६ सवैथोककन प्राणीले काम कामका वलले भज्दछन् ७ कसैको कोई पियारो होइन तसर्थ सवै प्राणिको पियारो कामै हो ८।।

अब वानरले प्रश्न गऱ्याको आठ थोकको नाम द्वेषी १ दक्ष २ क्रतौ ३ रूप ४ स्तब्ध ५ शुष्केन्धने ६ जव ७ दुर्मन्त्रिण ८ इ आठ प्रश्नकन वानराष्टक भन्दछन् । पण्डितहरूले उत्तर दियाको आठ श्लोकका अर्थ–अर्काको द्वेष गर्न्या १ घिन मान्या २ सन्तोष हुन्या ३ रिस गर्न्या ४ सधैं संका मान्या ५ अर्काका भाग्यका भरोसाले जिउन्या ६ इ

छ जना मानिस् सदै दुःख भोग गर्न्या हुन् १।। उद्योग गरि सव काम गर्न्या जान्न्या धनकन बढाउंदछ १ कुपथ कुरो छाडि सुपथ कुरो षान्न्या रोगि नभै सुषि हुन्छन् २ उद्योग गरि पढन्या मानिस विद्या जान्न्या हुन्छन् ३ आचारमा रही धर्मको निमित्त काम गर्न्यां मानिस धेरै जसकन पाउंछन् ४–२।। जग्य जागादि धर्म गर्दामा १ विवाह गर्दामा २ दुख पर्दामा ३ शत्रुलाई जितदामा ४ जस हुन्या काममा ५ मित्रहरूसंग प्रिति राख्दामा ६ प्रियारि स्त्रीलाई गहनादिमा ७ दाज्यूभाइहरूकन दिनामा ८ इ आठ थोक काममा षर्च भयाको दौलत वेकाममा गयाको होइन ३।। वृद्धावस्थाले रूपकन नास गर्दछ १ षटिया स्त्रीले सवै सुषकन नाश गर्दछे २ दुर्जनका सेवाले आफ्ना वडाइको नाश हुन्छ ३ मागनाले मानको नास हुन्छ ४ आफनु सह्लानी गर्नाले गुणको नाश गर्दछ ५ चिन्ताले वलकन नाश गर्दछ ६ दया नराषनाले कर्मरुपी धनको नाश हुन्छ ७–४।। अकल नभै ठाडो रहन्या मानिसको जस नासिन्छ १ वरोवर प्रीती नराषनाले दोस्ति नासिन्छ २ आचार नगर्न्याको कुल नासिन्छ ३ लोभि भै धन वटोर्न्याको धर्म नासिन्छ ४ मुर्ष ननिको व्यसन गर्न्या कृपणको सौष नासिछ ५ वेअकली मन्त्री तुल्याउन्या राजाको राज्य नासिन्छ ५–५।। सुक्याको दाउरामा सहज आगो वल्दछ १ संग्राममा सोक बढ्दछ २ स्त्रिहरूमा काम वढ्दछ ३ जान्न्या मानिसमा ज्ञान वढ्दछ ४ वढिया पुरुषमा धर्म दया धैर्य वढ्दछ ५–६।। घोडाको गहना वेग हो १ मित्रका गहना लज्जा हो २ तपस्विका गहना दुव्लाउनु हो ३ व्राह्मणको गहना विद्या हो ४ रिषिका गहना क्षमा हो ५ हतियारका वलले जिउन्याहरुका गहना पराक्रम हो ६–७।। नीतिका दोषहरू दुर्मत्री भयाकालाई लाग्छ १ कुपथ खान्या प्राणिकन रोगहरूले पिडा गर्दछ २ स्त्रिले सवकन मोह गर्दछे ३ कालले सव प्राणिकन संहार गर्दछ ४ स्त्रीहरूले गर्न्याका हावभाव आदि चेष्टाले सवैलाई परिताप गर्दछ ५–८।।

विर विक्रमसेन महाराजबाट कलिमा ठूलो नीतिधर्मको प्रभृति चलाउंदा देवताहरूबाट पनि हद्द मानि आफ्ना सेवकहरुकन वानरीरुप गराई परिक्षा गर्न पठाउँदा भया र प्रश्न गर्न्याको जवाव पाउंदा कृतार्थ भै वानर वानरीबाट स्वरूप दर्शन दि स्वस्थानविषे जांदाभया । फेरि इन राजाले धेरै चरित्र विचार गर्दाको एक कथाको संक्षेप कहिन्छ ।

उज्जैनि नगरका राजा विक्रमादित्य र तिनका मन्त्रि वुद्धिसेन एक कोहि दीन सिकारमा जांदामा दूर्गा वनमा पुग्या । सैन्य एकातर्फ पर्‍या । राजा मन्त्रीमात्रै एकातर्फ परि कोहि एक वृक्षमनि विश्राम गर्दा एक दिनका रात् राजा सयन गरि निद्रामा थिया । मन्त्री र जाग्रत भै वसिरह्याका थिया । एस्ता अवसरमा राजाका दश इन्द्रिय वोलन लाग्या मुष कान आंषा गोडा हात मनसहित जम्मा भै संवाद गर्‍या । एक जनाले भन्या यो पापिष्ट विक्रम कुन दिन मर्न पाउंला भन्या फेरि मैले अवश्य भोलि वाघको स्वरूप भै ग्रास गरि मारौंला । फेरि एकले भन्या सर्प भै रहुंला । फेरि एकले राक्षस भै रहुंला । अर्काले फेरि हाति भै रहुँला । एस्ता प्रकारले दश इन्द्रियले दशै थोक भन्याका एस वातमा ज्ञानि मन्त्रिले सुनि याद गरि राष्याको थियो । प्रातकाल भयापछि दुवै जना पवनवेगी घोडामा सवार भै राजाका एक कोहि ससुराका घर जान्छु भनि गया । वाटामा मन्त्रिले युक्ती गरि ति दश इन्द्रियका भय दिन्या भेस लि रहन्या स्थान ठाउं ठाउं छलि लग्या ।

एस्ता प्रकारसंग नव इन्द्रीयका रूपकन छलि सक्या पछि दशम इन्द्रिय स्वरूप सरोवरमा पुग्या । एस वेलामा राजाकन तृषा भै मन्त्रीसंग आज्ञा गर्‍या– हे मन्त्री, यो सरोवरको पानि ल्याइ पिउन देउ भन्दा मन्त्रिले जल ल्याएनन् । हे ! महाराज यो सरोवरका जल पिउनु छैन । एसमा ग्राहले झिक्दछ भनि राजालाई तर्साया र राजाले मन्त्रीकन निन्दा गर्‍या । हे ! मन्त्रि, तिमि मन्त्रिका सोभाव रहेनछौ । एक सरोवर देषिकन पनि डराउन्या वीरको स्वभाव रहेनछ भनि अहंकारले घोडा चढि सरोवरमा पानि पिउन भनि गया । मन्त्रीले नजाउ भनि पुकारि पछि दगुर्‍या । सरोवरका किनारा पुगी पानी पिउंला भनि विचार गरिरहंदा सरोवरबाट कल्लोल शब्द गरि गर्जमान् गर्दा राजातर्फ पानिका तरङ्ग उठि आयो । एस्तो देषि मन्त्रीवचन सत्य गरि भागि गया । एस वषत्मा मन्त्रीले विन्ति गर्‍या भो महाराज, मेरा कुराको प्रतीत नगरि जांदा एस्ता अवस्था हजुरलाई जीव संशय हुन गयो । अव एस सरोवरका पानि पिउनु छैन भनि आफुले शुन्याका दश इन्द्रीय स्वरूप जन्तु भय देषिन् मुक्त गरायाको सव बिस्तार कहि दुवै ससुराका देशविषे गया । उस देशका राजाले जुवाञीकन अति मान्य गरि राजदर्वारभीत्र लैगी मान्य गरि राष्या ।

एस दीनका रात् राजा रानि कोठामा सयन गरि रहंदा वुद्धिसेन मन्त्री राजाका द्वारैमा सयन गरि रह्या ।

रानिले मन्त्रीकन देषि रानिका षर पुरुष थीया र रानिले मन्त्रीदेषि रिसाई खड्ग हातमा ली क्या चरित्र गऱ्या भन्या राजाकन खड्ग प्रहार गरि निर्जिव गरि ढोकामा सुति रह्याका मन्त्रीका हातमा खड्ग राषि आफु रोइरह्यां। मेरा स्वामि यो चन्डाल मन्त्रीले माऱ्यौ भनि हाहाकार गरि रोइरहि। ताहापछि उस देशका राजाले आश्चर्य मानि मन्त्रीकन चन्डालका हातमा सोंपि खड्ग सोध्या। एस वेलामा मन्त्रीले अनर्थ भयो भनि दश दिगपाल साछि राषि आफ्ना स्वेष्टदेवता श्रीजगदंवाकन स्मरण गरि हे परमेश्वरी, आजकालमा नीतिका प्रचण्ड भेट्टाइ मेरा जीव रक्षा गर्न चाहिन्छ भनि वारंवार स्मरण गऱ्या। चण्डालहरूले भन्या मार्नाको तैयारी गऱ्याको थियो। उस्ता वेलामा जगदम्बा प्रसन्न भै आकाश वाणि भै राजाकन आज्ञा गऱ्या—हे राजा तं राजा भै विवेक नगरि एस्ता मन्त्रीका प्राण लिन लागिस् मन्त्रीले माऱ्याको कदाचित् होइन। तेरि छोरिले माऱ्याको हो भन्या वाणि हुंदा उस वाणि सुनि राजाले मन्त्रीको प्राणरक्षा गरि छोरिकन नीति प्रमाण सासना गऱ्या। यहांपछि मन्त्रीले विन्ति गऱ्या—भो ! महाराज इ राजाको शरीर यहां दाह गर्नु हुंदैन वाराणसीक्षेत्रमा लगी दाहा गऽंला भनि धातुका पेटारा वनाइ राजाका शरीर भित्र राषि वोकी लग्या।

एस्ता वषतमा मन्त्रीले विचार गऱ्या वाराणसिक्षेत्र लैंजान्न। मेरी स्त्रीको चरित्र निति विचार गरूं भनि जाइ ससुराका घर पुग्न जाँदा घरका नजीक एक रूषमा पेटारा झुंडाइ ससुराका घरमा गया। उनका स्त्रीले देषि बहुत आदर गरि भोजन गराया। ताहापछि दुवै स्त्रिपुरुष कोठामा सयन गर्न जांदा उस दीनका रात्रि उसै कोठामा श्याल भनि जम्वूक आई विशब्द गरि कराया। त्यो जम्वूक करायाको सुनि मन्त्रीनीले जम्वूक वाक्य वुझि उठ्दा मन्त्री वुद्धिसेनले सोध्या—हे प्रिये तिमि किन उठ्यौ भनि भन्दा मन्त्रीनीले विन्ति गरिन्—भो प्रभू इ जम्वूकले झुंडाइ राष्याका धातुका पेटारामा मृतक छ यो झिकि हामिहरुलाई आहारा देउ भनि करायाको हो। फेरि एस्तो भन्याको छ जून मानिसले जम्वूकको भाषा वुझदछ उसले हामिलाई आहारा नदिया महापातक लागोस भनि जम्वूले भन्यो। अव मैले भाषा वुझ्याप्रान्त यो मृतक ली जम्वूकलाई इछा भोजन गराउन जान्छु भनिन् र मन्त्रीले स्त्रीका आगाडि शोक गरि वोल्या—हे प्रिये, यो मृतक अरु होइन हामिहरूका स्वामि विर विक्रमादित्य राजा हुन्। स्त्रीका कारणमा इनको प्राण हत भयो। अव मैले वाराणसि क्षेत्रमा लैजाइ संस्कार गरूं भनि लिआयां। आहा आउनाले रूषमा झुंडाइ राष्यां। इ राजाकन जम्वूकलाई आहारा नदेउ। इ राजा नभयापछि म अनाथ भै गयाँ भनिकन स्त्रिकन वारंवार सोक गरि भन्दा एस्ता वचन सुनि मन्त्रीनीले विन्ति गरिन् —भो प्रभू तेस्ता तरहसंग यदि मऱ्याका हुन् भन्या इ राजाकन वचाउन निमित्त इश्वरका आराधना गरि हेरुं भन्दा मन्त्रीले आश्चर्य मानि भन्या —हे प्रिये एस्ता उपाय तैंले कसो गरि गर्ऽला भनिस् भन्दा स्त्रीले विन्ति गरिन्—भो प्रभू मैले पूर्वकालमा पिठसेवा गरि हिंड्दा देवीकन प्रसन्न गराई वरदान प्रसन्न भयाको छ। एसै प्रकारले एति अलंकृत गऱ्याको हो भन्दा मन्त्रीले उठि दुवै जना भै चांहिदो सरजाम तैयार गरि गुप्तसंग रात्रिविषे पिठमा गया। मन्त्रीले रूषमा झुंडायाको पेटारा ली गया। मन्त्रीले विधिपूर्वक देवीकन पूजा गरि प्रसन्न गराइ राजाले जीववर प्रसाद लि राजाका सिर जोरि वचाइदिया। देवी अन्तर्ध्यान हुंदीभइन्। इ मन्त्रीनिको कृपाले राजा विर विक्रमादित्य सजीव भै तेजस्वी भै मन्त्रीनीका घरमा गै थोरै दिन वास गरि फेरि राजा ससुराका घरमा गै मान्य ली आफ्ना देश उज्जेनी नगरविषे जांदा भया।

एस्ता एस्ता आपद्‌देषिन् पनि वांचि उग्र र शान्ति चरित्र विचार गरि महासामर्थवान् भै हिन्दुस्तानका वडा वडा महाराजा छतिस् जनाकन आफ्ना अघिपछि राषि युद्ध गरि जिति चक्रवर्ति महाराजा भै रह्याका पछि इश्वरीका पारस्मणिका प्रभावले अरु धनहरूले गरि तमाम् हिन्दुस्तानमा विक्रम नाम संम्वत्सर फिराया। पूर्व पश्चिम उत्तर दक्षिण चारैतर्फ मुलुक वढाइ धेरै जगामा जाइ फिरि चरित्र वुझी हेऱ्या। सक्केश्वर दर्शन पनि गऱ्या। पश्चिमका मुसल्मान वादसाहहरूकन पनि युद्धमा जिति हटाया। नानाप्रकारसंग महाचक्रवर्ति राजा भै आनन्द विहार गरि रह्याका थिया। केहि वर्षपछि क्षांतिसिल नाम कापालीक योगिसंग भेट भयो। पछि उनका सम्मतले दक्षिण मसानमा जाइ वेतालसिद्ध साधी साधनामा वेतालकन पचिसवार ल्याउंदाको कथाको वर्णन सक्याउप्रान्त साधनामा क्षांतिसिलले कपटले गरि राजाकन मार्न तैयार हुंदा राजाले जुक्ति गरि योगिकन मारि आफुले सिद्धि पाया। विर विक्रमादित्य भनि वडो नाम प्रख्यात भै गया।

श्रीवज्रयोगिनीका अनुग्रहले वर आयुर्दा पायाको हुनाले पैह्लें एकवार तैल भाण्डामा पाक भै जिवरहित भै गया। फेरि स्त्रिका द्वारले मरण भयाका पनि वांचि

आया । फेरि बेताल साधदा योगिले मार्न आट्दा योगि-लाइ मारि आफु बाँचि सिद्धि पाया । इन राजाको लागि वर्णन् महिमा कलिमा अति आश्चर्य दुर्लभ छ । एस्ता महाराज एस संसारमा नभूतो नभविष्यति धन्य भन्नु । श्रीमहाराज चक्रवर्ति विर विक्रमादित्य सेन महाराज प्रतापी महाउपकारी महात्यागी महाभोगी धर्मकन जान्या नीति-शास्त्र जान्या नाना कौतुक विहार गर्न्या गीत वाद्यादि जान्या अतिसुन्दर उत्तम मति भयाका सत्यवादि सत्मार्गि महाभक्तिमान युक्ति जान्या नानाप्रकारका रत्न सुवर्ण आदि धन द्रव्यले पूर्ण भयाका शास्त्र जान्या तन्त्र मन्त्र जान्या साधन सिद्धि पायाका क्षमावन्त दयावन्त गुणवान् भाग्य-वान् धैर्यवान् ज्ञानवान पाँचपात्र जान्या लोभ नभयाका महाविवेकि एस्ता अवतारी महापुरुष मध्यें संसारमा दुर्ल्लभ कह्याका छन् ।

**वीतरागमदक्लेशकोपमात्सर्यमोहकः ॥**
**शौर्यादेर्नातिदूरत्वाद्वीर इत्यभिधीयते ॥**

यस्ता इ चक्रवर्ति महाराज विरविक्रमादित्य सेनको अन्त उद्धार भै गया ।

तहाँ उप्रान्त देवतादेखिन् पायाका देवदत्त नाम महा-उत्तम सिंहासन आफ्ना पुत्र विक्रमकेशरी महाराजा भया उप्रान्त तेस सिंहासनमा वस्न समर्थ र योग्य नदेषि उज्जैनका राज्यभूमिमा पनि पृथ्वीतलविषे गुप्त गरिदिया-पछि एहि सिंहासनमा वसुँ भनि आउन्या महाराज भोजलै वस्न आटदा वत्तिसपुत्रिका भैं उडि सिंहासनै शुद्धा स्वर्गविषे उडिगया । पचिस बेताल र वत्तिसपुत्रिका आदि कथाले गरि महाराज चक्रवर्ति विर विक्रमादित्य सेनको वर्णन् संसारमा प्रष्यात छ । संक्षेपले गरि महाराज चक्रवर्ति विर विक्रमादीत्य सेनका किंचित् वर्णन कहि सकीयो ।

अव उप्रान्त अघि नेपालमा राज्याभिसेष दियाका राजा विश्वदेव मान्तिदेव । अस्य भोग वर्ष ४८। इ राजाले पनि वहुतै नीति गतिले प्रजा प्रतिपालि गरि सुखभोग गरि रह्या । इन राजाले दर्वार ९ तला विहार गरि वनाई ठुलो वगैचा वनाया । तेहि स्थान आफ्ना आगमे श्रेष्ट देवताकन नेम गरि श्री देवीका नाम राजदेव भनि प्रष्यात गरि प्रतिवर्ष आफुले देवाली मांडाभया । प्रजाहरूकन पनि स्थान स्थानमा देवदेवीकन मनाई राषदाभया । बौद्धमार्गीहरूको पर्याय हुनाले भिक्षुकहरूको संग हुनाले बौद्धकन पनि मानि सिंभुका स्थान वनाइदिया । अघि विर विक्रमादित्यले स्थिति गरि गयाका धर्मवर्त्तहरूको सनमान पनि गरि रह्याका थिया, केहि दीनपछि आफ्ना पुर्षाको कीर्ति धर्मगित देवका नामले बनायाका नारायणधारा वन्द भै जांदा ति राजाले मनमा वहुतै फिक्का गरी मेरा पूर्षाले जलसयन नारायणका आज्ञा पाई बसायाको स्थान हो भनि अव भ पनि तिनै नारायणका स्थानमा जाई सेवा भक्ती गर्नु पर्‍यो भनि सतरुद्रे पर्वतमनिका आदि जलसयन नारायणका स्थानमा जाई सेवा भक्ति स्तुति गर्दा जोतिक-हरूसित वुझि काम गर भनि सोप्नामा पाई ति राजाले जोतिक ब्राह्मण जान्या वोलाई सोधदा कष्ट प्रश्न आयो र जोतिकहरूले विन्ति गर्न नसकि नवोली रह्या । राजाले केहिं सन्देह मान्नु पर्दैन यथार्थ वताउनुहवस् भन्दा हे राजन् ।

**द्वात्रिंशल्लक्षणसंयुक्तमरबलिधारां दद्यात्, धारावन्धः प्रकाशो जायते राज्ञा इति वाक्यं श्रुतं । इति कार्य मया क्रियते 'इत्यर्थं', मनसि स्थापितं ।**

जाहा उप्रान्त केहि दिनपछि राजाले आफ्ना मनमा विचार गर्‍या । प्रजाहरूमा कोहि लक्षण युक्त भयाका पनि विनाअपराध जिव घात गर्नु मेरा कुलको धर्म होईन । मेरा पुत्र पनि लक्षणको युक्त छ त पनि म छेउ पनि युक्त छ भन्दछन् । तसर्थ आफ्ना पुरुषाका कीर्ति थाम्न निमित्त विनाअपराध अरु मानिस षोजी जीवघात गर्नु चाहीं त आफैं जीवघात गर्नु योग्य हो भनि ति राजाले एस्ता नराधिपति प्रभुत्व सुख र नवसागर रानि जस्ति सुसीलाकन त्याग गरि पुत्र मानदेवकन बोलाई गुप्त भेद वताई हे पुत्र, आजका चौथो दीनमा हाम्रा धारामाथि सम्पूर्ण सरीर छोपि रात्रिमा सुतीरहन्या पुरुष एक जना होला तस्कन तैले जाइ मुख नहेरी सीघ्रले काटि आउनु तव हाम्रा धारा वहला भनि अह्राया । चौथा दिनमा आफुले धर्मका निमित्त जाइ सुतिरहन गया । ताहांपछि पुत्र मानदेवले पिताका आज्ञा मानि केहि विचार नगरि वेगले जाई छोपि सुतिरहन्या पुरुषकन केहि नहेरि खड्गप्रहार गरी छिन्न भिन्न गर्‍या । तेसै वेलामा ठुलो शब्द गरी धारा वग्यो र राजपुत्र षुसि भै खड्ग घुन जांदा दुवै धारादेषि रक्त वहाइ देषाया । पितृहत्या गर्न्याको मुष हेर्नु छैन भनि हितिमङ्गल फर्कि गयाको हो भनि भन्दछन् अज्ञतक छदैछ । राजपुत्र तेस ठाउं छोडि गयापछि निर्मल भै सदा सर्वदा जल वग्यो । राजपुत्र इक्षुमति पुगदा सबै किरामात्रै वगाइ ल्यायाको देषि आश्चर्य मानि आफ्ना दर्वारमा जाई वस्या । किरामात्रै वगाई ल्यायाको हुनाले टुपुचा भनि

भन्दछन् भोलिपल्ट नगरमा ठुलो हल्ला उठी सोहरा फिज्यो । राजाकन पनि काटि राष्या । वन्द भयाका दूवै धारा पनि वही रह्याका छन् भनि अनेक तरहका कुरा राजपुत्रले सुनि हेर्ननिमित्त गया । आफ्नै वावा मरीरह्याको देषि वहुतै सोक गरी भ्रमण गरि मनमा विचार गऱ्या । वावाले छलकार गरी मकन यस्तो अमर्थ गराया भनि वडो कठिनसंग चित्तकन धैर्य गरी पितृको कृया कर्म सम्पूर्ण गरि महतारिकन राज्यको भारा दि आफुले हत्या मोचन गराउन निमित्त मेरा धर्मका वाज्या विक्रमबाट वर प्रसाद पायाको स्थान श्रीवज्रयोगिनीका चरणमा शरण जाइ हे तारिणि भनि हाहाकार गरि श्रीदेवीकन पूजा गरि रहंदा तम वेलामा देवीबाट करुणा गरि आकाशवाणि भयो । हे वालक तेरा पाप मोचन गर्ना निमित्त केहि कृति वनाउ । तँले अहादेषि पश्चिम भाग एक कलिज पक्षी उडी गयाको हेरि जानु त्यो पन्छि जहां वस्ला तहां तँले वडो यन्त्राकारले सर्व देवतासहित गरि चार प्रदक्षिणामा एक कोश प्रमाणको वौद्ध मन्दीर वनाउ भनि आज्ञा पाउंदा आज्ञाअनुसार राजपुत्रले श्रीदेवीका करुणावाणि सुनी हवस् भनि कवूल गरि देविबाट उडाइ दियाको कलिंगकन हेरि पछि पछि गया । त्यो पन्छि उडि जाइ एक स्थानमा वस्यो । राजपुत्र उहि स्थानमा पुगी जगा ठहराई मन्दिर वनाउनाकन प्रारम्भ गऱ्या । तेस समय पितृहत्याका पापले एस्तो भयो–ति राजपुत्र बस्याका जगामा अनावृष्टि मेघसून्य भै गयो र राजपुत्रले वहुतै दुःख पाई रातृकाविषे धेरै कपडा फिजि सित नित्य नित्य निचोरि पनि इंट पारि वाह्र वर्ष लाईकन बौद्धमन्दिर सिद्ध गऱ्या । कस्तो मन्दिर भयो भन्या सर्व देवताहरू पीठ देवी गणले संयुक्त गरि वनाइ प्रतिष्ठा गरि ति राजपुत्र फेरि श्रीवज्रयोगिनी जाइ तारणि माइका सरणमा जाइ कर जोरि पुकारि रहंदा फेरि आकाश वाणि भयो–हे वालक तंदेषि म अतिसन्तुष्ट भयां । धन्य तेरा पुरुषार्थ । मैले भन्या जस्तै वुद्धमन्दिर सिद्ध गरि आइस् । अब तेरा पाप सब नष्ट भयो । अब तँले तेरा वाज्या विर विक्रम सेनलाई दियाको द्रव्यवृक्षका धनले विक्रमले सम्वत्सर फिरायाको नेपालमा पनि तँले विक्रम नाम सम्वत् फिराई प्रजाकन अरिणि गर भन्या आज्ञा पाया । चक्रवर्ति महाराज विर विक्रमादित्यबाट कलि वर्ष ३०४५ मा विक्रम नाम सम्वत्सर वर्ष १ यक गरी फिराया । उनै विक्रमका हुकुमले मानदेव राजाले नेपालमा फिराया । षासा चैत्य नाम बौद्धमन्दिर तयार गर्दा स्तुति गऱ्याको–

**नमो बुद्धाय**

**प्रणम्य नाथं चरणारविन्दं त्वं बुद्ध शरणं कृत्स्नसनाय ।**
**असंख्य पुष्पं बुद्धअर्चनाय त्वां धर्म्मस्वामिञ्जिनपाद-**
**पद्मं १**

**धर्मं किरंति ह्यभिलाषचित्ताः स्विकीयकार्ये विपरीत-**
**कार्यम् ।।**
**विन्दे वरेरायं च शुभन्निरस्थं त्वां धर्म्मस्वामिञ्जिन-**
**पादपद्मं २**

**आयतनाय प्रतिकारदेहं कृतविद्यं तं खलु हृष्टदुष्टं ।।**
**दाता मनोज्ञं परिपूर्णदेहं त्वां धर्मस्वामिञ्जिनपादपद्मं ३**

आदि १३ श्लोक सम्मको स्तुति वनाई स्तुति गऱ्या । कस्ता प्रकारले भन्या मानदेव राजाबाट बुद्धका शरणमा पुजामान्य गरी तिमि बुद्धजनकन सरण लिन्या असंख्य अपार भै रह्याका तिमीकन जान्याको थियेन । तम्रा चरणकमलमा धर्मका स्वामी भयाका हे नाथ फना चढ्याका म अज्ञानिकन कृपा राष । धर्म कृतिका लहर छाडि विपरीत गर्न्या विश्वदेवता नाम वावुको देह मेरा हातले त्याग गराया जलकृतिका कारणमा । एस्ताका पुत्र मानदेवले पितृहत्या भै विपरित प्राप्त भै ज्ञानिजनका सम्बतले र श्रीवज्रेश्वरिका तपले प्रतक्ष्य प्रसन्न भै १२ बाह्र वर्ष लाइ वनाजा । भुपति भै जिउदै मर्नु तुल्य भयाको मानदेव नाम तम्रा सरणमा पऱ्यां भनि वहुत उपहारले पुजा मान्य गरी तत्त्वज्ञान गुणले सेवा गरी इश्वरका द्वारले कोटि पाप नास रियुभय नाश गर मरिजान्याकन मुक्तिपद दी सर्वकार्य सिद्धि दिन्या दुःख हरण गरी सुखदायक मोक्षपद दिन्या एस्ता देवका चरणमा शरण छ । पिताकन सुखावति भुवनमा पुऱ्याउ भनि मानदेव राजाले पितृकन उद्धार पितृहत्या गर्न्याको पाप नष्ट हवस भन्या कामनाले धर्मचैत्य स्थापना गरि आफैले स्तोत्र वनाइ स्तुति गऱ्या । षासाचैत्य भनी प्रष्यात भै गया । फेरि धेरै स्थनमा धेरै कीर्ति गऱ्या । मानविहार नाम गरि दर्वारमा आफ्नै नामले आफ्ना कुलमा स्वेष्ट देवताकन मानेश्वरी भनि प्रतिष्ठा गऱ्या स्तोत्र पनी वनाइ स्तुति गऱ्या । श्लोक

**ॐ नमश्चण्डिकायै**
**नाडीचिन्तयरूपां च त्रिकालभेदभ्रामिनीम् ।।**
**ब्रह्मविष्णुशिवासीनां वन्दे श्रीमानेश्वरीं त्वाम् (१)**
**नादविंदुकलातीतां मुराडमालाँ तपश्विनीम्**
**शिवविनिर्मितां देवीं वन्दे श्रीमानेश्वरी त्वांम् (२)**

ज्ञानातीतां ध्यानातीतां जयन्तीं तां कुलेश्वरीम् ।।
ज्ञानरत्नगुणोपेतां वन्दे श्रीमानेश्वरीं त्वाम् (३)
षट्चक्रमण्डलाधारां पीनोन्नतपयोधराम् ।।
विद्युतेजप्रभाकाशां वंदे श्रीमानेश्वरीं त्वाम् (४)

**जपारुणां भानुवर्णां सुभूषां सिन्दूरवस्त्रां श्वेतपद्माभयुक्तां ।।**
**रक्तानुरागां वरदां प्रसन्नां त्रैलोक्ययुक्तां श्रीमानेश्वेरीं त्वाम् (१)**
**पीतांतनेत्रां द्युतिहेमगौरीं ब्रह्मेशविष्णुपरिचिन्त्यरूपाम् ।।**
**मोहान्धघोरे परमात्मदीपां महात्मसोढां श्रीमानेश्वेरीं त्वाम् (२)**
**शंखांशुशुक्लां श्वेतपद्मानुयुक्तां कुन्देन्दुधवलां शशिचारुचूडाम् ।।**
**शुक्लप्रकाशतेजलक्ष्मीमुख्यां वाणीश्वेरीं त्वां श्रीमानेश्वेरीं त्वाम् (३)**
**गीतापिताभ्यागतबुद्धिभूतां विभूषितां त्वां च बिवर्द्धमानाम् ।।**
**पूर्वापराणां परमप्रतिष्ठां संसारसारां श्रीमानेश्वरीं त्वाम् (४)**
**पूर्वे पापकृताभ्यप्रतिदिवसहरं दुःखभाराभिभूतो दारिद्रो लोकभागी बहुलरिपुगणैः पीडितं रक्ष मे त्वं ।**
**त्वं मातापादपूजाक्षणमपि नियतं धैर्यचित्तं नयांति अर्चा विल्याप्रदानं तदपि मम शिशुं क्षम्यतां सिद्धि देवि (५)**

मानदेव नाम राजाले राजकुल रह्याका परमेश्वरीकन भक्तिभाव गरी इश्वरीकन भक्तिभाव गरी इश्वरीकन शास्त्रोक्त अनुसार वर्णन् गरी गीत स्तोत्र वनाई अघिदेषि विरा भयाका देविकन संसारमा सार भयाका पनि आफ्ना नामले मानेश्वरी प्रख्यात गरी फेरि सुवर्णका मूर्ति वनाई प्रतिष्ठाकर्म गर्‍या । पुर्वदेषि गरि आयाका पापले गरि अभागि अवकीर्ति गर्न्या भै जनमि दुःखका भारा दारिद्र लोकमा अभागी शत्रुका भयदेषि मकन हे देवि रक्षा गर । हे माता तंम्रो चरणमा पूजा स्मरण कैह्ले पनि नविर्सोस् । तम्रा चरणमा चित्त दृढ हवस् । मैले गर्‍याका स्तोत्रले मेरा पुत्र प्रजा आदिहरूले मानेश्वर्यष्टक पाठ जसले गर्ला तस्कन हे सिद्धि देवि तिमी रक्षा गर भनि आफैले स्तोत्र वनाइ पुजामान्य गर्‍या ।

यस्ता प्रकारसंग बुद्धमार्गको र शिवमार्गको दुवै प्रकारले बुद्धको र आफ्ना स्वेष्ट देवताकन स्तोत्र बनाई वर्षप्रति श्रीमानमानेश्वर भनि देवाली वर्षप्रति मान्या । सिंभुकन छत्र चढाया । श्री पशुपतिनाथकन पनि छत्र चढाया । फेरी कल्पवृक्षाकार रत्नादी सुवर्णले गरी दान दिया । विशाल नगरका प्रजाकन भोजन गराया । फेरी घुमी नाप्न्या मानदंड भनि बनाया । तनका राज्यमां फेरी घेरैं विघ्न हुँदा पौषका पूर्णमासिका दिन होलियात्रा गर्दा विघ्न शांत भै गया । फेरी राजा सन्मानमा धातुका यंत्र बनाई गाडि संस्कार गराया । एस्ता प्रकारसंग धर्मवर्त गरी प्रजा प्रतिपालन गरी राज्यभोग गरी रह्याका थिया । फेरी सम्बतसर बेवहार चलाइ सक्याको ३ वर्षपछि सांत भै गया । राजाहरूको पुस्ता ३ जंमा भोग वर्ष ९९ । अघिका भुक्तवर्ष ३७९३ । जंमा वर्ष ३८९२ । अस्य पुत्र श्री महीन्द्रदेव राजा भोग वर्ष ५१ ।

आहांप्रांत अघि परापूर्बकालदेषि नेपाल भूमि मध्ये ठुलो मुख्य सहर विशाल नगर थियो । पछि एसै नगरलाइ नेपाल तलाव भै जांदा डूबी विग्र्या । फेरी तेसै स्थानमा चंद्रपूर भनि सहर बनि रह्यो । पछिबाट विजयपट्टन भन्या नाम रहन गयो । अभी विशालनगर वडो प्रख्यात हुनाले विशालनगर भनि प्रख्यात भै रह्याको थियो । पछि साह्रै पुरानु हुँदा उजाडै गयाको थियो । एस्तै समय रुद्रमतिले विशालनगरतिर विमुख भै वुढानीलकंठ संधी पैरो भक्ति अनेक तीर्थ इसानेश्वरी, ज्ञानेश्वर मध्ये गरी वहंदा भया । अस्य पुत्र श्री राजा वसन्तदेव भोग वर्ष ४६ । इ राजा १५ वर्षका उमेरमा गादिमा बस्ता कलिगत वर्ष ३११४ लाग्याको थियो ।

**दशवर्षसहस्राणि विष्णुनामानि गोचरे,**
**तदर्धं जाह्नवीतोयं तदर्धं ग्रामदेवताः ।**

यो नेपाल भूमि देवपूरी हुनाले भविष्य पुराणका श्लोक प्रमाणभंदा तीनसय ३०० वर्ष अधीक गरी सम्भाषण भै गयो । इन दिनपछि देवताहरूको दर्शन पर्सन सम्भाषण मनुष्यहरूलाई दुर्लभ भै बडो कष्टले मात्र पाइन्या भैगयो । अस्य पुत्र श्री राजा उदयदेव भोग बर्ष ४७ । अस्य पुत्र श्रीराजा मंदेव भोग वर्ष ५३ । अस्य पुत्र श्री राजा गुणकामदेव भोग वर्ष ५० । इन राजाले राज्याभिशेष पाया उप्रान्त युवावस्था प्राप्त भै सुंदरी स्त्रीहरूकन बोलाई प्रसंग गरी भुलिरह्याका थिया । राज्यको संभार मंत्रीलाई सोपि आफू क्रीडामा भुली रह्याका थिया र अन्याय अकृति हुन गयाको थियो । धनैमात्र उपार्जन गरी नितिको विचार गर्दैनथ्या

र इनका पालामा नाना विघ्न भै उपद्रव भै दुर्भिक्ष भै प्रजाले दुःख पाउँदा पछिबाट राजाले अनर्थ भै गएछ भनि विचार गऱ्या । म एकलैले मात्र सुख पाई क्या हुंछ । प्रजाको राज्यको प्रभुमै सबले निदान गरीयाका भै गया । अब मैले क्या गर्न्या हो धिक्कार मेरो जन्म भनि विचार गर्दा स्वयंभु भगवानका स्थानमा एक सामर्थवान् भिक्षु छन् । उनका चरणमा सरण गया उनले उपदेश दियामाफीक देहसून्य गरी बसुंधरा वरुण अग्नी वायु समर देवताकन मानि सुवृत्ति निमित्त नाग आकर्षण गरूँ भनि भिक्षुले म साधक हुँला हे! राजन् तिमी उत्तर साधक हौ भनि सम्मत गरी विधी-पूर्वक नागआवाहन गरी सक्या । एक कर्कोटकमात्र विरूप हुनाले लज्जा मानि आयाका थियनन् र सांत श्री भिक्षुकका उपदेश सब सुनि सक्ति मंत्रले युक्त गरी एक दुर्वा कुन्द पुष्प राजाकन सौप्या र राजाले स्याम वणका घोडा चढी धनादहमा गया । त्यो फुल दहमा फेक्या र बाटो देषियो र तेसैं बाटो गरी जाई कर्कोटक नाग बस्याका स्थानमा पुगी निमन्त्रणा गऱ्या सांत श्री आचार्यले कह्या प्रमाण सव विस्तार गरी पालनुहवभ् भनि विंतिगर्दा पनि केहि उत्तरा दिएनन् र आचार्यका मंत्र बलले कर्कोटकका शीरको केश समाती लतारी ल्याया । वसिकाचलबाट ल्याई सिंभुमा पुऱ्याई नाग मण्डलका एक आसनमा विधिपूर्वक आवाहन पुजामान्य गरी महादुर्भिक्ष नहवस् भन्या कामनाले वृष्टि गर्ना निमित्त विंतिभाव गरि पट्टवस्त्र पुस्तकमा मूर्ति आदि वाचा लेषि नागराजहरूबाट सत्य प्रतिज्ञा गराई पछिका कालमा अनावृष्टिक हुँदा समय तेहि प्रतिमा षोली वाचा पढ्याप्रान्त वृष्टि हवस् भनी वाचा गराई नागपुर पृथ्वीतलविषे गुप्त गरी प्रतिष्ठा गरीदिया । नागहरू-कन विसर्जन गरी स्वस्व स्थान विषे पठाया । तहांपछि गुणकामदेव राजाले सांत श्री आचार्यकन पूजामान्य गरि विदा भै राजद्वार विषे जाई राज्यकाज प्रजाप्रतिपालन गरी शांत श्री का मंत्रवलले सुभीक्ष राज्य भै आनन्द-सित राज्य भोग गरी रह्याका थिया ।

जव गुण कामदेव बृद्धावस्थामा प्राप्त भया तव मन्मा विचार गऱ्या— अव मेरो मरणकाल आइपुऱ्यो पुत्रकन राज्याभिषेक दी तपोवन विषे जानपऱ्यो भनि आपना पुत्र नरेन्द्रदेवकन वोलाई राजाभिषेक दी उपदेश शिक्ष्यादि बौद्धमार्गको वोध दी गुणकामदेव विदा भै तपोवनविषे प्रवेश गरि स्वयंभू भगवान्को ध्यान गरी रहनगया । केही कालपछि देह त्याग गरी उद्धार भै गया ।

श्री राजा नरेन्द्रदेवले राज्याभिषेक पाया । अस्य भोग वर्ष ३४। इन राजाले अघि वावाले उपदेश दिया-माफीक प्रजा प्रतिपालन गरी रह्याका थिया। एस्तै समय शांतिकर नाम आर्चार्यले मंत्र सिद्धिका वल पाई धेरै वर्ष वौधमार्गको प्रसंशा वढाई सिंभुका सेवा गरी रह्याका थिया। पछि शांतिपूरभित्र प्रवेश गरी ध्याना-गारमा वशी तहिं गुप्त भै गया। राजा नरेन्द्रदेवबाट अघि बुद्ध मार्गीका बुद्धी सुनी श्री पशुपतिनाथकन अनेक रत्न विचित्रकोष वनाइ चढाया। फेरि तहिं सुनधारा वनायी चढाया । जैवागेश्वरीमा फेरि पुरीसहित तीन प्रकार कोष १ प्रणालि १ देवपट्टनपुरी १ वनाइ पशुपति-नाथकन चढाया। फेरि जयवागेश्वरीकन नित्यार्चन गराया। इन राजाका पाला विशालनगरवासि प्रजाहरूमा द्विभाग भै एक सहर मध्येका मौलाको कारणमा विरुद्ध भै झगरा वढ्दा कोपमा देवता प्राप्त भै झगरा हुंदा साह्रै रिसारीस पर्न जाँदा परस्पर विगारी अग्नीप्रवेश पनि दैवयोगले भै आगो ल्याइ माथिल्लापट्टिले तल्लापट्टिका घरहरू भत्काई जली तमाम सहर बिग्रन गयो। एकानगरमा द्विभाग भै आफुस्मा वैरभाव हुन जांदा धेरै घरहरू भत्काई विगाऱ्या। तस्तै वीचमा अग्नीदेवता कुपीत हुंदा साह्रै विग्रन गयो। पछि विगार भै गयो । किंचित कुरामा भनि चेत्या। परंतु फेरि वनाउन जांदा धेरै मानिस ग्रामहरू वनाइ वस्या। विशालनगर आफुस्का तक्रारले विग्रन गयो । यस्तै समय एक चोरले ज्ञानेश्वरभित्र स्पर्शमणि छ भनी थाहा पाई रातृविषे जाई शिवलिंगकन वनचराले चिर्दा चिर्दैमा पर्शमणि उडिगयो । चोरले पाउन सकेन पाप कर्म गर्नु मात्र भयो। पछि त्यो पर्शमणि प्रभावतिमा उडी बस्नगयाको रहेछ भनी थाहा पाई कोइ ग्रामका एक क्षत्रीये पुत्रले जाइ धातुले छुवाई छुवाइ षोज्दा धातुका टुक्रा भन्या सुवर्ण भै गयो। अनेक मिहिनत् गरी षोज्दा पनि पाउन सकेन । विसालनगर उजरीगयापछि नेपाल-भूमिमा साना साना ग्रामहरू मात्रै भैगया । ठुलो सहर कहिं थिएन। राजा नरेन्द्रदेवले देवपट्टनमा जाइ श्री पशुपतिनाथकन मानिसहरू वढाउनकन आरंभ गऱ्या । वाणेश्वर संधिका राजगृहमा वसी दर्वार वढाई सहर यथाक्रमले वनाइ प्रजाकन वास दिया। अस्य पुत्र श्री भीमदेवराज भोग बर्ष १६। यही देवदेपि पुस्ता ८ के भोग वर्ष २९७। अधिका भुक्त वर्ष ३८९२ जंमावर्ष ४१८९ कलीगत वर्ष ३३४६ यस सूर्य वंशका राजा भीमदेवकन

गोपाल वैश्य गुप्त वंशका राजा आई जिति राज्य गऱ्या ।

श्री राजा विष्णु गुप्त भोग वर्ष ४७ । इन राजाले डोलागीरीमा इचंगु नारायणकन देवालय बनाई दिया । सुवर्णका छाना छाई चांगु ग्राम वनाई लोककन वास दिया । ग्रामवासी जनहरूकन षेतसमेत् दी वंसाया । परचक्र जय गर्न कामनाले गरुडनारायणकन मानि चंगु भनि प्रष्यात गऱ्या वृष्टी कामनाले इचंगु नाम राषि दिया । सुवर्ण कामनाले अधिका आकारमाथि नारायणकन थापना गरी चयजु भनि प्रष्यात गरी दिया । संतान कामनाले नृसिह नारायण संधी फर्पिङमा विष्णु मूर्ति बनाई स्थापना गरी दिया । एस्ता प्रकारसंग चारै नारायणकन स्थापि देवालय बनाई मान्या । एस्ता प्रकारसंग नीतिले प्रजा प्रतिपालन गरी राज्य भोग गरी रह्याका थिया ।

अस्यपुत्र श्री राजा विश्वगुप्त भोग वर्ष ५१ । ई राजाले वाग्मतीका पूर्व तटमा वृहत्सीलामय विष्णुमूर्ति बनाई स्वात्म प्रमाणले स्थापना गऱ्या । दाहिना वाउंमा ललहरी कुशहरिका मूर्ति बनाई स्थापना गऱ्या । नरसिह स्थान सतरुद्र पर्वतहरू मध्ये आदि जलसयन नारायण अघिदेषिका मूर्तिकन मानि जगा सुन्दर गरी बनाया । इन नारायण अधि वृषदेव राजाका पाला देखी शतरुद्र पर्वत भत्की छोपिन गयाको प्रकाश भया उप्रांत फेरी छोपिन गै अपुज्य भै रहँदा इन राजाका प्रालामा उ स्थानमा रोप्याका बिजहरू चांडै फलन्या पाकन्या भै आश्चर्य हुंदा फेरी षोली हेर्दा आदि जलसयन मूर्ति प्रकाश भया । परंतु नाकमा चोट लाग्न जाँदा अद्यापि नाकमा लाग्याको चिह्न छंदैछ । इ गुप्त राजाहरू बडो बिष्णुभक्ति हुनाले ति जलसयन नारायण मानि जगा सुंदर बनाया । जाहाँपछि एकादशी वर्त्त प्रतिदिन विष्णुका मूर्ति तांम्रको र पाषाणको बनाई पूजा मान्य गरी व्रत गऱ्या । वाणेश्वर ज्ञानेश्वर आदि स्थानविषे चार जलसयन मूर्त्ति बनाई प्रतिष्ठा गऱ्या । एस्ता प्रकारसंग विष्णुभक्त भै प्रजा प्रतिपालन गरी राज्यभोग गरी रह्याका थिया ।

अस्य पुत्र श्री राजा भूमिगुप्त भोगवर्ष ४५ । इन राजाले नेपालमा गौडाक्षर पर्वत गराया । धरणिबराह विष्णुमूर्ति बनाइ स्थापना गऱ्या । एति तीन गोपालले राज्य गरी सेवा गरी रह्याका थिया । इन तीन गोपालका जंमा भोग वर्ष १४३ अगिका वर्ष ४१८९ जंमा भोग वर्ष ४३३२। कलि ३४८९। इन गुप्त राजाकन शिवदेव नाम सूर्यवंशी राजा आई जिती राज्य गऱ्या । अस्य भोग वर्ष ४१। इन राजाले देवपट्टनमा नौतरहका टोल वनाई नौ गणेशका मूर्ति स्थापना गऱ्या । फेरि नौतला गरी आफु वस्याका दर्वार संघी भैरव शीलामूर्ति शिवपूरीदेषि मगाइ देशरक्षानिमित्त वसाया । फेरी अरीनि– शिला नाम अश्वि विक्रम सम्वत् नेपालमा चलाउंदा मानदेव राजाले प्रजाहरूका रिण सवै तिरि पत्र तौली हेर्न निमित्त मगायाका शिलाभैरव वनि गया र स्थापना गरी मानिराषदा भया । देवपट्टनका दक्षिणमा ठुलो लोह चैत्य वनाया । फेरी देश लक्ष्यण क्रमसाधना गरी सतरुद्र पर्वत जाई भ्रकुंस भन्याका नृत्यनाथकन ल्याइ पशुपतिनाथका पश्चिम भागमा स्थापना गऱ्या । इ नृत्यनाथ वडो प्रतक्ष देवता छन् । फेरी दोलषाका भीमसेन आवाहन गरी पशुपतिनाथका पश्चिम भागमा स्थापना गऱ्या । फेरि देवताहरू गणेश ४ भैरव ४ नृत्यनाथ ४ महादेव ४ कौमारी ४ षंडित बौध ४ षंव ४ गगनचारी ४ अश्व ४ चतुष्पथ भुत मूर्तिले संयुक्त गरी चतुर्मार्ग पूर्ण क्रम गरी देश लक्षण क्रम साधना गरी नौवाली नाम गरी वसाया । फेरी यहि देवपट्टनमा आवण देवता टोलप्रति शिवमूर्ति स्थापना गऱ्याका अकालमृत्युहरण निमित्त महा मृत्युंजयेश्वर जगाया । फेरी नौ ईश्वरी पनि टोलका पृथक पृथक जगाया । ढोका इनार धारा नृत्य नाथ डवली टोल ईश्वरी आगन् गणेश ऐति नौप्रकार संग युक्त गरी मूलनाम गरी बेश अघी सुवर्णपुर महा नगर कहृथ्या ।

वाहा उप्रान्त इन राजाले देश वसाया । फेरि तंत्रोक्त ध्यानले युक्त गरी अग्रयभित्र गुप्त गरी वनकाली भनि प्रकाश गऱ्या । फेरी तेहि स्थान संधि त्रिनेत्र गरी ठूलो काया संयुक्तले बनाई वनविनायक भनि स्थापना गऱ्या । फेरी तिनै राजा ज्ञानी हुनाले एही नगरीभित्र अघिका चैत्य मूर्तिकन काहिं गुप्त गरी राष्याका समेत कन देश उत्तरपट्टि सारिदिया । नगरका प्रजाहरूकन षुसि गराई ठूलो नगर बढाई वशाया । फेरी प्रजाहरू मरण हुँदा वेला मृतक मार्ग बनाई लैजाई वज्रेश्वरीका पूर्व भागमा वाग्मतितिरमा जात विशेषका स्मसान बनाई जलाउन लाया । फेरी इनै देवी देशका पिठ हो भनि पिशाच चमुर्ददशीका दिन सवै प्रजा जंमा गरी

देवीका आज्ञानुसार देवी वाद्य बनाई प्रति वर्ष देश घुमाई रथजात्रा गराया। फेरी द्वादशीका दिनमा चतुर्वर्ण जंमा गरी महीष वलि त्रयोदशी कौमारी गण भोजन चतुर्दशीका दिन देशमध्ये महादेवस्थापन प्रतिखंड रातृभर अग्नी जगाई यात्राक्रम संयुक्त गरी देवीका रथले देश प्रदक्षिणा गराया । फेरी नेपाल पीठ मूल मूर्ति हो भनि जानि अधिका स्थान पाई ब्राह्मणका सम्मतले वैशाष शुक्ल ११ उत्राफाल्गुनी वरियान् योग वृहस्पति वारका दिनमा पुजा नरवली विधिपूर्वक गरी शिलाका कलशाकार बनाई भित्र यंत्रगुप्त गरी स्थापना गरी प्रतिष्ठा गरी मूलशक्ति हुन् भनि आफूले पनि प्रजाहरू बाट पनि सामान्य पूजा गराया । एस समयमा श्री गुह्येश्वरी प्रकाश हुन गयाकी थियनन् । गुप्तैमा विराजमान थिइन् । फेरी भुवनेश्वरी झंकेश्वरी सामराज्य कामनाले फार्गुण कृष्ण २ हस्ता नक्षत्र वृद्धि योग रवि वारका दिन प्रतिष्ठा गरी प्रख्यात गराया । फेरी पशुपतिनाथका सेवा गरी पशुपतिकन प्रसंन गराई पशुपतिकन पगरी चढाई पशुपतिका स्थानदेषि आपना दर्वारसम्म त्याई बांधि चार दिन राषि विसर्जन गरी वछला पिठमा विधिपूर्वक प्रारम्भ कर्म गर्न निमित्त कांतेश्वरका देवी पिठरूप सवै अष्ट दिवसादि अधि पशुपतिनाथबाट निमंत्रण गर्न यात्रा गराई प्रेत चतुर्दशीका दिन कौमारी गण युग्म आबाह्न गरी देवीका स्थानमा वसाई भुवनेश्वरी जयवागेश्वरी वछला आदि अनेक पिठका देवीकन अर्चन गरी आचार्यहरू अधिकार क्रम स्थापना गरि देविका आज्ञाक्रम शास्त्रोक्त भावि संकष्ट विधि नरवली नरशीवा कोलाहल गरि नृवाहन देवी प्रमाण पूजा गरी मातृकाक्रमले सणकन भक्षणले संतुष्ट गरी विसर्जनका वेलामा अनेक द्रव्य दक्षणा बस्त्रादि सम्मान प्रतिवर्ष चलाया । फेरी क्षेत्रपालेश्वरीकन त्रीविधादि अनेक द्रव्य मगाई आचार्यहरूकन भूगोलपीठका मंत्र जगाइ नेपाल रूपि देवता आबाहन गरी द्रव्यविषे एक विधिले प्रतिवर्ष देवी आदि सवै पिठकन संतोष गराया । इतिकारणात् नेपाल पिठमा नाना द्रब्य वलि दान विधि प्रसन्न भै गया ।

फेरि इनै राजाकन कोहि सुजनले स्वप्न तीर्थमा एक सिद्ध आई नित्य स्नान गरी जान्छन् भनि षवर सुनाया र राजा आफैं जाइ हेर्न जांदा भयंकर रूप यक योगिकन देष्या र तनकन ठूलो प्रार्थना गरी प्रसन्न गराई ल्याइ ताम्रेश्वर संधीमा वसाया । राजाले ती योगीकन षुसि गराई सम्मत गराई ग्रामदेखि जयवागेश्वरीकन शांति गरी चित्रकार भरी अनेक विधिपूर्वक जिव संन्यास कष्ट भय विधिक्रम गर्दा समय सिध्दले गुप्त गरी राजाकन म दुर्वाशा ऋषिका अंसका हुँ भनि सुनाया। देवीकन वडो प्रवल प्रतक्ष गरी भैरव नौलिंगका पनि चंचलमूर्ति स्थीर गरी वसाई आदि पूजक गजकर्णक मूर्तिसहित प्रकाश गरी वसाया । फेरी इ राजा र योगी दुवै जाई वज्रयोगिनीमा पनि यहि विधि क्रमले बडो संकष्ट गरी देवीकन चित्रकार भरि जीव न्यास विधि जगाइ मान्या । यति क्रम गरी योगी गोदावरि संधौ जाइ लक्ष्मीनारायण शालिग्रामका प्रमाणले विष्णुनारायण नाम प्रख्यात गरी वासुदेव शंकर्षण प्रद्युम्न अनिरुद्ध चारै देवताले सहित गरी सर्वोषधि पर्वत नाम विसंषुका पर्वतविषे विष्णुकन प्रख्यात गरी जगाइ आफु अंतर्ध्यान भै तपोवन विषे जांदा भया।

आहापछि राजाले यो चित्रकार विधि वडो क्रूर कर्म हुनाले प्रतिवर्ष चलाउन त वहुतै कष्ट हो भनि १२ द्वादश वर्ष पुग्या पछि गर्नु भनि वंदोवस्त गरी रीत चलाया । फेरी ती राजाले मेरा गुरुजीका आश्रम हो भनि ताम्रेश्वरमा धर्मशाला वनाइ महादेवकन नित्यार्चन गरी जगाया। इ शिवदेव राजा सूर्यवंशमा उत्पन्न भयाका राजा बडो पुरुषार्थी हुनाले प्रजा प्रतिपालन गरी देवदेवीकन सन्मान गरी नेपालमा नाना विक्रम तंत्रोक्त विधि क्रम विधि गरि धैर्य यस कीर्ति वढाई इन राजाको सन्तान थियन र वैनीका पुत्र क्षत्रिय भानीजकन अंशुवर्मा नाम राषि राज्याभिषेक दिया। आफु शांत भै गया। इन राजाका पालामा भोट देशबाट आई चंपादेव नाम कहाई नेपालका राजासंग मिलि बुद्धाचार्यहरूका सम्मतले षासा चैत्यकन विहार गर्भरि चारै तर्फ वनाइ दिया। फेरि फुट ग्राममा चैत्य थाप्या। कूर्मासन राषि फेरी चतुराक रामायणको नित्य लीला वनाई नचाया।

श्री राजा अंसुवर्मा भोग वर्ष ४३। इन राजाले वछलापीठमा नरवली प्रतिवर्ष कष्ट कर्म भनि देविकन शांति पूजा गरी युग्म शुद्ध छाग थपि वलिदानले प्रतिबर्ष कर्म चलाया। नरशिवा कोलाहल गर्‍याको ती राजाले हेर्न जादा हांसि ठट्टा गरी वस्दामा नरशीवाले राजाकन समात्न गयो र राजा षुसि भै नरशिवाकन धेरै षेत विर्ता दिया। फेरी इनै राजाले ग्रामदेवि जयवागेश्वरी मानसरोवर देषि शिला नदि तरी नेपाल विषे प्राप्त भयाको

पूर्वागमन दीन विचारी वैशाषी चंडि पूर्णिमा ठहराई तस दीनमा देवि प्रसन्न निमित्त कौमारी गण वसाइ अनेक यज्ञादि क्रिया गरी बलीदान पूजा निमित्त नवदुर्गा बसाई वाह्याभ्यंतर कर्म प्रतिवर्ष चलाया। इन राजाले देवपट्टनका दर्वार छाडि लगन्षेलका सुवर्णषांड वन फांडि मतिनाम नगर वनाउनाको आरंभ गऱ्या। बहुतै सुन्दर रमणीय धेरै चोक संयुक्त गरी लगनषेलका सुवर्णषांड वन फाडि सुन्दर गरी दर्वार सहर वनाया। आफना मंत्रि सरदार-हरूकन पनि तेही स्थानमा घर वनाउन लाई वास गराया। आफुले पनि वास गऱ्या। इ राजा वडा चंचल उग्र तेजस्वी थिया र प्रयागमा जाई भैरवकन यथाक्रम विधि गरी आबाहन गरी ल्याइ पंचगौड पंचद्राविड ब्राह्मण आचार्य तंत्रोक्त वेदोक्त जोतिष्शास्त्र बिचार गराइ मुष्य ब्राह्मण गुणभक्तसम्मतका वाक्यले पादस्थापना गरी विधिपूर्वक महाभैरवस्थापना फार्गुण शुक्ल ५ उत्तराभाद्र नक्षत्र ऐंद्र योग आदित्य वारका दिन प्रतिष्ठा गऱ्या।

यहां उप्रान्त मतिनाम देशको वृद्धि गराउँदै थिया। उस्तै समय जमराज प्रसन्न भै मेरा मूर्ति प्रकाश गर भनी स्वप्न प्रसन्न हुंदा धर्मराजकन आनन्दस्वरूप लोकेश्वरका मूर्ति बनाइ मतिनगर गुलषुमा ढोका बसाई वलचो नगर टचागल नाम गरी मतीनगरमा जोरि वनाया। भैरवनाथका प्रशादले मीननाथ भनी द्रष्यात गरी चैत्र शुक्ल अष्टमी तिष्य नक्षत्र आयुष्मान योग वृहस्पति वारका दिन प्रतिष्ठा गरी बौद्धाचार्यहरूले अर्चन गराया। भैरवनाथ षुसि निमित्त मांसाहुति यज्ञ प्रति वर्ष चलाया। फेरि बालकहरूकन नालछेदन विधि नेपालमा चलाया। अंशुवर्म्म नाम विहार पनि वनाया। फेरि व्याकरण शास्त्र पढन्या रीत नेपालमा चलाया। एस्ता प्रकारसंग नानाकीर्ति स्थिति गरि प्रजा प्रतीपाल गरी रह्याका थिया।

अस्य पुत्र श्रीराजा कृत वर्मा भोग वर्ष १८। इन राजाले पनि वछला आदि पीठ देवताहरूको सनमान गरी प्रजा प्रतिपाल गरी राज्य भोग गरी रह्याका थिया। इन राजाका पालामा गौड देशबाट देवपाल नाम एक-क्षेत्रिपुत्र आई नेपालमा रहदा १० वर्षसम्म महादेवपाल नाम विहार वनाया। कृतवर्मासिंग मिलि तुलोमा जोखि विक्रिय गर्न्या रीत नेपालमा चलाया। कृतवर्मा राजाको अंत भयापछि अस्य पुत्र श्री भीमार्जुन देव राजा भया। अस्य भोगबर्ष ३७। इन राजाले पनि प्रजा प्रतिपाल गरी राज्य गरी रह्याका थिया। श्रीगोपालेश्वरका स्थानमा जाइ सेवा पूजा मान्य गऱ्या। केही दिनपछि श्रीगोपालेश्वर श्रीमहाकाली श्रीनृसिंह नारायणका कृपाले स्वप्नमा दर्शन पाइ यस स्थानमा पुर बनाउ भनि अनुग्रह वाणि पाया। दक्षिणतिर वाट लोक वास गर्न आउन भनि आज्ञा पाई सहर वनाउन विधिपूर्वक आरंभ गऱ्या। सिषरापुर नाम नगरी शहर वनाई प्रजाकन वास दि गोपालेश्वर दक्षिणकालि नृसिंहनारायणकन पूजामान्य गरी जगाया।

अस्य पुत्र श्रीराजा नंददेव भोग वर्ष १३। इन राजाले विर बिक्रमादित्य सेनका पूर्व कथा सुनि विक्रम नाम संम्वत्सर नेपाल आदि पूर्व पश्चिममा अघि वेस गरी नचल्याको विक्रम संम्वत्सर प्रख्यात गरी चलाई दिया। देवताहरूको सन्मान गरी रह्याका थिया। अस्य पुत्र श्री बीरदेव राजा। अस्य भोग वर्ष १६। इन राजाले ब्राह्मण ज्योतिक बौद्धाचार्यहरूसंग संमत गरी ज्ञानी जन प्रजाकन वोध दी एक सहर वनाउनको वडा इच्छा भयो भनि उत्तरप्रयाग संषमूल संधीपर्यंत सहर वनाउला भनि उद्योग गर्न लाग्या। ललीत भन्याको एक कोई घांसि लाई राजाले तेस्को लक्षण विचारी बढिया ठहराई तेसलाई आफना घोडाको चीरवादार गरी राष्यापछि राजाका अनुग्रहले र अंविका नाम रानिका प्रेमले ललित ठुलै मानिस भयाको थियो र ललित नाम भवनकादि सहर वसाउन निमित्त आफना प्रेमि ललितलाई मुषतियार गरी सहर वसाउन लाया। तेस ललितले राजाको हुकुम पाइ वढिया सुसायत पारि सहर वनाउनको आरंभ गऱ्या। एस्ता तरहसंग राजाले धेरै धन षर्च गरी सहर वसाउन लाउंदा अघिका सरह मति नगर देषि जोरि वनाया। ९००० नौ हज्जार घर थपि ठुलो सहर वनाया। नगरका लक्षणले पांच थुमका वनिगया। ति राजाले अघि वस्याको दर्वार छाडि नयां दरवारमा वास गऱ्या। ललित नाम वन फाडि वनायाको सहर हुनाले ललितपट्टन भनि शास्त्रोक्त प्रमाणले सहर वसाइ नाम प्रष्यात गरी दिया। ललित नाम भयांकाले वनायाको हुनाले ललितपूर भनि भंदछन्। यहांपछि इन राजाका पालामा मिननाथ लोकनाथ १२ गोटा देवताका रथ वनाई यात्रा वनाया.। भैरव श्वेतनारायण हरिशंकर गरुडनारायण लोकनाथ मीननाथहरूका यात्रा प्रति वर्ष

षेलप्रति यात्रा गराया । वैशाष शुक्ल ११ देषि पूर्णिमा प्रर्यंत अधिका टोल पछिका टोलहरूमा राजा प्रजाकन मंगल निमित्त जात्रा वनाई प्रतिवर्ष चलाया ।

इन राजाका पालामा सुंदर नाम वनियाले रत्नाकर समुद्रमा जाई रत्न लौ कालीनगर जाई रत्न विक्री गरी सात कोटी धन कमाई नेपालमा ल्याइ नेपालमा अघि नभयाको वौद्ध धर्म लोप हुन लाग्यो भनि धर्म प्रकाश गर्न निमित्त पाद प्रतिष्ठा कर्म बौद्धाचार्यहरूबाट गराई एक कोटि धन १०००००० गाडि स्थूलदो चैत्यका प्रतिमा वनाई माघ शुक्ल पञ्चमी उत्तराभाद्र नक्षत्र सिद्धि योग बुध वारका दीन प्रतिष्ठा गरि नवदान पाद पूर्णदान संपूर्ण भोजन गराई बौद्ध मार्गीहरूबाट आशीर्वाद लौ धेरै धन षर्च गरी बौद्धमार्गीको धर्म वृद्धि गऱ्या। पुलचोक संधि पादप्रतिष्ठा गरी सवा लक्ष्य धन गाडी थुलदो चैत्यका प्रतिमा वनाई पुलचोक देश वनाई अघी भै गयाको धर्मकन लोप हुन लाग्याको बौद्धधर्मकन वृद्धि गरी चाहिदो विधिपूर्वक सुन्दर नाम वनिआं मालि जातले वृद्धि गऱ्या। नाना प्रकारसंग बौद्धमतको धर्म वढाई पछिबाट बौद्धमार्गमा प्रवेश गरी भिक्षुक धर्म लीकन नकवहिल भनि विहार वनाई बुद्धको प्रतिष्ठा गरी सोही विहारमा शान्त भैगया। फेरि मिथीलानगरका एक ब्राह्मण थिया । मिथीलामा दुर्भीक्ष भै उस ठाउंमा नरही भाइले सहित उत्तर षंडतिर आया । नेपालमा आई पुग्याप्रान्त भोट देशतिर गया । जब लासा पुग्याथ्या वाहाँ लामाहरू तपचर्या गरी रह्याकाकन देष्या र एस ब्राह्मणले पनि उनीहरूको सामर्थ विचार गर्नको लागि रह्याका थिया । ती लामाहरूमध्ये कोही लामाले तपका बलले रुखमा चाट्दा रुषबाट दूद प्रभाव भै सोहि दूदका आहार गरी तपस्या गऱ्याको देषि तेस मिश्र ब्राह्मणले आफ्ना मार्गका मंत्रको विचार गरी हेरूं भनि मंत्रका प्रयोगले लामाले चाट्दा दूद प्रवाह हुन्या रूषकन मंत्रको वलले सुकाई दिया र लामाले एस्तो हुनु पर्न्या होइन भनि आश्चर्य मानि विचार गर्न लाग्या । कसैले क्या गरी दियछ भनि विचार गरी षोजदा तेहि मिश्र ब्राह्मणकन ठहराई वातचित गर्दा परस्पर आफ्ना मार्गको भेद बताई सुनाया । बहुतै प्रीतभावले गरी भोटैमा बसी रह्याका थिया । केहि वर्षपछि धेरै दौलत सुवर्ण कमाई लामासंग विदा भै फर्कि आया । आफ्ना जन्मभूमितिर जानुपऱ्यो भनि मिथिलातर्फ गया । वहांका सजाति भाइ गोष्टि गोत्रीहरूले जातमा नलींदा फर्कि नेपालमा आई शंषमूलका संधी ठुलो विहार गृह बनाई बुद्धको मूर्ति स्थापना गरी तहीं वास गऱ्या । बौद्धमार्गको धर्म सवै याद पाई स गोत्रीहरूले सजातमा नलींदा बौद्धमार्गी भै भिक्षुक चर्या लिया । तहांपछि बुद्धको सेवा गरी रह्या । फेरी बुद्धको पादप्रतिष्ठा गरि द्रव्य गर्भमा राषी स्थूलदो चैत्य वनाया । भाइ चाहींले पनि विहार वनाइ बौद्धको स्थापना गरी बौद्धचर्यामै रह्या । राजा वीरदेवले नगर वढाई प्रजाकन प्रतिपार गरि रह्याका थिया ।

अस्य पुत्र नरेन्ददेव भोग वर्ष ३७। इन राजाका पर्यायमा सिद्ध गोरषनाथ नेपालमा आई भिक्षा मागन जांदा अतीत अभ्यागतमाथि श्रद्धा के देष्या ताहापछि नेपाल पुण्यभूमिमध्ये उत्तर मृगस्थलीविषे जलवृष्टीका कर्ता नागहरूकन षैची नाग आसन गरी गुप्त रूपले तप गर्न लागी रह्याका छन् । यो कुरो दुनियांलाई जाहेर थियेन । पछिबाट जलवृष्टि नभै प्रजाहरूले दुःख पाउंदा राजा नरेन्द्रदेववाट क्या आपद आईलाग्यो । मेरा पालामा प्रजाले वहुतै दूःख कष्ट पाया । राजा भै प्रजाकन यदि दुःख भयो भन्या क्या राजा भनि साह्रै मनमा विषाद गरिकन कसो गऱ्या दुर्भिक्षहरण होला कौन उपदेसी सामर्थि होला भनि जान्या ज्योतिष पंडितहरूकन तलास गर्न लाग्या। चारै तरफका जान्या जान्या पंडित ज्योतिक बुढा बुढाहरू गुरु प्रोहित प्रभृति सवैकन वटुल्याइ ठूलो कचहरि गरि सोधपुछ गर्दथ्या । शास्त्रहरू मगाई दुर्भीक्षहरण हुन्याको उपाय शास्त्रमा षोजनलाई अनेक तरहसंग विचार गराउंथ्या। आफु र रातमा हातीमा सवार भै सहर ग्रामका गल्ली गल्ली डुली चर्चा गरि दुनिआ क्या क्या वार्ता गर्दा रह्याछन् भनि बुझन लाग्याका थिया । क्या कारण भन्या पंच भन्याका परमेश्वर हुन्। पंचमा ईश्वरबाट जुक्ती वकाउंछन् भन्या निश्चय गरी रात्रीमा फीर्दथ्या । एक कोइ दिन सहरमा रात्रि विषे फिर्दा कान्तिपूर सहरमा रह्याका वंधुदत्त नाम बौद्धाचार्य थिया । रातमा कोठाभीत्र आफ्नी स्त्रीसंग वसी रहंदा समय स्त्रिले सोधन लागी— हे स्वामी यो नेपालमा जलवृष्टि नभै दुर्भिक्ष हुंदा लोकले साह्रै अंनविन दुःख कष्ट पाया। राजा पनि भर्सक मेहनत गरी जान्या मानीस षोजी वटुल्याउंछन् । कसो गऱ्या जल वृष्टि हुंदो हो भनी सोद्धा वंधुदत्तले केही जुक्ती छ भन्नु हुदैंन अरू केही जुक्ती गरीकन पनि यो कामको पार लाग्न्या छैन भंदा तिस्त्रीले साह्रै ढीपि गर्न लागीन् र वंधुदत्तले बहुतै ढिपी

गरी हत्यादेका भन्न्या जस्तै सताउंदा क्या भन्या— हे सुन्दरी सुन यो कुरा कसैलाई नभन्नु भनी कबुल गराई यहाँ देषि ३०० जोजनभीत्र कामरू पीठमा श्री मत्स्येन्द्रनाथ राजाका पुत्र भै जन्म लीन गयाका छन् । नेपालमा भन्या गोरषनाथवाट नेपाली प्रजाहरूले अनादर गर्दा रीस गरी नागासान गुप्तले तपस्या गर्दा जलवृष्टि नभयाका छन् । ती गोरषनाथका गुरु मत्स्येन्द्रनाथकन आवाहन गरी ल्याउनुसक्या गोरषनाथ तपचर्यावाट उठनन् र नागहरू स्वस्वस्थानमा जानन् र तहांपछि आफै जलवृष्टि भै दुर्भिक्षहरण होइ जान्या थियो भन्या कुरा कहानी गन्याको राजा नरेन्द्रदेववाट सुनी पाइ अव उपाय पायां भनि षुसी भै दर्वार फर्कि आया । भोलि विहान सवेरै बौद्धाचार्यकन वोलाउनु पठाया र तीनले स्त्रीलाई भन्या हेर हिजो राती तैले साह्रै ढीपी गरिस् आज दर्बारवाट वोलाहट भयो । अव राजाले कसो गर्न आंटे भनी डराइ नजाई रह्या र फेरि दर्वारवाट राजाका हुकुम हुंछ विस्तार नगर केहि कुराको डर मनमा नराषनु निसंदेहसंग आउ भनि बुझाई डाकि लग्या । राजाका हजूरमा पुग्यापछि राजावाट पनि वहुतै सन्मानपूर्वक आदर गरि जान्या जान्या पंडित ज्योतिकहरू वटुल्याई शास्त्रको विचार गराई राष्याका मानिसहरू मध्ये कचहरीमा राषी सोधनी गर्दामा ती वंधुदत्तवाट आफ्ना दस्तुर माफिक इश्वरको स्मरणा गरि जोषना हेरि भन्या— हे महाराज आहा ठूलो कष्ट प्रश्न आयो वीना उद्योगले मेहनत् नगरि यो कामना पुग्न्या छैन । क्या कारण भन्नुहोला त यस नेपालमंडलमा वडा सिद्धदेवता गोरषनाथ अप्रसन्न हुंदा नागहरू आसन गरि गुप्त तप गर्नु हुंदा जल वृष्टि शून्य भै दुर्भिक्ष भयाको हो । अव क्या युक्ति गर्नुपर्दछ भन्नुहोला त यस कालमा यहादेषी ३०० जोजनभित्र पूर्व भागमा लीला गर्न निमित्त राजपुत्र भै जन्म लीन गयाका छन् । ति मत्स्येन्द्रनाथ गोरषनाथका गुरु हुन् । तिनकन नेपालमा ल्याउन सक्या तपदेषी गोरषनाथ गुरुका नमस्कार गर्ना निमित्त उठनन् र नागहरू वन्धनदेषी मुक्त हुंदा जलवृष्टी हुन्या छ भनी विन्ती गर्दा ति मत्स्येन्द्रनाथ भन्याका को हुन् । इनका आदीको उत्पत्ती कस्तो हो भनी सोधनी गर्दा ती वन्धुदत्त आचार्य प्रभृती जान्या जान्या पंडितहरू वसी विचार गर्दा शास्त्रानुसार ठहराई विन्ती गर्न लाग्या— हे महाराज पूर्वकालमा श्री महादेव ब्रह्मा विष्णु प्रभृती इंद्रादि तेतीस कोटी देवताहरू जम्मा भै रहन्दा समय श्री महादेवबाट विष्णुतर्फ नजर गरि क्या भन्नुभया भन्या— हे विष्नु तिमि सम्पूर्ण लीलामा कुशल छौ त म एक थोक कुरो भन्दछु क्या भन्नुहोला त—आज मलाई ऐले तिम्रो मोहनी स्वरूपको चरित्र देषाउ भनि सोद्धा भया र विष्णुवाट हे महादेव यो कुरो नभन्नुहवस् भनि बुझाउंदा पनी बुझाउन सकेनन् बहुतै ढीपि गर्नुहुंदा विष्णुवाट उस समय ईनलाई मोहिनी मूर्ति नदेषाई भयन भनि आफु अलप भै मोहिनी मूर्ति देषाउंदा भया । उस वषतमा कस्तो चरित्र देषियो भन्या क्षण भरमा स्वप्ना झैं सब मोहमा परी गया । तत्क्षणैमा दोश्रो संसार जस्तै देषियो । वसंत रितु आइ ठूलो एक वगैंचा देषियो । सुगंध वायु वहन लाग्यो । नाना तरहका फलफूल वनचरहरू नाना पक्षिहरू सुखसंग वोली विहार गन्याको देषीयो । उस बगैंचामा एक अतिसुंदरि मोहिनी मूर्ति देषिया र महादेवका नजरबाट देषि अधिको चेष्टा वदली मोहिनी देषि बहुतै आसक्त भै पछि पछि धाउंदा भया । मोहिनीरूप धारिबाट र हावभाव कटाक्षरूपी तीरले महादेवका मन हरिलिंदा भया र मोहिनी मूर्तिकन पछि पछि धाई समात्न षोजन्या मोहिनीमूर्तिबाट छुनै नदिन्या एस्तै तर्हसंग धेरै वेरसम्म झुलाउंदा आसक्तताले पिडित भै धैर्य धारन नसक्ता. जोरसंग धाइ मोहीनिमूर्तिको पर्स गर्नेवित्तिकै मोहिनीमूर्ति अलप भै विष्णुमूर्ति धारि शिवका उत्थान ध्वजलाई चक्रले छेदन गर्दा शिवको शुक्र च्युत भयो र त्यो शुक्र विष्णुबाट आफना वाहुलीमा थापी लिंदा भया र उस समयमा जव शिवजीसंग विंति गन्या—हे शिवजी तपाईको विर्य वेर्थ हालन योग्य छैन भनी उत्तीषेर वायुदेव र केशरी वानरलाई वोलाई क्या अह्राउनुभयो भन्या हे वायु देवता हे केशरी यो शिववीर्य केशरीका हातमा राषी दी अैले जाई अंजनी तप गर्न लाग्याको ठाउं जाई यो वीर्य तिन्का उदरमा पारीदिनु भनी अह्राई पठाउँदा भया र तिनीहरू जाई दशेन्द्रिय निग्रह गरि तप गर्न लाग्याकी अंजनीका कर्णद्वारबाट शिव वीर्य उदरमा प्रवेश गराउंदा गर्भाधान भै तिनदेषिन् हनुमानको जन्म भयो । शिवका वीर्जे देषि उदय हुनाले बडो समर्थवान् भया । हरिका आज्ञाले उदय हुंदा हरिभक्त भया । केशरी वानरका हस्तबाट वीर्यकन द्वारमा राषनाले कपितन भया । वायुदेवबाट वीर्ज उदरमा प्रवेश गराउदा वायुपुत्र भनि प्रष्यात भया । विनाप्रसंगले अंजनीको गर्भबाट, जन्माउंदा यति भया । यही शिववीर्य केशरी वानरका हात राषिदिया पछि विष्णुका वाहुलिमा लाग्याको नदीमा वाहुली धुदा पानीमा वह्याको वीर्य मत्स्यले षांदा मत्स्योदरदेषिन् मत्स्येन्द्रनाथको जन्म भयो । जल धुंदा पनि नगयाको

विष्णुबाट गोबर मगाई हस्त मली फेक्या को गोमलदेषि उदय भयाको हुनाले गोरषनाथ भनि प्रख्यात भयाका हुन् भन्या वृत्तान्त नरेन्द्रदेवका कचहरिमा जाहेर गर्दा राजालाई वहुतै श्रद्धा लागि मन्मा क्या विचार गऱ्या भन्या जस्ता तर्हसंग पूर्व कालमा रोहिणी नक्षत्रमा शनिवार जाँदा वर्षा शून्य हुँदा रघुवंशमा उत्पन्न भयाका राजा दशरथका पर्यायमा अब कसो गर्न्या हो भनि वसिष्ठादि मुनिहरूकन बोलाई मेरा पालामा प्रजाहरूलाई वहुतै कष्ट प्राप्त भयो प्रजाको प्रतिपाल यदि गर्न सकियेन भन्या राजा भयाको क्या प्रयोजन भयो धिक्कार हो भनि वसिष्ठादिका उपदेश मुनि शनिश्चर जस्तासंग युद्ध गर्नाको अङ्गिकार गरी की प्रजाका कारणमा प्राण गैगयो की प्रजाको उपकार गरि हाल्यां भनि आंटि शनिमाथि धनुर्वाण ली रथमा चढि जाई धनु टंकार शब्द गर्दा म जस्ता विरमाथी उपकार निमित्त आफ्ना जीयको माया त्यागि आई लाग्यो धन्य हो भनि वहुतै प्रसन्न भया र उस रथवाट वल प्रशाद पायां । अव उप्रान्त कौनि कालमा पनि रोहिणिका काष्टमा नजानु भंन्या वढी गरि संसारमा ठुलो यस नाम कमायाथ्यां । तस्तै जुगअनुसर मेरा पालामा यस्तो प्रजाको आपत आई प्राप्तभयो । अब मैले पनि दुर्भिक्ष हरण हुन्या उपायका उद्योगमा जीवको संकल्प गर्दछु सक्या दुर्भिक्षहरण गरी जस कमाउँला । सकीन भन्या पनि प्रजाका कारणमा प्राण गया पनि मलाई वढीयै छ भनी मन्मा विवेक गरी इदमित्थ ठहराई वंधुदत्ताचार्यलाइ यकांतमा बोलाई सम्मत गऱ्या । अब हामीहरूले कसो गर्नु पनि सोद्धा वंधुदत्त आचार्यले क्या विंति गऱ्या भन्या—हे महाराज अब हामीले फकिरको भेष गरी कामरु पीठमा जाई चाहियाको उपाय गर्न जानुपऱ्यो । उद्योग गर्दा दैवागतले जो भै धरि आउंछ सो सो काममा जुक्तिसंग गर्न्या काम गरुंला भनि चाहिदो षर्च ली गुप्तसंग मंत्रीलाई राज्यको भारा सोंपि वढीया वेलामा सायत् गरी प्रस्थान गरी वंधुदत्त आचार्य र एक चाकरलाई साथ ली राजा नरेन्द्रदेवबाट चांहीदा सराजाम लिनलाई नेपालका नाग कर्कोटकलाई आवाहन गरी हामीलाई संकष्ट पर्दा आवाहन गर्दा आउनु भंदा वाचा वंदेजा वांधि प्रजालाई थाहा नदी फकिरका भेष गरि देशांतर गमन गरि गया ।

जांदा जांदा कामरू पिठमा पुगी सहरमा प्रवेश गरी वास गरी राजाका धेरै पुत्रहरूमा मत्स्येन्द्रनाथ चांहि कुन् रह्याछन् भनि तलास गर्न लाग्या । जब विचार गरि ठहऱ्याई सक्याथ्या तहापछि अब यक जुक्ति गर्नुपऱ्यो भनी नागकन आबाहन गरि विन्ति गऱ्या हे नागराज अब तिमीले यस देशका राजाको भोजन गर्दा समय रेणुप्रमाण शूक्ष्मरूप भै राजाका उदरमा प्रवेश गरि आफ्नु शरिर वृद्धि गरि उदरमा पिडा देउ । जब मैले मंत्रले उपकार गरुंला तब तिमीले राजाकन रोग निवारण गरि वाहिर निस्कनु होला भनी नागलाइ पठाइ राजाका उदरमा प्रवेश गरि उदर ठुलो भारि गरि पिडा दिया । हात गोडा मुष सब सुकी पेट मात्र वढी राजालाई पिडा हुंदा अनेक जान्या ज्योतिक देवकन वोलाइ औसदि गराउन लाया । आराम गर्न कसैले सकेनन् । देशि प्रदेशि जान्या को को आउंदा रह्याछन् भनि सहरमा तलास गर्न लाया । यस्तै समय ति बौद्धाचार्यले राजाकन र सेवककन सहरमा डुलन जाउ तिमिहरू औसदि गर्न जांदछौ भनि सोधदा हामि त जान्दौन हाम्रा एक गुरु छन् तिनलाइ औषदिहरूको याद छ भंनु भनि सिकाई पठाया र तेस देशका राजाका मानिसहरूले ति राजा र सेवकलाई तिमिहरू औषधि गर्न जांदछौ कि भनि सोद्धा तिनहरूले बौद्धाचार्यले सिकायाअनुसार उत्तर दिंदा ति राजाका मानिसहरूले बौद्धाचार्यलाई वोलाइ दर्वारमा लग्या ।

तहांपछि मन्त्रीहरूले औषधि गर्न निमित्त विचार गराया । ति वौद्धाचार्यले पनि धेरै विचार गरी नाडी हेरी प्रश्न विचारि चाहिंदो नागपूजाको सरजाम मागी पूजा गरी औषधि षुवाउंदा राजालाई वमन भयो र ति नाग सुक्ष्मरूपले गरि वाहिर निस्कि अलप भै गया । ताहापछि फेरि केहि औषधि गर्दा राजा पिडादेषि मुक्त भै जस्ताका तस्ता भै जान लाग्दा समय धन्य तिमि रह्याछौ मकन जीवदान दियौ भनी वहुतै प्रार्थना गऱ्या । अव तिमि क्या माग्दछौ माग भनी सोध्दा बौद्धाचार्यले म केही माग्दिन यदि वक्सनु हुंछत तिनवार सत्यवाचा गर्नु होला तव म यक्थोक माग्दछु भनि सत्यवाचा गराई क्या माग्या भन्या हे महराज तम्रा धेरै पुत्रहरू छन् तिनहरू मध्ये मैले रोजि लियाका एक पुत्र वक्सनुहवस भनि माग्दा राजाले विचार गऱ्या— पुत्र दिनु भन्याको कठीन कुरो हो परंतु मलाई जीवदान दि सत्यकवुल गराइ सक्यापछि दिनै पऱ्यो भनी लौ दिउँला भनी कबुल गऱ्या ताहांपछि सवै पुत्रहरू वोलाइ सामन्य राषि लौ एक पुत्र लैजाउ

(क्रमशः)

# ऐतिहासिक पत्रस्तम्भ

श्री दुर्गासहाय

अर्जी———

उप्रान्त तराइका अमलदारीको र वासिल्वांकिको कागज लिन कप्तान वीरकेश र पांडे सर्दार वषतुसिं वसन्यात चंद्रशेखर पाध्याले सुगौली जानु भनि मर्जि आउँदा आहां आइ अमल्दारी चौतारा प्राण साह् छेउ पठायापछि पांडे कप्तान वषत्सिं सर्दारलाई वोलाहट आउँदा २ दिनको अघिपछि गरी दुइ जना कडर्वना गया : म मर्जिले इहाई वस्याको छु वासिलवांकिका कागजका अर्थलाइ साहवले अमलदारी सनद दिंदा मा भन्या—अमला र चौधरी कानूनगोहरू आइपुग्यापछि कागज दुरुस्त गरी सौंपौंला भन्याथ्या महोत्तरी लगाइत वोरियातकका चौधरी गैरह भन्या आईरह्याछन्: सप्तरीका अरू आई पुग्याका छैनन् २।१ दिनमा आइ पुगनन् भन्या कुरा गर्छन् महोत्तरी पछिम्का आहा आइपुग्याका चौधरी गैरह रैयतलाइ भन्या चेताउन्या पाठ तीनै जनाका सल्लाहले गरिन्थ्यो कर्नेल र मुन्सीसित गर्न्या कुरा पनि जान्या बुझ्यासंम गरिंदै थिया अरू पनि मर्जि आयामाफीक गरिन्यैछ याहां देषियाको काम भन्या रैयत र अमलाहरूका लेन्देन्मा कव्जि र वेकव्जिको धेरै तफावत् रहेछ र रैयतहरूले याहां मिले तम्रा तहसील्दारहरूछेउ दियाका रुपयाको कबज पाउन्या रुपया फिर्ता पाउँ भन्या सवाल गर्न लागिरह्याथ्या. उन्ले गर्‍याका उजुरात नसुनि, साहवले, मुलुकमा तहसील्दारहरूले किस्तावंदि तहसील गरी, उसै किस्तावन्दिका असूली फर्दमा चौधरी कानुन्गोहरूले दस्षत् गर्‍याका. कागजात् र नासरलीको भाइ तहसिल्दार अहमदली वासिल्वांकि गर्‍याको, महोतरी लगाइत वोरीयाक्, सिवाय पचरौताको वासिलवांकिको फर्द हामि छेउ पठाइदिया सप्तरीका अमला आइपुग्यापछि वांहाका पनि दिउंला भनि लेषिपठाया र उ कागजात चौधरी गैरहलाइ देषाइ यो वांकि तिमीहरूले दिनुपर्न्याछ। कसो भन्छौं भन्दा, हाम्रा वेकवूजि रुपैया धेरै पैठ छन्, यो वांकि हांमिछेउ ठहर्न्या छैन, हांमि साहवछेउ कराउँछौ, भन्न्या कुरा गर्‍या रैयतछेउ. मामूली वांकि सध्ला. उजुरी सधैं नै एस्को ठेगान भैं. ठेक्याका वांकिको कागजमा चौधरी कानुन्गोको सहि हलाइ लियापछि तकार गरैन. भनि रैयतले उजुर गर्‍यामाफिकको जवावी चीठी साहवलाइ लेखि. उन्ले पठायाका वासिल्वांकि फर्दसमेत काग्जात उसै दिन फिर्ता गरी दिञु. वासिलवांकि फर्दको, कर्नेलले हांमिलाइ लेष्याको र हांमिले उन्

राष्ट्रिय अभिलेखालयमा रहेका र अरू पनि प्राचीन महत्वपूर्ण पत्रहरु यस स्तंभमा रहन्छन्–सं.

लाइ जवाव लिष्याका चिठीका नकल चह्लाइ पठायाका छन् वेवरा इनैले जाहेर होला, तस्का दोश्रा दिन सर्दार म, गै मुन्सीसित पनि साहवसित पनि धेरै कुरा भया रैयतले भन्या माफिक अमलाहरूका कुरा पनि षोलिकन भनियो, दुवैले मैलो मुष गरी, यो. क, स्ता तरहले फछिन्छ तिमिहरू भन भनि साहवले भन्या र, या तम्रा अमलाछेउ दाषिल भया को जमामा चढाइ वांकि षसोस्, या रुपैया फिर्त्ता हउन् येति भयेन भन्या एस् तम्रा कागजले चौधरी कानुन्गोछेउ पनि वांकि तहसीलको दाइया पहुच्तैन एस् असामी छेउ एति वांकि छ भन्या कुरा पनि षुल्दैन, चौधुरी कानुन्गो ठीकेदारहरूको माकूली दसषत भयाको वांकिको फर्द नभै भन्या यो तिमिले लेष्याका वांकिको जंमा ठांवै रहला उठैन. तसर्थ यो त फरेवले गर्नु छैन. सफाइसित गर्नु छ भन्या. तम्रा जति अमला छन् हाम्रा सपुर्द गर मुलुकैमा गै छोटा वडा सव रैयतका रोवरोह तज़वीज गरी जो वाज़्वि ठह र्ला तसैमाफिक रफा होला वाहां भयेन भन्या नेपालमा. गारन् साहव वस्येका छ न् वाहिं जाइ रफा होला कदाचित् वाहां पनि रफा भयेन भन्या एस्को फैसला गार न् साहवं मार्फत् कलकत्ता सदरमा जाला भन्या कुरा गर्दा र साहवछेउ उरैतानले अर्जि दिदा. ग्राहा आइपुग्याका सरैयतलाइ तलव गरी. तिमीहरूले. अमलालाई दियाको जो छ षसोषास् लेषि ल्याव भन्या कुरा साहवले भन्दा रैयतहरूले पनि गयाका रुपयाको फर्द लेषि लैग्या. साहवले रैयतलाइ गंगाजलि दियो लाउन्या कुरा वोलायाँ अमलाहरूले पनि मै ला भुष गरी. हांमि पनि इन्छेउ केहि लियाको छैन भनि गंगाजल उठाउंछौ भन्या कुरा गरी गंगाजली उठाउंदा हाम्रा रैयतले साहवलाइ जस्ले इमान छाडि वेइमानी गरी अर्का को माल पायो, तस्का गंगाजली उठावनाको सहि राख्यौ भन्या तिमि आयना अमलाको व हुत् तरफदारी गर्न लाग्यौं, हांमि ग्राहा निसाफ पाउन्या छौन तम्रा अमलासाथ गरी देउ ने पाल गारन् साहबछेउ जान्छौ. हाम्रा षामिद पनि छन् वाहिं निशाप होला भन्या कुरा छडिक न गन्या र, डेरा डेरा गया. यो विस्तार हजूरमा म विन्ति गरी पठाउंला भनि सर्दारले भनि गयाथ्या उनै सरका विन्तिपत्रले जाहार भयो हो आज ग्राहा सुन्दा. कर्नेल वराट साहवले इनै कुराको विस्तार लेखि उहि हामि छेउ पठायाका वासिलवांकिका कागजात तांहा गारन साहवछेउ पठाया भन्दा सु न्छौं तांहां गयाका भया साहव मज़्कुर मार्फत् हजूरमा दाषिल हुनन् ग्राहां भयाका कु राको विस्तार पुग्या. दोहरो बूझ मिलि कुरा हुनन् भनि विस्तार गरी विन्ति लेष्याको छ एता वाट ति कागजात कदाचित् तांहां नगयाका भया पनि एस्मा गारन साहवसित कुरा हुंदा जो ठहर्छ. ग्रांहां हामिलाइ पनि एसो गर्नु भन्या हुकुम आया सोवमोजिव ग्रांहा भ न्या गर्न्या काम कुरा गरौंला. इन्का अमला भन्या तहसील्दार भै वस्न्याले रैतान् छेउ १ दाम लियाको छैन भनि गंगाजल उठावनातक पनि फरेव गर्न लागी रह्याछन् रुपया भन्या इन्का रिशाल् दफदरमा दाषिल नभै वीचमा रह्याका रैतान्का जुवानी ले भन्या धेरै सुन्छौं. अमलाहरू फितुर गर्न लागीरह्याछन् रामवकस पनि आ इपुग्यो उ पनि कसैका रुपया कसैले लियाका छैनन् भनि फरेवैका कुरा गर्छ भन्दा सुनिन्छ ग्रांहा उप्रान्त वातचित् जस्ता हुनन् विन्ति गरी पठाउंला विज्ञवर डाभु चरणकमलेषु किमधिक मिति वैशाष वदि १३ रोज २ संवत् १८७४ मुकाम सुगौली शुभम्———

इतः शुभचिंतक सेवक चंद्रशेखर उपाध्यायको बेदोक्त शुभाशीर्वाद शतं,

**श्री ५ सर्वार** श्री सुव्वा करविर सेन्

**१**

स्वस्ति श्री लिखितम् मलबारका जिमीदार पृथ्बिपति राया मुषतार केवल राया आ. गे ० साल ८६ मा गोर्षा १ को र नवाप १ को सिवाना हुंदा कंपनिबाट कप्ता न कदरी उट्न् साहेव आई सरहद फौसला गर्दा हाम्रा इलाका प्रगंना मलवा रको पाहाड मध्येसको इलाका जुदा गर्दा गोर्षा १ बाट आयाका २ नवाप १. – बाठ आयाको मुंसि हुकुम्चंद इ दुइ जनालाई राषि मलाई साहेवले हुकुम. दियो भंडारमनि माल झुम्को नक्वादेषि उत्तर मिनारतक् गोर्षा १ को तेसैमा. लझुंदेषि दछिन् नवाप १ को मिनार अगाडी जो वांधियाको सिरिफ नदि. का वास्ता वांधियाको छ तिमी यस् जगाको नवापतरफको जिमिदार छौं का. लकला गोर्षा १ को र नवाप १ को सिवाना सरहदमा कजिया तकार हुन गयो. भन्या मैले सिवाना फैसला गरिगयावमोजिम गंगा तुलसी दमियां नराषि ध. र्म भाकिदिनु भनि साहेबले भनिगयाको छ अंनपानीको सरिर कालकला भु. ल चुक हुन जाला भनि करारनामा लेषी २ मार्फत गोर्षा १ मा लेषि चढा. याँ इतिसम्वत् १८८६ साल मिति माघ शुदि ११ राज ४ मुकाम वडै पारघाट शुभं.

## जिमिनको नापको तप्सील

**मंडिको जिमि**

| | |
|---|---|
| गंगा महाकालिको तिरदेषि पूर्व भारिसम्म हात | ९१८ |
| उत्तरको नक्वादेषी दछीनको नक्वासम्म हात | २००० |
| दछिनको नक्वादेषी यकवार हात | १५०० |
| यक्वारको दछिनको नक्वादेषी मिनारसम्म हात | ३७५० |
| मिनारदेषि पश्चिम गंगासम्म हात | १३५० |
| मिनारदेषी पूर्व डिलको घारीसम्म हात | ३२५ |
| मिनारदेषि दछिन वांसघारीसम्म हात | १७०० |

**षेराउ**

| | |
|---|---|
| पपडचा पानीको मिनार वाध्यादेषी उत्तर भट्टिसम्म हात | ९६ |
| तेसैं मिनारदेषी पूर्व षडा पाहाडसम्म हात | २५ |
| भट्टिदेषी पश्चिम दोश्रो मिनारसम्म हात | ७२ |
| भट्टि वस्याको जगा हात | ११४ |
| रोटेल्याको षेराउमा मिनार खडा गर्न्यादेषि उत्तर षडा पाहाडसम्म हात | २४ |
| तेसै मिनारदेषी पूर्व वेजनासस्म हात | ३६ |

**कर्नालिको मिनार**

| | |
|---|---|
| पूरानु मिनारदेषि दछिन नयां मिनारसम्म हात् | ६०५ |

नयां मिनारदेषि पूर्व ढिक् हात् ८१ गंगासम्म वगर हात ३१ जम्मा — — — ११२
नयाँ मिनारदेषि दछिन माल झुंको नक्वासम्म हात — — — — — ६५५०
विचको मझुवा उत्तरदछिन वगर हात् ज्मा — — — — — २३००
पूर्व वगरको डिल् पश्चिम पाहाडसम्म हात् — — — — ३००
पाहाडभित्र मैदान हात — — — — — — १००
वगर मैदान हात् — — — — — — —१९००
केवल राई बस्थाको जगा पूर्व गंगाको डिलप
श्चिम पाहाडसम्म हात्त — — — — — — — ७३७।।
माललुको नक्वा उचो हात् — — — — — — — १०१

*श्री ५ सरकार* *श्री तारादल* *श्री सवुज* *श्री कालिवाङ*
*१* *२* *३* *४*

१ स्वस्ति श्री सर्बोपमायोग्यत्यादि सकल गुणगरिष्ट राजभारोद्धारण षड्गुग्राहिक सामर्थ श्री श्री श्री काजि सालेब रणदल पां

२ डे महासयेषु इत श्री मित्रलाल अधिकारिकस्य शुभाशिर्वाद, शतं पूर्वक पत्रमिदं. इत निक तांहा चरण कुसल मंग

३ ल सदा सर्वदा आनन्द हुनु भया हाम्रो प्रतिपाल उद्धार होला. आगे आहाको समचार भलो छ श्रावण शुदी १।११ रोज ४ ।

४ १७ मा. लेषियाको क्रिपापत्र २ लालमोलर १ ऐहि शुदि ११ रोज ७ मा र. भाद्र वदी ३ रोज १ मा. आइपुग्यो. पढि सिर चह्रा

५ आं. उप्रान्त यामले र. जगाले. सेरमरुवाले. गोभै सरणमा आयाको छौं भंनाले १ बाट यस्तै गर्नु हुकुम र क

६ प्तान् हालं साहेवको. सल्लाह पनि नआइ पुग्नाले. अलमल पर्दा. डांकुहरूहाई पूर्व उत्तरबाट. हामी रोरि पेली ल्या

७ उछौं. दक्षिण. पश्चिमको रस्तामा. तिमिले फौज राषि रोक. हाम्रा पकडाइ पऱ्याको हामि सौपि दिउला. हाम्रा प

८ कडाइ नपऱ्याको तिमिहरूले पक्रनु पर्ला भँन्या. कुराको कपतानसंग सल्लाह. मिलाइ आंहां लेषी पठाउनु र.

९ उहि माफिक. लस्कर लि. हांमि यतावाट आउंला. कप्तान उतावाट आउनन्. सामेल भै काम गरौंला २ १ को दो

१० स्ति छ. हाम्रा तर्फबाट. कोहि वातको पनि फरक पर्न्या छैन. भंन्या कुरा अह्राइ. मुंसि मेजरलाइ कप्तान छेउ. पठा

११ याको छ दिनपछि. तांहांबाट. लालमोहर चिठी फार्सि षत्को हिंदवी उतान्याको २ षत् समेत आइपुग्दा. कामको

१२ वेहोरा मिल्यै जस्तो देषीयो. वढीया हुकुम आज्ञा आयेछ.. बोहि वषतमा. सवैका नक्कल् उत्तारि. लिफाफा. स्मेत् मुं

१३ सि मेजरछेउ पठाइ २५ सिपाही सायना लि. पछी छिनजराङको षट्को कोट्. वस्ति नभयाको जगल् टिपामा म

१४ हुंत लोकनाथ वावाजि र. म आइ वसिरह्या छौं, चरणबाट वारंवार १ मा. तिवि अर्जि चह्राइ पडाइ. साधक

(क्रमशः)

# ललितपुरका मल्ल राजाका

## ताडपत्र तमसुकहरू

*शङ्करमान राजवंशी*

यहाँ लोकप्रकाश मल्लको दुइटा, वीरनरसिंह मल्लको एउटा, ऋद्धिनरसिंह मल्लको एउटा तथा महीन्द्रसिंहको दुइटासमेत गरी जम्मा ६ ओटा ताडपत्र तमसुकहरू दिएको छु। यी ताडपत्रहरू राष्ट्रिय अभिलेखालयमा संग्रह भएका छन् । यो संग्रह वीरपुस्तकालय घण्टाघरमा हुँदा भएको हो। संग्रह भएका ती ताडपत्रहरूमध्येबाट छानबीन गरी केही ताडपत्रहरू प्राचीन नेपाल ४ अंक र ५ अंकमा पनि दिइसकेको छु। अहिले यहाँ दिइएका ताडपत्रमा पनि लेखनशैली पहिलेकैबमोजिम छन् । लिपि नेवारी छ । भाषा संस्कृत तथा नेवारी मिसिएको, अक्षरैपिच्छे भिन्नाभिन्नै डिको भएको, ताडपत्रको छेउमा माटोको छाप लगाइएको इत्यादि पूर्ववत् प्रकारका छन्। पत्रहरूको आकार प्रकारको नाप र पत्रमा रहेका माटोको छापको विवरण सहित प्रत्येक पत्रमा सामान्य परिचय यहाँ पनि पूर्ववत् दिएको छु । विषयैपिच्छे अन्त्यमा छोटकरी टिप्पणी दिइएको छ । अर्थ तथा विस्तृत व्याख्या पछि गरिनेछ ।

मल्लकालमा मानिसहरू लेनदेद व्यवहार गर्दा यस्तै किसिमले तमसुक लेख्दथे, सो तमसुकमा आफ्ना भरपर्दा मानिसलाई साक्षी राख्तथे । त्यसमा प्रामाणिकको लागि लाहाछाप लगाए झैं गरी पत्रको छेउमा माटोको छाप पनि लगाउने चलन छ । अहिलेको चलनअनुसार रजिष्ट्रेशन पास गरे जत्तिकै गरी त्यस वेला ती पत्रलाई प्रामाणिक मानिन्थ्यो । त्यसैले राजाले गरिदिएका पत्रमा प्रामाणिक को लागि राजाले आफ्ना उत्तराधिकारीलाई साक्षी राखी छेउमा माटोको छाप लगाइदिने चलन छ । यस्ता तमसुक पत्रहरूमा तिथि मिति लेख्ता प्रायः बार लेख्ने चलन देखिँदैन । इत्यादि कुरा यस्ता पत्रहरूले बताइरहेका छन् । यी पत्रबाट त्यस वेलाका राजाका उत्तराधिकारी राजज्योतिषीहरूका नाम थाहा पाइएका छन् । प्राचीन नेपाल ५ अंकको ३३ पृष्ठमा बताइएका राजाका उत्तराधिकारीहरूमध्ये बोध मल्ल कुह्मर पनि परेका छन् । ती बोध मल्ल कुह्मर इन्द्र मल्लका बाबु हुन् तिनको विशेष परिचय पूर्णिमा १४ अङ्कको १३९ पृष्ठमा हेर्नुहोस् ।

### लोकप्रकाश मल्ल

**वि. सं. १७६२ को**

*लम्बाइ २ फुट ५ इञ्च*
*चौडाइ ¾ इञ्च*

यसमा माटोको बाटुलो छाप छ। छापको बीचमा कछुवाको मूर्ति छ। कछुवाको माथि श्री अङ्कित छ। श्री को दायाँ वायाँ चन्द्र अङ्कित छन्। यो पत्र राजा लोकप्रकाश मल्लले अमात्य राजाराम भारोलाई जग्गा बेची गरिदिएको हो। यसमा साक्षी इन्द्र मल्ल छन्। पत्र लेख्ने राजज्योतिषी महेन्द्रराज छन् यस पत्रमा बिक्रीविषयको कुरा छ। जग्गाको ४ किल्ला खुलाएको छ।

**मूल—**

(१) ॐ स्वस्ति ॥ श्री माणीग्लाधिपति श्रीश्रीजय लोकप्रकाश मल्लदेव प्रभु ठाकुरसन महापालचाकलु यत्तागृहनिवासी ग्राहक अमात्य राजाराम भारोनाम्ने

प्रसादीकृतं पाजन वातिका नाम प्रदेशे नदीसीमायाष्पश्चिमतः वदेजुयाओ वुङ्गदेव राम भावयाओ सीमाया उत्तरतः मालसिंह भावोया सीमाया पूर्व्वतः श्री श्री राजया भूमेण दक्षिणतः एतन्मध्ये तद्वातिका पञ्चवीसकर्षाङ्क कर्ष

(२) नीयङा २५ पुन अतर द्वपलंवु वातिका सार्द्धमेषकर्षाङ्ककर्ष छित्या १॥ भूय च्वाकनपा क्षेत्र पादाधिकमेक रोव छि १ जव छि १ सतुंग्ल हेला पुषुदि क्षेत्रमेकपादाङ्क जव छि १ यथा चतुराघाटेन परिवेष्ठितं एते वातिका क्षेत्राणां यथा नगरकार प्रवर्त्तमानेन सुवर्ण्णपुष्प मालार्ध प्रढौकृत मोहोर टंका स्वश्ल गूय नसि त्या ३९२॥ आदाय स्वाधिना वर्त्तकं न्यायेन कृये विकृयेन प्रसादो कृता अत्र प

(३( त्रार्थे दृष्टसाक्षि श्री इन्द्र मल्ल थाकुरस सम्वत् ८२६ फाल्गुण शुक्ल दशम्यान्तिथौ श्री राजदैवज्ञ महेन्द्रराजेन लिखितँ ॥ पुन भाषा घोलपु धलया लेख थ्वपाजन वुयात कायदो जुरो ॥ तत्मूल्यं ग्रयित्वा सिद्धपत्रं ॥शुभ॥

## वि.सं. १७६३ को

*लम्बाइ १ फुट ८ इञ्च*
*चौडाइ १९ इञ्च*

यसमा माटोको बाटुलो छाप छ । छापको बीचको कछुवाको मूर्ति अङ्कित छ । त्यसको माथि श्री अङ्कित छ । श्रीको दायाँ वायाँ चन्द्र अङ्कित छन् । यो पत्र राजा लोकप्रकाश मल्लले ब्राह्मण तुलारामलाई जग्गा बेची गरिदिएको हो । यसमा साक्षी इन्द्र मल्ल छन् । पत्र लेख्ने राजज्योतिषी मोतीराज छन् । यहाँ पनि जग्गाको चार किल्लाको विवरण तथा बिक्रीविषयका कुरा छन् ।

**मूल—**

(१) ॐ स्वस्ति ॥ श्री माणीग्लाधिपति श्री श्री जय लोकप्रकाश मल्ल देव प्रभु ठाकुर सन लौहो कोटखा ङवसि ताहावक्षेल गृहनिवासी ग्राहक विप्र श्री तुलाराम नाम्ने प्रसादीकृत लखुता क्षेत्रे नाम प्रदेशे धलसीमाया पश्चिमतः श्री श्री राज्ञा क्षेत्रेणोत्तरतः धरओ मार्ग

(२) ओ सीमाया पूर्वतः कीर्तिपुरमिया ओ लोहो कोट खाया भुवनसिंह भारोयाओ द्वयो क्षेत्रेण दक्षिणतः एतन्मध्ये तत्क्षेत्र सप्तरोपनिकं रोव ह्वस ७ पुन पश्चिमदिशे खोचोयिता क्षेत्रम् त्रयरोपनिकं रोव स्वं ३ यथा चतुराघाटेन परिवेष्ठितं तत् लखुता क्षेत्रे यथा नगरकार प्रवर्त्तमानेन सुवर्ण्णं पुष्प मालार्घ मोहोर

(३) टंका प्येश्ल ४०० आदाय स्वाधिना वर्त्तकं न्यायेन ऋयविक्रयेन प्रसादारया कृता अत्र पत्रार्थे दृष्ट साक्षि श्री इन्द्र मल्ल थाकुरस सम्वत् ८२६ आश्विणी कृष्ण षष्टचान्तिथौ श्री राजदैवज्ञ मोतिराजेन लिखितं ॥

**टिप्पणी—**

वि. सं. १७६२ कार्तिक शुक्ल एकादशीको दिन पाटनका राजा योगनरेन्द्र मल्लको मृत्यु भएपछि योगनरेन्द्र मल्लका ठ्याहा छोरा नहुनाले यी लोकप्रकाश मल्ललाई राजा बनाए । यी लोकप्रकाश योगनरेन्द्र मल्लकी छोरी योगमतीका छोरा हुन् यसको परिचय इतिहास संशोधनको प्रमाणप्रमेय पहिलो भागको १२८ पृष्ठमा हेर्नुहोस् । यी लोकप्रकाश मल्ल धेरै काल राजा हुन पाएनन् । राजा भएको लगभग १ वर्ष जत्तिमा यिनको मृत्यु भयो । यसपछि इन्द्र मल्ल राजा भए । लोकप्रकाशले आफूपछिको उत्तराधिकारी इन्द्र मल्ललाई बनाएका हुनाले उपर्युक्त दुवै पत्रमा लोकप्रकाशले इन्द्र मल्ललाई साक्षी राखेका हुन् । यी इन्द्र मल्ल योगनरेन्द्र मल्लकी दिदी मणिमतीका छोरा हुन् । यसको परिचय इतिहास संशोधनको प्रमाणप्रमेय पहिलो भागको ९८–९९ पृष्ठमा हेर्नुहोस् । उपर्युक्त दोस्रो पत्रबाट लोकप्रकाश मल्ल ने. सं. ८२६ (वि. सं. १७६३) आश्विण कृष्ण षष्ठीसम्म जीवितै रहेको कुरो प्रमाणित भएको छ ।

## वीरनरसिंह मल्ल

**वि. सं. १७६६ को**

*लम्बाइ १ फुट १½ इञ्च*
*चौडाइ ८ इञ्च*

यस पत्रमा अगाडिपट्टि लेख ४ पंक्ति छन् । पछाडिपट्टि लेख १ पंक्ति छ । छेउमा बाटुलो माटोको छाप छ । छापको बीचमा खड्ग अङ्कित छ । सो खड्गको आसन गोहीको पीठ गरिएको छ । खड्गको दायाँ बायाँ श्री अङ्कित छन् । यो पत्र राजा वीरनरसिंह मल्लले भेलु भारोलाई खेत बेची गरिदिएको हो । यसमा साक्षी ऋद्धिनरसिंह मल्ल छन् । पत्र लेख्ने राजज्योतिषी महेन्द्रराज छन् । यसमा पनि जग्गाको चार किल्ला र बिक्री विषयका कुरा छन् ।

**मूल—**

(१) ॐ स्वस्ति श्री माणीग्लाधिपति श्रीश्रीजयवीरनरसिंह मल्लदेव प्रभु ठाकुरसन पश्लछेलं यंतागृहनिवासी ग्राहक मेलु भारो नाम्ने प्रसादीकृतं तक्व वु क्षेत्र नाम प्रदेश चङसिया

(२) धोकह्मपनिसे क्षेत्रेण पश्चिमतः श्री ३ जतलं देवया क्षेत्रेणोत्तरतः धलसीमाया पूर्व्वतः मार्ग्गेण दक्षिणतः एतन्मध्ये तत्क्षेत्र पादाधिकम्त्रय रोपनिकं रोव स्वं ३ जव छि १ पु

(३) ह्न सखोवातिकाद्वयोकर्षाङ्ककर्षनसि २ यथा चतुराघाटेन परिवेष्ठितं एतौ द्वौ क्षेत्रौ यथा नगरकार प्रवर्त्तमानेन सुवर्णपुष्पमालार्घे मोहोरटंका नेश्लनसि २०२ शुकि २ आ

(४) दाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादीकृता अत्र पत्रार्थे दृष्टसाक्षि श्रीऋद्धिनरसिंह मल्ल थाकुरस सं ८२९ वैशाष शुक्ल तृतीयायान्तिथौ श्रीराजदै

(५) वज्ञ महेन्द्रराजेन लिखितं ।। तत्मूल्यं प्रढौकयित्वा सिद्धपत्रं ।।शुभं ।।

**टिप्पणी—**

वि. सं. १७६६ चैत्र शुक्ल पूर्णिमाको राती पाटनका राजा इन्द्र मल्लको मृत्यु भएपछि राजगद्दीको नजीकका हकदार नभएकाले योगनरेन्द्र मल्लका भित्रिनी रानी राजेश्वरी देवीपट्टिका छोरा महीन्द्र मल्ल राजा बनाइएका थिए। यो कुरो इतिहास संशोधनको प्रमाणप्रमेय पहिलो भागको १००–१०१ पृष्ठ तथा पूर्णिमा १२ पूर्णाङ्कको ३२ पृष्ठमा हेर्नुहोस् । तर ललितपुरमा यिनताका राजसत्ता हात लगाउन भारदारहरूमा दाउपेच चलिरहेको थियो। त्यस कारण भारदारहरू मतभेद भई दुइ दलमा विभक्त हुन गएको बुझिन्छ। एक दलले महीन्द्र मल्ललाई राजा बनाए त अर्को दलले वीरनरसिंहलाई राजा बनाए। यी वीरनरसिंह मल्लको ने. सं. ८२९ को टक पनि पाइएको छ (नेपाली मुद्रा सूची ११ पृष्ठ हेर्नुहोस्) । यी वीरनरसिंह कसका छोरा हुन्, को हुन्, यिनको परिचय थाहा हुन सकेको छैन । तर कान्तिपुरले महीन्द्र मल्ललाई समर्थन गरेकोले वीरनरसिंहपट्टिको दल आखिर टिक्न सकेन।

## ऋद्धिनरसिंह मल्ल

**वि. सं. १७७३ को**

*लम्बाइ १ फुट ४ इञ्च*
*चौडाइ १ इञ्च*

यसमा मोटोको बाटुलो छाप छ। छापको बीचमा सानो बाटुलो घेरा छ। त्यस घेराभित्र सिंहको मूर्ति अङ्कित छ। घेराबाहिर चाहिं श्री ऋद्धिनर लेखिएको छ । सिंहको मूर्तिसहित गरी ऋद्धिनरसिंह भन्ने आफ्नो नाम पूरा गरेको छ । त्यसकारण सिंहको मूर्ति आफ्नो नामको पूरक देखाइएको छ । यसमा साक्षी वीरनरसिंह छन्। लेखक राजज्योतिषी जोगराज छन् । यो पत्र राजा ऋद्धिनरसिंहले पाटन महापालका अमात्य राजाराम भारोलाई जग्गा बेची गरिदिएको हो ।

**मूल—**

(१) ॐ स्वस्ति ।। श्रीमानिग्लाधिपति महाराजाधिज श्री-

श्रीजय वीर ऋद्धिनरसिंह मल्लदेव पुत्र थाकुरसन महापाल चाग्ल येतागृह निवाशि ग्राह अमात्ते राजाराम भारोस नाम्ने प्रसादीकृतं गोदादुलिक्षेलवाटिकानामप्रदेशे श्रीश्रीराजया क्षेलशिमाया पश्चिम

(३) त श्रीश्रीराजयाओ ललितसिंह भारोसव वाटिकाया उर्त्तरत ग्राहकस वाटिकायां पूर्व्वत स्वल्पनदीशिमाया दक्षिणतश्च एतन्मध्ये तद्वाटिका चारिश कर्षाङ्ककर्ष पीय ४० पुन फनपिगुको वाटिका वारहकर्षाङ्क कर्ष श्लनसि १२ नेचातरं जुरो पुन थंथ छे वातिका

(३) पञ्चकर्षाङ्ककर्ष ङा ५ पुन पालाकशिको वाटिका द्वयो कर्षाङ्क कर्ष नसि २ पुन ध्वपागामवाटिका सार्द्धमेक कर्षाङ्क कर्ष छित्या १।। पुन तक्वयाख द्वयो जवाङ्क जव नसि २ यथा चतुलाघातेन पलिवेष्ठितं एते वाटिका यथा नगलकाप्रवर्त्तमानेन सुवर्णपुष्पमा

(४) रार्घप्रढौकृत मोहोरटंका स्वश्ल ङयषु ३५६ आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीन प्रसादालपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्रीवीरनरसिंह थाकुलस सं. ८३६ आषाढ कृष्ण चतुर्थ्यान्तिथौ

(५) श्रीराजदैवज्ञ जोगराजेन लिखितं ।। वयिजाल धरव जोलषु धरया वलंख कायदु जुरो ।। भर्ण्णसुद्धकं दुन्त धुङ जुरो ।। शुभ ।।

**टिप्पणी—**

पाटनका राजा योगनरेन्द्र मल्लका ठचाहा छोरा नभएकाले योगनरेन्द्रपछि पाटनका विभिन्न थरी राजा भए। तिनमा योगनरेन्द्रका मठ्याहा छोरा महीन्द्र मल्लले पनि राजा हुने सौभाग्य पाएका थिए । ती महीन्द्र मल्लको मृत्युपछि वि. सं. १७७१ मा ऋद्धिनरसिंह मल्ल राजा भए । योगनरेन्द्र मल्लकी दिदी रुद्रमतीका छोरा रुद्रेन्द्र मल्लका छोरा यी ऋद्धिनरसिंह हुन्। यिनले वि. सं. १७७३ मा पाटन मूलचोकमा आफ्ना इष्टदेवतालाई सुनको तोरण चढाएका थिए (इतिहास–संशोधनको प्रमाणप्रमेय पहिलो भागको २६९–२७१ पृष्ठमा हेर्नुहोस्) ।

यस पत्रमा राजा ऋद्धिनरसिंहले दृष्ट साक्षी वीरनरसिंहलाई राखेका छन्। यी वीरनरसिंह उनै महीन्द्र मल्लका प्रतिद्वन्द्वी हुन् । यी वीरनरसिंहको कुरा माथिल्लो पत्रमा गइसकेको छ। यस पत्रबाट राजा ऋद्धिनरसिंहले आफूपछिको उत्तराधिकारी वीरनरसिंहलाई नै छानेका रहेछन् भन्ने बुझिन्छ । तर ऋद्धिनरसिंहपछि कान्तिपुरको राजा भास्कर मल्ल (महीन्द्रसिंह) पाटनको पनि राजा भएको देखिएको छ । तर ती वीरनरसिंह मल्ल ऋद्धिनरसिंहपछि फेरि राजा भएको देखिएको छैन ।

## महीन्द्रसिंह

**वि. सं. १७७७ को**

***लम्बाइ १ फुट २½ इञ्च***
***चौडाइ १¼ इञ्च***

यसमा माटोको बाटुलो छाप छ। छापको बीचमा सिंहको मूर्ति अङ्कित छ । छापको घेराभित्र श्रीमहीन्द्र लेखिएको छ। यहाँ पनि सिंहको मूर्तिसहित गरी महीन्द्र सिंह भन्ने आफ्नो नाम पूरा गरेको छ। यो पत्र राजा महीन्द्रसिंहले कान्तिपुरको वटुटोलमा बस्ने धर्मसिंह भावोलाई खेत बेची गरिदिएको हो। यसमा साक्षी जगज्जय मल्ल छन्। पत्र लेख्ने राजज्योतिषी कोटिराज छन्।

**मूल—**

(१) ॐ स्वस्ति ।। श्रीमाणीग्लाधिपति महाराजाधिराज श्री श्री जय गजपति महीन्द्रसिंहदेव प्रभु थाकुरसन श्रीकान्तिपुरिदेश वतुत्वाल वोहोलसिकोलं यौतागृह निवासि ग्राहक धर्म्मसिंह भावोनाम्ने प्रसादीकृतं ।।

(२) तेभुक्षेलदु क्षेत्रनामप्रदेशे ।। श्रीश्रीराज्ञाक्षेत्रात्पश्चिमतः दक्षिणतश्च मार्गेणोत्तरतः राजाराम भारोस क्षेत्रात्पूर्व्वतः एतन्मध्ये तत्क्षेत्र सार्द्धदशरोपनीकं रोव साह्नत्या १०।। भूय च्याका अफलपंचरो

(३) पनीक रोव ङा ५ भूय वितो द्वयो रोपनीकं रोवनसि २ भूय प्यंग्वडलुखा सार्द्धमेकरोपनीकं रोव छित्या १।। भूय द्वंओलमेकरोपनीकं रोव छि १ एते क्षेत्र यथा नगरकाल प्रवर्तमानेन सुवर्ण्ण पु

(४) ष्पमाला प्रढौकृत मोहोरटंका ङश्लपीयत्या ५४०।। आदाय स्वाधिना वर्त्तकं न्यायेन क्रीविक्रीन प्रसादीकृता अत्र पत्रार्थे दृष्टसाक्षि श्रीजगत जय मल्ल थाकुर सं ८४० आश्विण शुद्धि ७ राजदैवज्ञ कोटिराज

**वि. सं. १७७९ को**

***लम्बाइ १ फुट १ इञ्च***
***चौडाइ $1\frac{1}{8}$ इञ्च***

यसमा माटोका छाप छ । छाप माथिकैबमोजिम छ। यो पत्र राजा महीन्द्रसिंहले ललितसिंह भारोलाई बारी बेची गरिदिएको हो। यसमा साक्षी जगज्जय मल्ल छन् । लेख्ने राजज्योतिषी कोटिराज छन् ।

**मूल—**

(१) ॐ स्वस्ति ।। श्रीमाणिग्लाधिपति महाराजाधिराज श्री श्री जयत जयति महीन्द्रसिंहदेवप्रभु थाकुरसन दथलाछलं येतागृह ललितसिंह भारोनाम्ने प्रसादी कृत ।। घतक्ववातिका नाम प्रदेशे ।। स्वल्पनदीसिमाया पश्चिमतः

(२) श्रीराज्ञासिमाया पूर्व्वोत्तरतः दक्षिणतश्च एतन्मध्ये तद्वातिका दश कर्षाङ्क कर्ष साह्न १० भूय ग्वातक्व- वातिका अष्टकर्षाङ्क कर्ष च्या ८ तौं वातिका यथानगरकालप्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्घ प्रढौकृत मोहोर

(३) टंका ह्लयनसि ७२ आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीणप्रसादारया जुरो अत्रपत्रार्थे दृष्टसाक्षि श्रीजगतजय मल्ल थाकुरस सं ८४२ आषाढ शुद्धि ८ राजदैवज्ञ कोटिराजेन लिखितं ।।

**टिप्पणी —**

यी महीन्द्रसिंह कान्तिपुरका पनि राजा हुन् । यिनको नाम पहिले भास्कर मल्ल भन्ने थियो । यिनी- लाई हात्ती खेदा जाने ज्यादै सोख थियो । यिनले आफै तराइमा गएर हात्ती पक्रेर ल्याएका थिए । त्यसैले यिनले आफ्नो प्रशस्तिमा "स्वविक्रमोपार्तिगजषतिपद विराजमान श्री श्री जय महीन्द्रसिंहदेव" भनी लेख्न थाले । यस विषयको विस्तृत विवरण पूर्णिमा २ पूर्णाङ्कको ५५–६० पृष्ठमा हेर्नुहोस् । यिनको पालामा कान्तिपुर शक्तिशाली थियो । कान्तिपुरले भक्तपुरलाई हात लिइसकेको थिए । भक्तपुरले ललितपुरलाई बाटोघाटो खोलिदिनुपर्दा कान्तिपुरसंग नसोधी खोल्न पाउँदैनथ्यो (इतिहास संशोधनको प्रमाणप्रमेय पहिलो भागको ८६ पृष्ठमा हेर्नुहोस्) । त्यसो भएको हुनाले ललितपुरका राजा ऋद्धिनरसिंहको मृत्यु भएपछि यी महीन्द्रसिंहले ललितपुरलाई पनि आफ्नै कब्जामा लिएका थिए । ललितपुरको पनि राजा भएका हुनाले यिनले उपर्युक्त पत्रमा आफूलाई माणिग्लाधिपति भनी लेखेका हुन् । माणिग्ल भनी ललितपुरलाई भन्ने गरेको छ।

महीन्द्रसिंहको पहिलो पत्रमा कान्तिपुरको वटुटोलमा बस्ने धर्मसिंह भावोलाई राजा महीन्द्रसिंहले खेत बेचेको कुरो छ । यदि यी महीन्द्रसिंह कान्तिपुरको समेत राजा नभएका हुँदा हुन् त कान्तिपुरको वटुटोलमा बस्ने मानिसलाई खेत बेच्ने प्रयोजन हुँदैनथ्यो । यी महीन्द्रसिंहले आफूपछिको उत्तराधिकारी जगज्जय मल्ललाई छानेका हुनाले उपर्युक्त पत्रमा दृष्टसाक्षी जगज्जय मल्ल- कान्तिपुरको अन्तिम राजा जयप्रकाश मल्लका बाबु हुन् ।

-★-

# विवाह

*बुद्धिसागर पराजुली*

[हिन्दू परंपराअनुसार गरिने विवाहविधिका तत्तत्कार्यमा प्रयोग हुने मंत्रहरूद्वारा देवदेताको प्रार्थना गर्दा वर-बधूले भविष्यका निति कस्तो भावना लिएर प्रतिज्ञा गर्छन्, त्यो कतिसंम वैज्ञानिक छ र उनीहरूलाई एकसूत्रमा कसरी बांधेको छ इत्यादि कुरा यस लेखले छर्लङ्ग पारी देखाएको छ—संपादक]

वि. र. वाह. पदका संयोगबाट विवाह भंने १ पद बनेको छ। वि को अर्थ विशिष्ट हो । वाहको अर्थ हो प्राप्ति । प्रतिग्रह अर्थात् दान गरिएकी कन्याको आदान (स्वीकार) आदि ८ प्रकारका विधानहरू मध्ये १ कुनै विधानबाट आफ्नी हुन आएकी कन्याको होम आदि सप्तपदीनयनसमेतका कर्महरूद्वारा संस्कार गर्नु विवाह हो । यिनै कारणले विवाह पदको अर्थ २ भागमा विभक्त छ । १ भागमा स्वत्वोत्पादन, अर्को भागमा संस्काराधान अथवा पितृगोत्रबाट विधिविधानबमोजिम कुमारीलाई पतिगोत्रमा परिणत गराउनु विवाह हो ।

धर्म, अर्थ, काम एवं मोक्ष चारै पुरुषार्थका लागि पुरुषले विवाह गर्नुपर्छ । हुनत मोक्षका लागि विवाह किन भंने सवाल हुन सक्छ, तर वेदान्तभाष्यमा वेदोक्त कर्महरू पनि ब्रह्मज्ञानमा आरादुपकारक मानिएका हुनाले र वेदोक्त कर्महरू गर्न पत्नीको सहयोग वाञ्छनीय हुनाले बिवाहको प्रयोजन मोक्षपर्यन्त अनुष्यूत रहेको छ । एवं **'यस्यामुकामा बहवो निविष्टयै'** भन्ने मन्त्रको व्याख्यामा अन्तःकरण शुद्धिद्वारा सायुज्यमुक्तिका निमित्त भनी विवाहको प्रयोजन देखाइएको छ । यो भयो विवाहको महाप्रयोजन । विवाहका अरू पनि प्रयोजन छन् जस्तै—हाम्रा गर्भाधानदेखि विवाहसंमका जति संस्कार छन्, ती सब प्रवृत्तिनिरोधन र निवृत्तिपोषणका लागि छन् । हुनत विवाह संस्कार पनि मोक्षका निमित्तनै हुनाले यसबाट पनि निवृत्तिको पोषण हुन सक्छ, तर पनि मुख्यतया प्रवृत्तिनिरोधनका लागि विवाह हो । किनभने विवाहित जीवन उच्छृङ्खल भएर सर्वथा रहन पाउँदैन । अविवाहित जीवनको भन्दा विवाहित जीवनका सबै कृत्यहरू परिमित एवं सीमित रहन्छन् । अविवाहित जीवनका प्रवृत्ति निरङ्कुश हुन्छन्, विवाहित जीवनका साङ्कुश हुन्छन् ।

अविवाहित व्यक्ति झैं विवाहित व्यक्ति कुनै वेलामा पनि उरन्ठेउलो भएर हिंड्न पाउँदैन, उसले आफ्ना प्रवृत्तिहरूलाई जाति, कुल एवं समाजका परिधिमा मर्यादित गराउनैपर्दछ ।

यदि कुनै पनि जातिको संरक्षण गर्नु छ भने त्यस जातिको विवाह सुपरिष्कृत हुनुपर्दछ । जस्तो कृषिका निमित्त उन्नत वीज र परिष्कृत खेतको महत्त्व छ, त्यस्तै मानवजातिको संरक्षणका लागि वैवाहिक संबन्ध ज्याद्रै परिष्कृत रहनुपर्दछ। विश्वमा कति जातिहरू विलुप्त भए, तर भारतीय आर्यजाति वैवाहिक मर्यादामा मर्यादित रहेकाले सर्वथा विलुप्त भएको छैन । यस अतिप्राचीन जातिलाई आजतक जीवित राख्ने यही विवाह हो। आजका तथाकथित उन्नत देशमा कुकुरको नस्लका लागि भने महान् प्रयास हुन्छ, तर मानवका लागि सांकर्यको उपेक्षा गरिन्छ, यो महान् खेदको कुरा हो। तसर्थ यस्ता कुरामा निकै बुद्धि पुऱ्याउनु छ । हामीलाई, हाम्रो धर्मलाई, हाम्रो जातिलाई, हाम्रो जातीयतालाई, हाम्रो समाजलाई, हाम्रो संस्कृतिलाई, हाम्रो जातीय व्यक्तित्वलाई यही वैवाहिक मर्यादाले सुरक्षित राख्दै आएको छ, तसर्थ हाम्रा वैवाहिक विधिविधानभित्र पर्ने केही मन्त्रवाक्यहरूको अर्थ पनि यस संदर्भमा देखाइदिनु समुचित नै हुनेछ । दुलहीलाई दुलाहाले वस्त्र पहिराउँदा पढ्नुपर्ने मन्त्र–

**अथैनां वासः परिधापयति--**

**"जरां गच्छ परिधत्स्व वासो भवाकृष्टीनामभिशस्ति पावा। शतं च जीव शरदः सुवर्चा रयिं च पुत्रा ननु संव्ययस्वायुष्मतीदं परिधत्स्व वासः"**

अब यिनलाई अर्थात् दुलहीलाई वस्त्र (शारी) पहिराउनू— ए कुमारी, म बूढो हुंदा तिमी पनि संगै बूढी भए, मैले ल्याएको वस्त्र पहिर, मलाई लौकिक अभिशाप एवं प्रमादहरूबाट बचाऊ। कामवासनाको वशीभूत यस मानवसमाजभित्र आफ्ना पातिव्रत्य धर्मका प्रभावले सय वर्षसंम बांचिरहू। धनदौलत र संतानहरू पैदा गरेर थुप्रो लगाइदेऊ। हे आयुष्मती, यो वस्त्र (शारी) पहिरिदेऊ।

**अथोत्तरीयम्** (**परिधापयति**) अब पछ्यौरा पहिराउनू—

**या अकृन्तन्नवयं या अन्वत। याश्च देवीस्तन्तूनमितो ततन्थ।**
**तास्त्वा देवीर्जरसे संव्ययस्व। आयुष्मतीदं परिधत्स्व वासः इति।**

जुन वस्त्रको सूतलाई देवीहरूले काते, फैलाए. जसको तान लाए, बने, दुईतर्फ पारी र किनारासमेत बनाए। यस्तो राम्रो बलियो वस्त्र बनाउने सामर्थ्य दिने ती देवीहरूले आफ्नो कृतिस्वरूप यो राम्रो वस्त्र तिमीलाई धेरै समयसंम निर्दिष्ट जीवनका निमित्त पहिराइदिऊन् भन्ने शुभाशंसा गर्दै हे आयुष्मती, यो यस्तो उत्तरीय वस्त्र तिमी पहिर भन्ने अनुरोध गर्दछु।

**अथेनौ समञ्जयति** (अब यी बधूवरलाई परस्परमा समुख हुन बधूका पिताको आज्ञाले परस्पर संमुख हुन्छन्। वरले मन्त्र पढ्दछन्)

**समञ्जन्तु विश्वेदेवाः समापो हृदयानि नौ।**
**संमातरिश्वा संधाता समुदेष्ट्री दधातु नौ इति।**

ए कुमारी, हामी दुईका हृदय र हृदयका संकल्पहरूलाई सबै देवता र शान्तिका प्रतीक जलहरूले परिष्कृत पारिराखून्। अनुकूल हवा, अनुकूल रहेका प्रजापति र धर्मकर्मको सदुपदेश गर्ने वाग्देवताले पनि सुस्थिर गराइराखून्।

**पित्रा दत्तामादाय गृहीत्वा निष्क्रामति** (बाबुले दान गरिएकी कन्यालाई स्वीकृत गरी लिएर यज्ञवेदितर्फ जान निस्कनू, निस्कँदा वरले पढ्ने मन्त्र :—

**यदैषि मनसा दूरं दिशोनु पवमानो वा।**
**हिरण्यपर्णो वै कर्णः सत्वा मन्मनसां करोत्वसौ, इति।**

'असौ' का ठाउँमा नयाँ प्रेयसीलाई मन परेको नाउँले संबोधन गर्नू जस्तै—करोतु सौभाग्यसुन्दरी।

ए कुमारी सौभाग्यसुन्दरी, जब तिमी दिशाप्रति अनुकूल हवा झैं स्वस्थचित्त भै मेरा साथ आफ्ना पिताजीका घरदेखि टाढा जान लागेकी छौ, तब प्रसन्नताका साथ वहने, परिष्कृत कानको आश्रित ती वायुदेवले र सुवर्णपङ्ख भएका गरुडले पनि तिमीलाई मेराप्रति एकचित्त पारून्।

**अथैनौ समीक्षयन्ति** अब यी दुई बधूवरलाई परस्परमा हेराहेर गर्नू भनी कन्याका पिताले आज्ञा दिन्छन् र हेराहेर गर्दछन्। मन्त्र वरले पढ्छन्।

**अघोरचक्षुरपतिघ्न्येधिशिवा पशुभ्यः सुमनाः सुवर्चाः।**
**वीरसूर्देवकामा स्योना शं नो भव द्विपदे शं चतुष्पदे।**
**सोमः प्रथमो विविदे गन्धर्वो विविद उत्तरः।**
**तृतीयोग्निष्टे पतिस्तुरीयस्ते मनुष्यजाः॥**
**सोमोददद् गन्धर्वाय गन्धर्वोददग्नये।**
**रयिं च पुत्रांश्चादादग्निर्मह्यमथो इमाम्।**
**सा नः पूषा शिवतमामैरय सा न ऊरू उशती विहर।**
**यस्यामुशन्तः प्रहराम सेयं यस्यामुकामा बहवो निविष्टचै इति।**

हे कुमारी, तिमी सौम्यदृष्टि भएकी भए, तथा अकर्तव्य गरी पतिको स्वार्थघात गर्ने नभए, एवं आफ्ना आश्रितप्रति हितैषिणी भए, साथै सदा प्रसन्न चित्त भएकी, राम्रो प्रभाव भएकी, सुपुत्र जन्माउने, देवता पितृहरूको पनि आशाभूमि, सुखवती, हाम्रा सुखको कारण र मनुष्य एवं पशुको समेत सुखकारिणी भए। ए कुमारी, तिमीलाइ जन्मनासाथ सोमले पाए, त्यसपछि अढाई वर्ष गन्धर्वले पाए, तदनन्तर अढाई वर्ष तिम्रा तेस्रा पति अग्निले पाए। त्यसपछिको चौथो मनुष्य पति मै हूँ। कसरी भने सोमले गन्धर्वलाई दिए, गन्धर्वले अग्निलाई दिए, अग्निले धन, पुत्र, र धर्म र तिमीसमेत मलाई दिए। ती जगतैका

आँखा जस्ता पूषा देवताले यी कुमारीलाई कल्याणवती गुणवती, शीलवतीसमेत गराई हामीप्रति अनुराग भएकी गराऊन्। यी कुमारी हामीसंग यथेच्छ विहार गरून्, जसमा हामी पनि यथेच्छ विहार गर्नेछौं; जसमा धर्म, पुत्र, रति आदि सुख छन् र जसबाट अग्निहोत्रादि उपासनाद्वारा अन्तःकरण शुद्ध भै सायुज्यमुक्तिसमेत हुन सकोस्।

**चित्तं च चित्तिश्चाकूतं चाकूतिश्च विज्ञातं च विज्ञातिश्च मनश्च शक्वरीश्च दर्शश्च पौर्णमासं च बृहच्च रथन्तरं च ।।**

**प्रजापतिर्जयानिन्द्राय वृष्णे प्रायच्छदुग्रः पृतना जयेषु तस्मै विशः समनमन्तः सर्वाः स उग्रः स इ हव्यो बभूव स्वाहा' इति**

**अग्निर्भूतानामधिपतिः स मावतु, इन्द्रो ज्येष्ठानां, यमः पृथिव्या, वायुरन्तरिक्षस्य, सूर्यो दिवसः चन्द्रमा नक्षत्राणां, बृहस्पतिर्ब्रह्मणे, मित्रः सत्यानां, वरुणोऽपां, समुद्रः स्रोत्यानाम्, अन्नं साम्राज्यानाम्, अधिपतिस्तन्मावतु, सोम औषधीनां, सविता प्रसवानां, रुद्रः पशूनां, त्वष्टा रूपाणां, विष्णुः पर्वतानां, मरुतो गणानामधिपतयस्ते मावन्तु, पितर, पितामहाः, परेवरे, तताः, ततामहाः, इहमावन्तु, अस्मिन् ब्रह्मणि, अस्मिन् क्षत्रे, अस्यामाशिषि, अस्यां पुरोधायाम्, अस्मिन्कर्मणि, अस्यां देवहूत्यां स्वाहा, इति**

प्रजापतिले वर्षाकारी इन्द्रलाई जया प्रदान गरेकाले शत्रुका सेना विजय गर्न प्रचण्ड हुनाले नै ती इन्द्र सबै प्रजाका वन्दनीय भए। एवं हविर्योग्य पनि भए। त्यस्तै ज्ञानको आधार हृदय र ज्ञानेन्द्रिय तथा चेतना र ज्ञानेन्द्रियका देवता, एवं अभिलषित वस्तु र अभिलाषा, शिल्पादि विषयक ज्ञान र प्रत्यक्षज्ञान, मन र मानसी शक्ति, दर्श र पौर्णमाससंबन्धी देवता बृहद् रथन्तर सामसमेत मलाई दिऊन्।

स्थावर जङ्गम प्राणीका अधिपति प्रजापति वा अग्नि, ज्येष्ठ वा श्रेष्टका अधिपति इन्द्र, पृथिवीका अधिपति यम, अन्तरिक्षका अधिपति वायु, स्वर्गका अधिपति सूर्य, नक्षत्रका अधिपति चन्द्रमा, वेदका अधिपति बृहस्पति, सत्यका अधिपति मित्र, जलका अधिपति वरुण, नदीनालाहरूका अधिपति समुद्र, साम्राज्यका अधिपति अन्न, औषधीका अर्थात् रूख, लहरा, जडी, बूटी, वनस्पतिका अधिपति सोम, आज्ञा प्रेरणाहरूका अधिपति सविता, पशुका अधिपति रुद्र, रूपका अधिपति त्वष्टा, पर्वतका अधिपति विष्णु, गण, गुल्म सेना बथानहरूका अतिपति मरुत्, नित्य नैमित्तिक पितृहरू यी सबैले, अध्ययन, यज्ञ, याग आदि ब्रह्मकर्ममा, राष्ट्ररक्षा, शन्तिस्थापना, प्रजापालना आदि क्षत्र कर्ममा, ब्राह्मण, साधु महात्माहरूबाट प्राप्त हुने शुभेच्छा आदि कर्ममा, यी साथैमा अगाडि रहेकी नवबधूमा, यस विवाहात्मक मङ्गल कर्ममा, यो देवता आह्वान गर्ने सत्कर्ममा समेत मलाई रक्षा गरून्। सबैलाई यथाभाग यो आज्यद्रव्य स्वाहाकारका साथ समर्पण गरिन्छ।

**अग्निरैतु प्रथमो देवतानां**
**सोस्यै प्रजां मुञ्चतु मृत्युपाशात् ।**
**तदयं राजा वरुणोनुमन्यानां**
**यथेयं स्त्री पौत्रमघं नरोदात् स्वाहा ।।**
**इमामग्निस्त्रायतां गार्हपत्यः**
**प्रजामस्यै नयतु दीर्घमायुः**
**अशून्योपस्था जीवतामस्तु माता**
**पौत्रमानन्दमभिविबुध्यतामियं स्वाहा ।।**
**स्वस्ति नो अग्ने दिव आपृथिव्याः**
**विश्वाविधेह्ययथा यजत्र**
**यदस्यां महि दिवि जातं प्रशस्तं**
**तदस्मासु प्रविणं धेहि चित्रम्, स्वाहा ।**
**सुगन्नुः पन्थां प्रदिशन्न एहि**
**ज्योतिष्मध्ये ह्यजरं न आयुः ।**
**अपैतु मृत्युरमृतं न आगाद्**
**वैवस्वतो नो अभयं कृणोतु, स्वाहा ।**
**परं मृत्योरनु परेहि पन्थां**
**यस्ते अन्यः पितरो देवयानात् ।**
**चक्षुष्मते शृण्वते ते ब्रवीमि**
**मानः प्रजां रीरिषो मोत वीरान्, स्वाहा ।।**

देवताहरू मध्येका प्रथम देवता अग्नि आऊन्, तिनले यिनी बधूका संतानलाइ मृत्युका पाशबाट छुटाऊन्, त्यो कुरा राजा वरुणले स्वीकार गरून्, जसबाट यिनीलाई आफ्ना पुत्रपौत्रहरूको पीर बाधा नाश इत्यादिबाट रुन नपरोस्। यिनीलाइ गार्हपत्य अग्निले रक्षा गरून्, यिनका संतानलाई दीर्घायु गराऊन्, यिनको काख खाली नहोस्, यिनी जीवित सन्ततिकी माता बनिरहून्। यिनलाई संतानजन्य सुख मिलोस् र धेरै कुराको अनुभववती बनून्।

हे अग्नि हाम्रो स्वर्गदेखि पृथिवीसंम कल्याण होस् । हे अग्नि तपाईं यज्ञशीलहरूको रक्षाकारी हुनुहुन्छ, यसकारण हामोले जानी नजानी गरेका सत्कर्महरूलाई सफल पारिदिनोस् । यस पृथिवीमा र स्वर्गमा जो महिमा छ र धन धान्य तथा रत्नादि प्रशस्त र विचित्र संपदा छ त्यो हामीमा राखिदिनुहोस् ।

हे अग्नि, हामीलाई अर्चिरादि सुगम मार्गको उपदेश दिंदै आउनुहोस् । चहकिलो, जरारहित आयु पनि हामीलाई दिनुहोस् । हामीबाट मृत्यु हटोस्, अमृत प्राप्ति होस् । हामीसंग कुनै पाप नभएकाले यमले अभय **प्रदान गरून्** ।

ए मृत्यु, पराङमुख भएर फर्क, जो तिम्रो देवयान मार्गभन्दा अर्को पितृयान मार्ग छ त्यतै जाऊ, तिमी देख्दछौ र सुन्दछौ पनि त्यसैले तिमीलाई भन्दछु: ए मृत्यु, हाम्रो संततिको परंपरालाई र हाम्रा पुत्रहरूलाई नमार ।

लावा होम गर्ने मन्त्रहरू र अर्थ—

**अर्यमणं देवं कन्या अग्निमयक्षत । सनो अर्यमा देवः प्रेतो मुञ्चतु मापतेः स्वाहा । इयं नार्युपब्रूते लाजानावपन्तिका । आयुष्मानस्तु मे पतिरेधन्तां ज्ञातयो मम स्वाहा । इमाँल्लाजानावयामि अग्नौ समृद्धिकरणं तव । मम तुभ्यं च संवननं तदग्निरनुमन्यतामियं स्वाहा ।**

अघि कन्याहरूले वरप्राप्तिका निमित्त अग्निरूपी अर्यमा देवताको उपासना गरेका थिए । तसर्थ ती अर्यमा देवताले यी कन्याबाट मलाई र मबाट यिनलाइ विछोड नगराऊन् ।

यी नारी पतिका समीपमा रही अग्निमा लावा होम गर्दै भन्छिन्— मेरा पति पूर्ण आयु भएका होऊन्, मेरा भाइती बन्धुहरू **बढून्** ।

तिम्रा समृद्धिका कारणस्वरूप यी लावाहरू अग्निमा होम गर्दछु । म कन्या र तपाईं पतिको परस्परको जो अनुराग हो त्यसलाई अग्निरूप अर्यमा अनुमोदन गरून् । अग्निकी पत्नी स्वाहाले पनि अनुमोदन गरून् ।

पाणिग्रहण गर्ने मन्त्र र अर्थ—

**गृभ्णामि ते सौभगत्वाय हस्तं मया पत्या जरदष्टिर्यथासः । भगो अर्यमा सविता पुरन्धिर्मह्यं त्वादुर्गार्हपत्याय देवाः । अमोऽहमस्मि सा त्वं सात्वमस्यमो अहम् ।**

**सामाहमस्मि ऋक्त्वं द्यौरहं पृथिवी त्वम् । तावेहि विवहावहै सह रेतो दधावहै प्रजां प्रजनयावहै पुत्रान्विन्द्यावहै बहून्, ते सन्तु जरदष्टयः संप्रियौ रोचिष्णू सुमनस्यमानौ, पश्येम शरदः शतं जीवेम शरदः शतं, शृणुयाम शरदः शतम् ।**

ए कुमारी, सौभाग्यका लागि म तिम्रो हात पक्डन्छु, म पतिका साथ जसरी हुन्छ बूढी भइञ्जेलसंम जीवित रहने छौ (आशंसा गर्छु) भग, अर्यमा एवं सविता देवताले रूपवती तिमीलाइ मेरो भावी गार्हस्थ्यका लागि एवं गृहस्वामिनी हुनालाई मलाई दिए । म विष्णु हूं तिमी लक्ष्मी हौ, तिमी लक्ष्मी हौ म विष्णु हूं । म साम हूं तिमी ऋक् हौ, म आकाश हूं तिमी पृथिवी हौ । यस्ता हामी दुइ आपसमा विवाह गरौं । साथमा पुत्रात्मक वीर्य धारणा गरौं, प्रजोत्पादन गरौं, धेरै छोरा पाऔं, ती छोराहरू दीर्घायु रहून् । हामी दुई परस्परमा प्रेमशाली, शोभायुक्त, मन मिलेका होऔं । सय वर्षसंम देखौं, यसवर्षसंम वाचौं, यस वर्षसंम सुन्न सकौं ।

अश्मारोहण, गाथागान र माडो घुम्ने मन्त्र र अर्थ-

**आरोहेयमश्मानमश्मेव त्वं स्थिरा भव ।**
**अभितिष्ठ पृतन्यतो बबाधस्व पृतना यतः ।।**
**सरस्वति प्रेदमव सुभगे वाजिनीवती ।**
**यां त्वा विश्वस्य भूतस्य प्रजायामस्याग्रतः ।।**
**यस्यां भूतं समभवद् यस्यां विश्वमिदं जगत् ।**
**तामद्य गाथां गास्यामि या स्त्रीणामुत्तमं यशः ।।**
**तुभ्यमग्रे पर्यवहन् सूर्यां वहतु ना सह ।**
**पुनः पतिभ्यो जायान्दाग्ने प्रजया सह ।।**

ए कुमारी, यो यज्ञवेदीका उत्तरतिर राखिएको ढुंगामाथि चढ, तिमी ढुंगा जस्तै बलियी होऊ, लड्न, भिड्न आउनेहरूलाई दबाएर रहन सक र ती झगडालुहरूलाई उद्योगहीन तुल्याइदेऊ ।

ए भाग्यशालिनी, अन्नपूर्णा स्वरूपकी अथवा हंसवाहिनी सरस्वती, यस वैवाहिक कर्मको रक्षा गर, जो तिमीलाई जायमान विश्वकी वा यो पृथिव्यादि भूतकी सर्वोत्तम पहिला आमा भन्छन् ।

जसमा विश्व र पृथिव्यादिको सृष्टि भयो, जसमा नै यसको विलय हुनेछ, आज त्यो तिम्रो गाथा गाउँदछु जो स्त्रीहरूको उत्तम यश हो ।

हे अग्नि, तिम्रा निमित्त यिनलाई अघि जन्मदिन-देखि सोमादि देवताहरूले स्वीकार गरेका हुन्, त्यसपछि सूर्य जस्तै चहकिलो अनुहारकी यिनलाई सोमादि देवता-बाट उत्तम पुरुषार्थको कारण भएका तिमीले पायौ । अब प्रजाका साथ यिनलाई हे अग्निदेव, लिमीले मलाई देऊ ।

हृदयालम्भन गर्ने मन्त्र र अर्थ—

**मम व्रते ते हृदयं दधामि, मम चितमनुचित्तं ते अस्तु ।**
**मम वाचमेकमना जुषस्व प्रजापतिष्ट्वा नियुनक्तु मह्यम् ।**

ए कुमारी, मेरा शास्त्रीय नियमादि व्रतमा तिम्रो हृदय (मन) राख्दछु अर्थात् ब्रह्मा प्रजापति सबैले राखि दिऊन् । मेरा चित्तको अनुकूल तिम्रो चित्त पनि होओस् । मेरो वचन एकमना भएर मान, तिमीलाई प्रजापतिले मकहां नियुक्त गरून् ।

बधू अभिमन्त्रण गर्ने अर्थात् सिंदूर हाल्ने मन्त्र र अर्थ—

**सुमङ्गलीरियं बधूरिमां समेत पश्यत ।**
**सौभाग्यमस्यै दत्त्वा याथास्तं विपरेतन ।**

ए विवाह देवता हो, यी नयां दुलही शुभमङ्गलमयी छन् आउनुहोस्, यिनलाई तपाईंहरूको मङ्गलमय दर्शन दिनुहोस् (हेर्नुहोस्) । यिनलाई सौभाग्य प्रदान गरेर पुनरागमनको वाधासमेत गरेर आफ–आफ्ना धाममा जानुहोस् ।

यसरी हामी वैदिकपरम्पराका जातिको जो विवाह हुन्छ, त्यो एक विश्वानुकररणीयरूपको छ । हाम्रा परं-परामा स्त्रीको कुन स्थान छ, कुन मान छ, कुन मर्यादा छ र स्त्रीबाट के कति आशा राखिन्छ इत्यादि कुरा उक्त वाक्यहरूबाट बोध गर्न सकिन्छ । साथै "यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः" जहां नारीको आदर हुन्छ, त्यहां देवताहरू रमाउंछन्, "स्वां प्रसूतिं चरित्रं च कुलमा-त्मानमेव च । स्वं च धर्मं प्रयत्नेन जायां रक्षन् हि रक्षति" आफ्नो संतान, चरित्र, कुल आत्मा र आफ्नो धर्मको पनि पत्नीको रक्षा गरेमा रक्षा हुन सक्छ भन्ने नारीहरूको संमानका लागि लेखिएका वाक्यहरू प्रशस्त छन् । तसर्थ हाम्रा समाजमा नारीहरू देवीका प्रतीक मानिएका छन् ।

–★–

# मोक्षसिद्धि

## संक्षिप्त परिचय

*–मधुसूनद रिसाल"प्रदीप"*

"राष्ट्रिय अभिलेखालयका पुस्तकको परिचय गराउने आकांक्षाले अन्वेषण गर्दा "मोक्षसिद्धि" निबन्ध प्रस्तुत गरिएको छ।

"मोक्षसिद्धिः" का रचयिता कृष्ण गिरी हुन्[1]। यो पुस्तकको विषय वेदान्तदर्शनसम्बन्धी तत्त्वविवेचन हो। नेपाली कागतमा लेखिएको यो पुस्तकमा १ देखि ११ पत्र छन् र प्रत्येक पत्रमा देवनागरी लिपिका छ पंक्ति छन् एवं ($८\frac{1}{4}+४$) सवा आठ इञ्च लम्बाई र चार इञ्च चौडाको यो पुस्तकको ग्रन्थ संख्या ९० छ। अन्त्यमा ग्रन्थकारले सांकेतिक रूपमा रचनाकाल स्पष्ट गरेका छन्[२]।

## विषय परिचय

सूक्ष्मातीसूक्ष्म तत्त्व विवेचक दार्शनिकहरूको दृष्टिमा यो दृश्यवस्तु (संसार) दुःखै दुःखको जंजाल ठहरिएको छ। योगशास्त्रप्रणेता महर्षि पतञ्जलिले स्पष्ट सिद्धान्त प्रतिपादन गर्नुभयो—

**"परिणाम–ताप–संस्कारदुःखैर्गुणवृत्तिनिरोधाच्च दुःखमेवं सर्वं विवेकिनः"**

**यो. सू. २पा सू. १५**

कति परिपक्व र अनुभूतिपूर्ण त्रिकालसत्यविषय। अलिकति गौड गरेर सोचौं त हाम्रो चित्तलाई साँचो मानी गरेको व्यवहारमा कहाँनिर छ सुख। कुनै वस्तु वहुतै मीठो भनी अघिल्लो दिन स्वाद लिई लिई खान्छौं किन्तु त्यही वस्तु भोलिपल्ट विष पनि बन्न सक्दछ, जसले गर्दा उपभोक्ता उदरशूल भै वेचैनीको ऐय्या र आत्थुको स्थितिमा पुग्दछ। कुनै वस्तुको इच्छा मनमा उठ्तछ त्यो वस्तु प्राप्त भए केही क्षणिक आनन्दाभास मिल्ला सही परन्तु प्राप्त नभए अनन्त छट्पटी र सन्तापमय अवस्थाको पञ्जामा नपरी हामीलाई सुखै छैन। आफूले चाहेको वस्तु पायो रे लौ! परन्तु त्यसमा नपरी त्यसको संभार, संस्कार आदि कार्यमा अनन्त कष्ट पर्न गएको छातीभित्रको अनुभवलाई हामी किन बिर्सने? यसका अतिरिक्त समस्त प्राणी मात्रको जीवनवृक्षको मूलाधार मानिएका गुणहरू (सत्त्व, रज, तम) र तिनका वृत्तिहरू नै परस्परविरोधी छन्। अतः निर्धक्कसित उल्लेख गर्न सकिन्छ सांच्चैनै यी दृश्यपद पदार्थको संयोगस्वरूप यो जडसंसार दुःखै दुःखको खजाना (भण्डार) रहेछ।

यस्तो दुःखै दुःखको भण्डारमा बसेर पनि यदि हामी अध्यात्मदृष्टिसम्पन्न र अन्तर्मुखी प्रवृत्तिका बन्न सक्यौं

---

१ नमस्कृत्य परंब्रह्म मोक्षसिदिं करोम्यहम्।
श्री रणोद्दीपसिंहेन राज्ञा सम्प्रार्थितोसितः॥
(ग्रन्थको मंगलाचरणबाट)

२ बाणेन्दुरन्ध्रेन्दु (१९१५) मितेषु वत्सरे मार्गे त्वमायां रविवासरे यति(:)
कृष्णो रणोद्दीपनृपेण प्रार्थितो मोक्षस्य सिद्धिं रचयांवभूव ह॥
इति श्रीमत् कैलाशाचल शिष्येण श्रीम······कृष्णगिरिणा विरचिता मोक्षसिद्धि (:) समाप्त (।):।

भने दुःखको विन्दुसमेत नभएको अनन्त आनन्दसिन्धु (चित्समुद्र) मा गोता लगाउने सौभाग्य प्राप्त गर्न सक्छौं । यसका निमित्त सत् शाश्त्र र सज्जनको वचनमा पूर्ण विश्वास गरी **"श्रद्धावान् लभते ज्ञानम्"** को राजमार्गमा निर्भयसाथ लम्कने प्रवृत्तिको उदय हुनु नितान्त आवश्यक छ । अत्युत्तम वास्तविक सिद्धान्त उल्लेख गर्ने हो भने प्राणीमात्रको सच्चा स्वरूप हो आनन्द* । यसो हुँदा नै हामी देख्दछौं क्षुद्रतम (साना साना) किटाणुदेखि लिएर ठूला ठूला महर्षि र हिरण्यगर्भ (ब्रह्माजी) समेत आनन्द (सुख) प्राप्तिमा लालायित भएका दृष्टान्तहरू, व्यवहार एवं शास्त्र, सज्जनको वचनमा विश्वस्त रहँदा प्रशस्त फेला पार्न सकिन्छ ।

जानेर होस् या नजानेरनै, बोधपूर्वकको स्थितिबाट होस् या अबोधमय अवस्थामा रहेरनै किन नहोस् "आब्रह्म कीटपर्यन्त" का यावत् प्राणीहरू आनन्द किम्वा दुःखबाट छुट्कारा पाउने इच्छा राख्दछन् । परन्तु बौद्धिक विभिन्नताले गर्दा कसैमा उत्कटतम अभिलाषा रहन्छ र कसैमा अभिलाषाको स्वल्पतम मात्रामात्र रहेको हुन्छ । आजसम्म सृष्टि भएका चेतन प्राणीमा सबभन्दा बढी चेतनावान् प्राणी मानव हो भन्ने विषयमा सबैको मतैक्य छ । त्यसमा पनि मानवाधीश मनु भगवान् भन्नुहुन्छ । सृष्टिका समस्त पदार्थमध्ये प्राणवान् पदार्थ श्रेष्ठ छन्, त्यसमा पनि बुद्धिजीवी उच्च छन्, ती बुद्धिजीवीहरूमा पनि मानव सर्वोत्तम ठहरिन्छन् । यिनै सर्वोत्तममध्ये पनि ब्राह्मणसमाज श्रेष्ठ गनिएका छन्, ब्राह्मणमध्ये पनि विद्वान्को स्थान वरिष्ठ छ, त्यो विद्वत्समाजमा पनि कृतज्ञहरूको श्रेणी माथिल्लो तहको हुन्छ त्यस्ता विवेकीहरूको जमघटमा पनि विवेकलाई व्यवहारमा उतार्नेको ओहदा उच्च छ । त्यसबाट पनि छानिई, सारांश निकाल्नुपर्दा विवेकको पराकाष्ठामा पुगी अधिष्ठानस्वरूप अद्वैत चैतन्यको मात्र विलासमा विश्वस्त ब्रह्मवादी ज्ञानीको स्थान सर्वोच्च छ★ । यो स्मार्त (स्मृतिशास्त्रसम्बन्धी) परिभाषाअनुसार पनि मोक्षसिद्धिको अवस्थामा स्वतः पदारोहण गरिसकेका ब्रह्मवादी व्यक्तिभन्दा माथिल्लो श्रेणीको व्यक्ति अर्को रहेनछ भन्ने विषय स्पष्ट हुन आयो ।

यसै प्रसंगमा हामी हाम्रो अध्यात्मशास्त्रको निम्न कथानकबाट पनि स्पष्ट गर्न सक्दछौं । सृष्टिकर्ता ब्रह्माजीले त्रियासी लाख, उनान्शय हज्जार, नौ शय, उनान्नब्बेसम्म प्राणीको सृष्टि गर्दा पनि सन्तोषको श्वास लिने सौभाग्य पाएनन् रे ! परन्तु जव अन्त्यमा गएर आफ्नो श्रृष्टिको शिवमय सौन्दर्य जस्तो सर्वाधिक चेतनासम्पन्न मानवको सृष्टि गरे तब उतलाई अनन्त आनन्द मिल्यो । आनन्दित हुनुको रहस्य यही नै थियोः– अब भने मेरो सृष्टिले पनि सत्, चित् र आनन्दमय आफ्नो वास्तविक स्वरूप परमात्मालाई पहिचान्ने शक्ति संचित गर्‍यो । अतएव साञ्चिनै "मुदमाप देवः" लाई चरितार्थ गर्दै प्रजापति हर्षित हुनुभयो । यसबाट पनि हामी मानवनै मोक्षसिद्धिको सक्चा अधिकारी रहेछौं भन्ने विषय स्पष्ट प्रतीत हुन आयो ।

चेतनशील मनुष्यका निमित्त श्रुतिस्मृतिनिर्देशित पुरुषार्थहरू जम्मा चार छन् । त्यसमध्ये मोक्षनै सर्वोत्तम पुरुषार्थ हो । त्यसको परंपरामा (साधन) रूपमा कर्म, उपासना आदि उल्लेख भए पनि साक्षात् साधन त ज्ञाननै हो ◊ भन्ने श्रुति स्मृति दुवैको उद्घोषण पाइन्छ । कर्म, उपासना आदि योगका अधिकारीहरूको उल्लेख पनि

---

* आनन्दाद्धयेव खल्विमानि भूतानि जायन्ते । आनन्देन जातानि जीवन्ति । आन्नदं प्रयन्त्यभिसंविशन्ति ।" [तै. आ. ३।६।१]

★ भूतानां प्राणिनः श्रेष्ठाः प्राणिनां बुद्धिजीविनः ।
बुद्धिमत्सु नराः श्रेष्ठा नरेषु ब्राह्मणाः स्मृताः ।।
ब्राह्मणेषु च विद्वांसो विद्वत्सु कृतबुद्धयः ।
कृतबुद्धिषु कर्तारः कर्तृषु ब्रह्मवेदिनः ।।
मनुष्मृतिः प्रथम अध्याय श्लो ९६–९७।

◊ + ऋते ज्ञानात् न मुक्तिः ।
+ सर्वं कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते ।
+ सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यति ।
+ न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।

शास्त्रमा पाइन्छ। विषयको इच्छा नछुटेका मन्दाधिकारी-हरूका लागि कर्मयोगमा। यो कर्म पनि सामान्यरूपबाट दुई प्रकारमा विभाजित छन्। ती हुन् विहित र निषिद्ध। विहितकोटीमा❁ सन्ध्यावन्दन आदि पर्दछन्। जसलाई नित्यकर्म भन्ने श्रौत र स्मार्त वचनहरू शास्त्रमा पाइन्छन्। निषिद्धकर्मको परिगणनामा ब्रह्महत्या, विषदिग्धमांसादिको अक्षता आदिलाई समावेश गरिएको पाइन्छ। उक्त विहित-कर्म पनि नित्य, नैमित्तिक, प्रायश्चितसम्बन्धी भेदबाट तीन प्रकार शास्त्रमा उल्लेख गरिएको छ। प्रातःस्नान, श्राद्ध जातकर्म र चान्द्रायण आदि कर्महरू क्रमशः नित्य, नैमित्तिक र प्रायश्चित्तसम्बन्धी कर्म हुन्। यसमा पनि पुनः काम्य र अकाम्य कर्म भनेर शास्त्रमा उल्लेख गरेको हामी पाउंदछौं।

अतः चित्तशुद्धिका निमित्त आसक्तिरहित भएर मुमुक्षुले कर्म गर्नुपर्दछ भन्ने शास्त्रको सन्देश पाइन्छ‡। उक्त निष्कामकर्म पनि आफ्नो कुलक्रमागत मर्यादाअनुसार सम्पादन गरी परमेश्वरलाई समर्पण गरोस् भन्ने वचन स्मृतिशास्त्रमा उल्लेख पाइन्छ❂। यसरी ईश्वरलाई कर्म समर्पण गर्नुको रहस्य यही नै हो। कर्ता–अकर्ता भन्नु जसबाट कर्ता (अरूले मानेको) लाई शुभ र अशुभ फलले छुन सक्तैन। उ फलासक्त कोटीको हुन सक्तैन। किनकि उसले सर्वकर्मफलत्यागी भै समस्त कर्महरू प्रकाशस्वरूप निजात्मदेवलाई चढाइसकेको छ। यस-कारण उसलाई कर्महरूले बन्धनमा पार्न सक्तैनन्। यहीनै विषय श्री भद्‌भगवद्‌गीताले मार्मिकरूपबाट प्रति-पादन गरेको पाइन्छ*। यसरी निष्कामकर्म संपादन गर्दा-गर्दै साधक, सृष्टिदृष्टिवाद एवं दृष्टिसृष्टिवादसमेतको परिधिलाई पार गरेर अनात्मवादको उच्चतम पदमा आरूढ बन्दछ। अनि स्वतः मुक्त अवस्थाको अनुभव गर्दै निम्न प्रकार आत्मपूजामा तल्लीन रहन्छ। मोक्षा-वस्थालाई संसिद्ध गरिसकेको ज्ञानवान् व्यक्ति देदीप्यमान मणिमय आत्मस्वरूप जो मायापुरीको हृदयरूपी कमलमा विराजमान छ त्यही दिव्य आलोकमय आत्माको (ब्रह्म-स्वरूपको) आराधना गर्दछ, श्रद्धानदीबाट प्रवाहित शुद्धान्तःकरणरूपी जलाभिषेकद्वारा समस्त वासनारहित शाश्वत आत्मालाई स्नान गराउंदछ★। सरांशमा आफूलाई शुद्ध चैतन्यस्वरूप मानेर आफैं आफ्नो आरा-धना गर्दछ।

## उपसंहार

समस्त श्रुतिस्मृतिको सार संग्रह गरी दूधबाट दही, दहीबाट मही, महीबाट नौनी र नौनीबाट पनि खारि-एको घ्यू जस्तै सारतम तत्त्व ग्रहण गर्ने हो भने "अद्वैत-वेदान्तसिद्धान्तद्वारा निर्णीत "अद्वैततत्त्व" लाईनै स्वतः-सिद्ध मोक्षवस्तुका रूपमा प्रस्तुत गर्न सकिन्छ। किनभने "नेह नानास्ति किंचन" यहाँ ब्रह्मदेखि बाहेक कुनै चीज छैन "एकमेवाद्वितीयं ब्रह्म" एउटै सकलभेदरहित ब्रह्म छ। "मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति" जसले यहाँ अनेक देख्दछ त्यो पुनः मृत्युबाट मृत्युमा प्राप्त हुन्छ "द्वितीयाद्वै भयं भवति" दोस्रो भन्ने भएपछि भय रहिरहन्छ। "सर्वं खल्विदं ब्रह्म" यो सारा विश्वनै ब्रह्म हो। 'तत्त्वमसि' जीवात्मा तिमीनै परमात्मा हौ,

❁ + अहरहः सन्ध्यामुपासीत।
+ वेदो नित्यमधीयताम्।

‡ +असक्तो ह्याचरन् कर्म परमाप्नोति पूरुषः। गी, अ. ३ श्लो. २०।
+ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः। लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ।। गी. अ. ५। श्लो. १०।।

❂ यत्करोसि यदश्नासि यज्जुहोसि ददासि यत्। यत्तपस्यसि कोन्तेय तत्कुरुष्व मदर्पणम् ।। गी. अ. ९ श्लो. २७।

* शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः। संन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ।। गी. अ. ९। श्लो. २८।

★ आराधयामि मणिसन्निभमात्मलिङ्गं
मायापुरीहृदयपंकजसंनिविष्टम्।
श्रद्धानदीविमलचित्तजलाभिषेकै
नित्यं समाधिकुसुमैरपुनर्भवाय ।।

आत्ममानसपूजा (शंकर)

'अहं ब्रह्मास्मि' मनै ब्रह्म हुँ "अयमात्मा ब्रह्म' यो आत्मा नै ब्रह्म हो 'प्रज्ञानं ब्रह्म' सर्वत्र ओतप्रोत भएर रहेको चैतन्य एवं स्वप्रकाशस्वरूप प्रज्ञाननै ब्रह्म हो, इत्यादि श्रुतिहरूले समस्त दृश्य जडात्मक भेद प्रपंचरहित स्वतःप्रकाश आनन्दस्वरूप अद्वैत सर्वस्व चिन्मात्रैकरस ब्रह्मवस्तु मात्र परमार्थ सत्य वस्तु हो भनी उद्घोषणा गरेका छन्।

अतः द्वैतको लसपस जति सम्पूर्ण भ्रमले मात्र प्रतीत भएका हुन् भन्न निर्धक्कसित सकिन्छ। स्वयं प्रकाश ब्रह्मनै आफू भएको र आफू (ब्रह्म) देखि फरक जगत्को कुनै अस्तित्व नभएकोले एकमात्र सत्य सदा वर्तमान (त्रिकालमा अबाधित) चैतन्य एवं आनन्दस्वरूप ब्रह्म-वस्तु आफू हुँ भनी बोधपूर्वक बुझ्नुबाट नै मोक्षसिद्धि संभव छ★। अझ एक कदम अघि बढेर अठोट गरौं संभव मात्र होइन स्वतःसिद्धनै छ तदपि बादलले दृष्टि छोपिदिंदा सूर्य छोपिएको भान अज्ञानीमा भए झैं विषय-वासनाजन्य दोषबाट (मूलाज्ञान नष्ट नभैसकेकाले) हामी आफूलाई बद्ध भन्ने ठान्दछौं परन्तु हामी हौं सदा मुक्त, स्वच्छ एवं सदापरिपूर्ण र मोक्षस्वरूप*। यस-कारण उपसंहारमा आएर अझै स्पष्ट पार्न चाहन्छु–मोक्ष (स्वरूपोपलब्धि)–अद्वैतसिद्धान्तअनुसार–स्वतःसिद्ध वस्तु हो। यसलाई सिद्ध गरिरहनुपर्ने कुनै दरकारै छैन।

केवल अनात्मप्रपंचलाई निरसन गर्नु एकमात्र हो सारा श्रुति–स्मृतिको रहस्य। यसो हुँदानै सज्जनको किम्वा ज्ञानी महात्माहरूको अविद्यावृत्तिद्वारा संचालित अनुभूतिले उल्लेख गर्न सक्यो●:— आत्मस्वरूप हरि (जो सदा परिपूर्ण र मोक्ष एवं ज्ञानस्वरूप छन्) को सम्यक् आराधना हुन सक्यो भने तपस्याको के प्रयोजन भयो। यदि हरिको बिलकुलै अनास्था भयोभने पनि तपस्याको दरकारै के रह्यो र? यदि भित्र बाहिरनै हरिभावना रहनसक्योभने पनि तपस्याको केही आवश्यकता रहेन–❁ पुनश्च:– भित्र बाहिरै हरिभावना पटक्कै रहेनभने पनि तपस्याले के हुन सक्दछ?

अतः उपर्युक्त मोक्षसिद्धि शीर्षक स्वल्पकलेवर ग्रन्थ-रत्नले पनि मुख्यरूपमा माथिकै विषयलाई शास्त्रीय सरणी-अनुसार विवेचना गरेको विषय अनुशीलनकर्ता अध्यात्मतत्त्व-जिज्ञासु पाठकवृन्दमा निवेदन गरिन्छ।

–हरि ॐ तत्सत्–

---

★ अहमेवासमेवाग्रे नान्यद्यत्सदसत्परम्। पश्चादहं यदेतच्च योऽवशिष्येत सोऽस्म्यहम्॥
श्रीमद्भागत स्क. २। अ. ९। श्लो ३२।

* घनच्छन्नदृष्टिर्घनच्छन्नमर्कं यथा मन्यते निष्प्रभं चातिमूढः।
तथा बद्धवद् भाति यो मूढदृष्टेः स नित्योपलब्धिस्वरूपोऽहमात्मा॥
वेदान्तसार

● अविद्या वृत्ति भनेर अन्तःकरणलाई सुषुप्त स्थितिमै रहन दिएर ज्ञानी (बोधवान्) द्वारा भैरहने व्यावहारिक क्रियाकलापलाई यहाँ संकेत गरिएको हो।

❁ आराधितो यदि हरिस्तपसा ततः किं
नाराधितो यदि हरिस्तपसा ततः किम्।
अन्तर्बहिर्यदि हरिस्तपसा ततः किं
नान्तर्बहिर्यदि हरिस्तपसा ततः किम्॥

ग्रन्थपरिचय

# विवाह पटल

**देवीप्रसाद लंसाल**

प्रस्तुत ग्रन्थ 'वराहमिहिर' द्वारा लिखित 'विवाह-पटल' भन्ने ज्यौतिष विषयको ग्रन्थ हो । यो ग्रन्थ आज-सम्म प्रकाशित भएको छैन । राष्ट्रिय अभिलेखालयको चतुर्थ लगतमा नं. २२९१ संख्यामा दर्ता भएको छ । पत्र संख्या ४४। लम्बाई १७ इञ्च र चौडाई ३½ इञ्चको छ, नेपाली पाको कागतमा नेवारी लिपिमा दुवैपट्टि लेखेको छ । पङ्क्ति ८ देखि १० सम्म छन्, एक पङ्क्तिमा ५६ अक्षर देखि ६२ अक्षरसंम छन् । यसमा भट्टोत्पलको टीकाले सुनमा सुगन्ध गराएको छ, टीका र मूल मिलाउँदा ग्रन्थ संख्या १३२७ पुग्दछ । मूल मात्र विविध छन्दका ९२ श्लोक छन् । टीकाकारले टीका गरेको समय यस्तो लेखेका छन् ।

**वैशाखस्य सिते पक्षे दशम्यां सोमवासरे ।**
**नवरामनन्द शाके कृतेऽयं विवृतिर्मया ।।**
**विधाय टीकां शास्त्रेऽस्मिन् यत्किञ्चित्पुण्यमर्जितम् ।**
**तेन निर्मत्सरीभूयात् सौजन्यालङ्कृतो जनः ।।**

यसको आदिमा आचार्यले मङ्गल गर्दा विवाहका संबन्धित देवता कामदेव हुनाले सबै देवताभन्दा कामदेव-लाइनै सर्वोतम सिद्ध गरेर उनैलाई नमस्कार गरेका छन् । त्यसपछि ग्रन्थ सुरु गर्दै गएर सुयोग्य ज्यौतिषका सल्लाह-द्वारा प्रथम वयमानै कन्याको विवाह गर्नुपर्दछ भनेका छन् ।

मनुले विवाह आठ प्रकारको बताएका छन् जस्तै—

**ब्राह्मो दैवस्तथैवार्षः प्राजापत्यस्तथासुरः ।**
**गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः ।।**
मनु. अ. ३. श्लो. २१।

(१) पढे लेखेको सुयोग्य वरलाई आफैं बोलाएर यथाशक्ति अलङ्कार दिएर जुन कन्यादान दिइन्छ त्यस प्रकारको विवाहलाई ब्राह्मविवाह भनिन्छ ।

(२) राजसूय, सोमयाग जस्ता ठूला ठूला यज्ञमा वरण भएका ऋत्विक्लाई सालङ्कार कन्या दिनुलाई दैवविवाह भनिन्छ ।

(३) वरलाई बोलाएर कन्यादानका साथसाथै गोमिथुन (गाई र गोरु) दहित दान दिइने विवाहलाई आर्ष (ऋषि) विवाह भन्दछन् ।

(४) कन्यादाताले तिमी दुवैले हरेक धर्मकर्म साथ-साथै गर भनेर प्रतिज्ञा गराएर गरिदिने विवाहलाई प्राजापत्य विवाह भनिन्छ ।

(५) वरकन्या दुवैको प्रेमसम्बन्धबाट हुने विवाह गान्धर्व (प्रेम) विवाह भनिन्छ ।

(६) कन्यापक्षलाई धन दिएर, कन्या किनेर गर्ने विवाहलाई आसुर (असुर) विवाह भन्दछन् ।

(७) लडाईं झगडा गरेर बलात्कार कन्यालाई रुवाउँदै हरण गरेर लगी आफ्नो इच्छाअनुसार गरिने विवाहलाई राक्षस विवाह भनिन्छ ।

(८) सुतेकी, मद्य आदि नसा लाग्ने वस्तु खाएर बेहोश भएकी अथवा एकान्तमा बसेका बेलामा कुनै उपायबाट पनि आफ्नो शील रक्षा गर्न असमर्थ कन्याको बलात्कार शील भंग गरी पछि स्वीकार गर्दछ भने

त्यस्तो विवाहलाई पैशाच (पिचास) विवाह भनिन्छ । हाम्रो समाजमा विवाह संस्कार जो गरिन्छ त्यो 'प्राजापत्य' विवाह भनिन्छ । उक्त आचार्यले विवाह निश्चय भइसकेपछि कन्याले गर्नुपर्ने कर्तव्य निम्न प्रकार दर्शाएका छन् ।

**कुसुम्भरक्ताम्बरभूषणोज्ज्वलाः साध्व्यः सुरूपाः सुभगाः कुलोद्भवाः ।**
**नदीं नयेयुः सरसोऽथवा तटं कन्यामलङ्कृत्य महेन्द्रजायया ॥१०॥**

विवाहका निमित्त लिने नक्षत्र, वार, तिथिमा कुमालेले घडा बनाउन ठीक पारेको माटाको सुयोग्य शिल्पीद्वारा इन्द्रपत्नी इन्द्राणीको मूर्ति बनाउनू । विशुद्ध कुलमा उत्पन्न भएका पतिव्रता सौभाग्यवती स्त्रीहरूले रञ्जितकारले रातो रङ्गमा रङ्गाएका लुगा र गहनाले सजिसजाउ भएर, कन्यालाई पनि सजाएर, एन्द्राणीको मूर्ति साथमा लिई कन्याका साथ नदी वा प्रशस्त जल भएका ठाउँमा जानू र शुद्ध पवित्र ठाउँमा इन्द्राणीको मूर्ति राख्नू । सबै सुवासिनीहरूले स्नान गरी सुन, चाँदी, तामा, माटाका कलशमा पाएसंमका धान्यादि बीज हालेर उक्त कलशको पूजा गरी, तिनै कलशका जलले इन्द्राणीलाई स्नान गराई पूजा गर्नू ।

त्यसपछि उक्त सौभाग्यवतीहरूले प्रत्येक उपहार बलि दिने वस्तु नाङ्लामा राखेर पूर्व, दक्षिण, पश्चिम, उत्तर चारै दिशातिर नाङ्लाले उपहार बलि दिनू। त्यसपछि कन्यालाई स्नान गराई नानासुगन्धित वस्तुमिश्रित बेसारका बास्नाले सुवासित रातो रङ्गका वस्त्र र गहनाले सुशोभित कन्यालाई इन्द्राणीको पूजा समाप्त गरिसकेपछि, दही, भात, घ्यू, मह, मिलाएर उपहार बलि दिनू । हातमा फलामको कुनै चीज लिएर इन्द्राणीलाई साष्टाङ्गदण्डवत् गर्नू। त्यसपछि केश सम्याई बलियो गरी बांध्नू र हर्ष र उल्लासका साथ इन्द्राणीको मूर्ति सङ्गसंगै घर आउनू। घरमा ल्याइएको उक्त मूर्तिको पूजा, कन्याले बिहान, दिउंसो, बेलुका–विवाह समाप्त नभएसम्म–तिनै काल पूजा गर्नू ।

विवाहलग्न निश्चय गर्दा ज्योतिषीले विशेष सावधानीका साथ काम गर्नुपर्दछ। ज्योतिषीले हूँ र न गर्दा वर-कन्याको अमृतमय हुनु पर्ने जीवन विषमय हुनजान्छ । विवाहलग्न निर्णय गर्दा विवाहगणको विचार अवश्यनै गर्नुपर्दछ ।

जस्तै—

**नन्दो भद्रो जीवो जीमूतः स्थावरो जयो विजयः ।**
**व्यालो रसातलमुखः क्षयस्तमोऽन्यो विवाहगणः॥**
**॥ श्लो. ५० ॥**

नन्द. भद्र, जीव, जीमूत, स्थावर, जय, विजय, व्याल, रसातलमुख, क्षय, तम, अन्त्य (कृतान्त) यी १२ योग लाई विवाहगण भन्दछन् ।

जस्तै— नन्दयोगमा विवाह गरिएकी कन्या चाँडैनै महादेवी (महारानी) को पदले विभूषित हुन्छे। पतिकी प्राणसमान प्रिय भएर, आफ्नो जीवनकालमानै राजमाता पनि हुन्छे। भद्रयोगमा विवाह गरिएकी कन्याले विवाह भएको अल्पकालमानै पतिलाई राजा बनाउछे र आफ्नो कुलकोनै उद्धार गर्दछे । जीवयोगमा विवाह गरिएकी कन्याले, पतिको हरेक काम सफल पारेर धर्म, अर्थ, काम तीनै वर्ग उपलब्ध गर्दछे र पतिकुल तथा पितृकुललाई आनन्द पार्दछे। जीमूतयोगमा विवाह गरिएकी कन्या धेरै कालसम्म दाम्पत्यजीवन सुखपूर्वक बिताएर 'जनातिको' मुख हेरेर पतिका साथसाथै स्वर्गलोकको भोग भोग्न जान्छे। स्थावरयोगमा विवाह गरिएकी कन्याले पतिलाई जमीनमा गाडेको सम्पत्ति दिलाएर कुलको उन्नति गर्दछे । जय योगमा विवाह गरिएकी कन्या गरीबका साथ विवाह गरिएकी भए पनि पतिलाई ऐश्वर्यशाली बनाउंछे, साथै सौताहरूले मान मर्यादा गरिएर पतिकी मुख्य भएर बस्तछे। विजययोगमा विवाह गरिएकी कन्या पुत्र पौत्रादिका साथ सुखपूर्वक ऐश्वर्यको भोग भोगी आखिरमा स्वर्गलोककी अतिथि हुन्छे । व्यालयोगमा विवाह गरिएकी कन्या सर्पसमान हिंसावृत्ति भएकी दुःख र दारिद्र्यले सताइएकी, रोग–शोकले पीडित, एक पुरुष भनेर नबस्ने कुलटा हुन्छे। पातालयोगमा विवाह गरिएकी कन्या, विवाह भएको पाँच महीनामानै मृत्यु प्राप्त गर्दछे । क्षयरोगमा विवाह गरिएकी कन्या, विवाह भएको दुई महीनामानै पतिलाई छाडेर नीच जातिसंग सम्बन्ध जोडेर पतिकुल र पितृकुललाई जाराग्निले डढाउंछे। तमयोगमा विवाह गरिएकी कन्या स्त्रीजातिमा हुनुपर्ने सबै लक्षण, धनसम्पत्तिले सुसम्पन्न अथवा इन्द्रकै छोरी भए तापनि सारा सम्पत्ति स्वाहा गरेर परपुरुषलाई अंगाल्दछे। कृतान्तयोगमा विवाह गरिएकी कन्याले चाँडैनै श्वशुर–देवर–जेठाजुलाई नाश गर्दछे ।

त्यसपछि विवाहलग्न दिने व्यक्तिले निर्णय नर्नुपर्ने विषय निम्न प्रकारका छन्। जन्मलग्नदेखि द्वादश स्थान-संमका १२ भावलाई ४ भागमा बाँडेको छ ।

**(१) जन्मलग्न, पञ्चम, नवम स्थानलाई आत्मा भन्दछन्।**
**(२) द्वितीय, षष्ठ, दशम स्थानलाई उपेक्षा भन्दछन्।**
**(३) तृतीय, सप्तम, एकादश स्थानलाई पोषक भन्दछन्।**
**(४) चतुर्थ, अष्टम, द्वादश स्थानलाई वध भन्दछन्।**

जस्तै—

आत्मसंज्ञा लग्नमा विवाह भयो भने पतिकी प्राणतुल्य प्यारी हुन्छे । उपेक्षासंज्ञामा विवाह भयो भने परित्यक्ता हुन्छे । पोषकसंज्ञामा विवाह भयो भने पतिले सम्मानका साथ राख्दछ र समाजमा उचित आदर पाउंछे। वधसंज्ञामा विवाह भयो भने पतिको मृत्यु हुन्छ अथवा स्वयं मर्दछे । उपर्युक्त चार प्रकारका लग्नको फल, बलाबल, वरबधूको जन्मलग्न जन्मराशीबाट विवाहलग्न दिन हुने नहुने विचार गरेर मात्र हुन्छ वा हुँदैन भन्नुपर्दछ अन्यथा ज्योतिषीनै दोषी ठहर्नेछ ।

कन्या तथा कुमारको जन्मलग्न वा जन्मराशीबाट द्वितीय, पञ्चम, नवम, एकादश स्थानमा बृहस्पति गएमा गोचरबाट अनुकूल बृहस्पति भनेर विन्ध्याचलभन्दा दक्षिण देशवासीहरू विवाह गर्न शुभ मान्दछन् । वर–कन्याका जन्मराशी वा जन्मलग्नबाट तृतीय, षष्ठ, दशम, एकादश स्थानमा सूर्य गएमा गोचरानुकूल सूर्य भनेर गौडदेशवासीहरू विवाह शुभ मान्दछन्। मालवदेशवासीहरू गोचरको शुद्धतालाई मान्दैनन्, उनीहरू लग्नशुद्धिलाई नै विवाहका निमित्त शुद्धता मान्दछन्।

यस प्रकार ज्योतिष्शास्त्रले विवाहको समय तोकिदिन्छ र त्यसपछि विवाहसंस्कार हुन्छ। वैदिक संस्कृति-अनुसार विवाह साधारण मेलमिलाप मात्र होइन, अपितु विवाह पवित्र धार्मिक संस्कार हो। सानो भए पनि आचार्यले उक्त विषयमा प्रशस्त पथप्रदर्शन गरेका छन् । पुस्तक अत्यन्त उपयोगी छ ।

# The Birth of Rana Feudalism in Nepal

*By S. C. Lohani*

History says that the period of transformation and change in a society appears only after the end of feudalism. The end of Sugunate in Japan, feudalism in Russia and other parts of the world are the eloquent examples. In Nepal the beurocratic system of Govt. opened by the feudalistic pattern of Rana society, enunciated by the rise of Jung Bahadur is the burning example for the readers of Nepalese history. The present article may help the readers to find out the establishment of feudalism in Nepal with its historical background which appears as a result of personal ambition and character of Jung Bahadur alone.

The history of Nepal after 1850 is completly overshadowed by court intrigues, bloody incidents, massacre etc. A soldier in the rank, reaches the height of power as a Prime-minister. The glorious history made by the great, unforgettable leaders like Bhim Sen Thapa, Amar Singh Thapa and others is obscured by the Rana dynasty, who completely changed the picture of Nepal, what it was before.

It is interesting to note, when the reader of Nepalese history goes through the incidents and events followed during this period.

Born on 18th June, 1807, the second son of Bala Narsingh Kunwar, Jung Bahadur came in power in 1846 with high ambition. He had to establish himself as an unchallenged and undefeated personality with a horrible background. King Rajendra Vikram Shaha, though on the throne in name, led a lonely life, with all the powers vested in his second queen. Jealous of the heir-apparant and supported by the selfish courtiers, the second queen of Rajendra Vikram Shaha became furious and thought of keeping her own son in the heir apparent.

Many personalities were changed and many intrigues were made, but her ambition could not be fulfilled. The death of Gagan Singh, brought an opportinuty to Jung Bahadur to come in the front and to play the bloody game, which was later a blessing in disguise to him.

The Kot massacre which was followed due to the angry mood of the second queen and fully supported by Jung Bahadur and his brothers, took away most of the lives of the great generals of Nepal. The Kot massacre is an unforgettable event in the history of Nepal and the instigators can not be pardoned in history.

The Kot massacre paved the way for Jung Bahadur to become the right hand man of the queen and also he got an opportunity to fulfil his Macbethic ambition. It can not be forgotten that to fulfil his ambition and to reach the height of power, Jung Bahadur's hand became blood stained with the murder of his own maternal uncle Mathbar Singh Thapa.

By the queen's blessings Jung Bahadur became the Prime-minister of Nepal, when he became the Prime-minister and when he established his full authority, Jung Bahadur went ahead even to imprison the Queen with the Lal Mohar (Royal order) of the King, when he was ordered to kill the heir-apparant Surendra Vikram Shaha.

Thus, by securing full support from the army, people and his own brotheren, Jung Bahadur established his supreme authority in the Kingdom of Nepal. During his period of premiership, the greatest achievement secured by Nepal was the good will of the British Government

Rajendra Vikram Shaha accompanied by his wife retired at Varanasi. Surendra Vikram Shaha was enthorned by Jung Bahadur. He was the full authority of Nepal supported by his army and his brothers. The real soverign, remained a puppet in his hand. This tradition was followed for nearly a century in the history of Nepal.

From 1850 onwards, the fate of Nepal was in the hands of the Ranas. After 1850 the historical scene of Nepal is completely overshadowed by the personality and acts of Jung Bahadur alone.

In course of time Jung Bahadur resigned from his post of Prime-ministership. The strong personality, who came in power in 1846, who visited England and the European countries, convinced himself of the superiority of the British power and tried to create good feelings with the British Govt. resigned from his post of premiership and Commander-in-Chief of Nepal on the 1st August 1856. The resignation of Jung Bahadur from his post remains a matter of mystery to all the readers.

Different writers have commented in different ways. His own son and biographer, Padma Jung failed to make correct observation and wrote—

"Probably he was really in bad health; probably he suspected that some harm might come from his brothers, and so he relegated his powers to one of them and pacified the others with the hope that their turn would come in time. But it is no use heaping conjecture of conjecture; the question of motive in this case remains a question of probability for ever."[1]

Next writer Iqbal Ali Shaha observed : "He assigned no reason for this sudden action except fatigue".[2]

The Resident at Nepal, Major General Ramsay in a letter to Secretary to the Government of India, reporting the general character of Jung Bahadur and expecting that the change in premiership will not affect the relationship with the British Govt. wrote–I observed that whilst Jung Bahadur had been Minister, the relations between the two Governments had materially inprobed, and that a degree of good feeling now subsists between the two countries, **Which has never before prevailed**, and which, I hope may not be interrupted by the present change in the administration of affairs.[3]

Jung Bahadur was succeeded by his brother Gen. Bum Bahadur. The King appointed him the Prime-minister and the Commander-in-Chief of Nepal.[4] The advent of Bum Bahadur as the Prime-minister and the Commander-in-Chief of Nepal made the then Resident in Nepal observe like this—"There is something however, in General Bum Bahadur's appearance–a crafty, underhand, treacherous look,

1 Pudmajung–LIFE OF MAHARAJA SIR JUNG BAHADUR Page. 192–93.
2 Iqbal Ali Shaha–NEPAL HOME OF GODS. Page. 95.
3 Foreign Department, Secret Branch, Dated 29th August 1856, Cons. No. 51–54.N.A.I.
4 Ibid

in comformity too, with his general character, which convinceme, that when in absolute power he will be a very different man to deal with then he has hitherto been, and I do not think that his advent to power will improve our relations with this Durbar, though they may not be an any way disturbed by it."[1]

Though, Bum Bahadur assumed the post of premiership, he could not achieve the public support. Jung Bahadur was supported by all the Nepalese subjects, army and the courtiers. The resignation created suspicion, and different sorts of rumours among the Nepalese people.

The King vested all the executive, judiciary and legislative powers in the hands of Jung Bahadur. The title of Maharaja conferred on him by the Royal Sanad, also invested the succession to the Premiership in Jung Bahadur's brothers and sons. He was also offered a salute of ninteen guns in the name of honour, by the king of Nepal.[2]

"He was thereby given the powers of life and death and punishment: of appointing and dismissing all Government servants: of declaring war, concluding peace, and singing treaties with all foreign powers including the British, the Tibetans and the Chinese: and finally he was given the authority to make new laws and repeal any old ones, who then the civil, criminal or military".[3]

The vast power to be exercised by Jung Bahadur as a sovereign of two semi-independent states of Nepal as the Maharaja, brought trouble to the Resident at Nepal in dealing with the two sovereigns. The British Government did not recognise Jung Bahadur as a sovereign, although no important business of state was ever transacted without his approval, yet he was without official responsibility or power. The Resident could transact no business with him in his anomalous character, nor could the British Government have any political relation with him. Although he was virtually all in all he was still really but a subject of the reigning monarch.

The Government of India refused to meddle with the internal priviledges and arrangements of Nepal. They would deal with the Prime-minister and with him alone.[4]

Several instances created bitterness in the mind of Jung Bahadur and at the dealing procedure of the Resident. It is better to cite one or two examples while the Resident ignored Jung Bahadur's position. The assylum of Rani Chanda Kaur of Lahore in Nepal, brought bitter feeling between the position of Jung Bahadur and that of the Resident, when the question of the delivery of the letter to the Rani sent by her son Dileep Singh arose.

Jung Bahadur, being the Maharaja demended that every sort of communication should come befere him and the Prime-minister Gen. Bum Bahadur also was asking for the same. The Resident thought it better to communicate directly to the Governor General in Council because the Rani was an enemy of the British Governmet, though the demand of the Prime-minister was resonable in character.[5]

Amity between the two Governments came in picture due to the exchanges of Khureetes and prevents between the King of Nepal and the Governor General in Council.[6]

1 Ibid.
2 Foreign Department, Political Branch, dated 29th Aug. 1856, Cons. No.55-57.
3 Landon (Perceval) NEPAL, VOL. II Page.147.
4 Foreign Dept., Political Branch, Dated 29th Aug. 1856.
5 Foreign Dept, Political Branch, dated 19 Sept. 1856 Cons. No. 55-57.
6 Descriptive list serial No.4-5.

Matrimonial ties to be knotted between he eldest daughter of Jung Bahadur and the heir -apperant, strengthened the position of Jung Bahadur in the relation with the King of Nepal.[1] The delay occurred in this auspicious occasion was due to the death of Bum Bahadur, who died a natural death.[2] The marriagc between the heir-apparent and the eldest daughter of Jung Bahadur took place on the 25th–26th of June 1857. The British Government in India con–gratulated both the King and Jung Bahadur on this occasion.[3]

The death of Bum Bahadur, brougth Kri-shna Bahadur, one of the brothers of Jung Bahadur to be the officiating minister.[4]

It is a known fact that the life of Jung Bahadur was full of struggle. Many times the plot for his murder came in picture. One Subdar of Gurung caste indulged himself in exciting revolt against the British Residency in Nepal and a plan for assassinating Jung Bahadur. It was feared that a large number of old officers were implicated in this plot. A general parade of all the troops were ordered on the Tundikhel and the verdict of the diffe-rent regiments as to the punishment that should be inflicted on the traitor was taken. The conscipirator was hacked in pieces by one of the soldier of the same regiment.[5]

Then only Maharaja Jung Bahadur resumed his old post as the Prime–minister and the Commander–in–Chief of Nepal with the vast power conferred on him by the King of Nepal.[6]

In conclusion it can be said that the above mentioned historical facts generally depicts that the birth of Feudalism in Nepal, took place only because of the rousing ambitious designs of Jung Bahadur and the circumstances prev-ailed in the court of Nepal during those days.

–★–

1 Foriegn Dept. Political Branch, Dated 19th June 1857, Cous. No. 27.
2 Foreign Dept., Secret Branch, Dated 25 Sept., 1857, Cons. No. 470.
3 Foreign Dept., Political Branch, Dated 20th Nov. 1867, Cons. No 66–69.
4 Despatch to Secret Committee, No. 33, 1857.
5 Foreign Dept., Secret. Branch, dated 26 June 1857, Cons. No. 129–30.
6 Foreign Dept., SecretBranch, dated 25Sept. 1857, Cons. No. 471—74.

## ABOUT THE AUTHORS

| | |
|---|---|
| Shri Shankerman Rajbamsi | is employed in Hastalikhita Grantha (manuscript) section of Rashtriya Abhilekhalaya. |
| Shri Buddhisagar Parajuli | is the Adhyaksha of the Rashtriya Abhilekhalaya. |
| Shri Deviprasad Lamsal | is the Jyotishacharya of Rashtriya Abhilekhalaya. |
| Shri Madhusudan Risal | is the Darshanacharya of the Rashtria Abhilekhalaya. |
| Shri S. C. Lohani | is an Archivist of Rashtriya Abhilekha-lava. |

'प्राचीन नेपाल'का निमित्त प्राग् इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग संबन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएका भए तिनको स्वागत गरिनेछ ।

रचनासंग संबन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ ।

निर्देशक
पुरातत्त्व विभाग
सिंहदरबार
काठमाडौं, नेपाल

Contribution of original nature dealing with prehistoric and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to *Ancient Nepal*.

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

Photographs and illustrations (line drawings) may be sent. The typescript should be in double space and on one side of the paper only and sent to:—

CORNELL UNIVERSITY
MAY 28 1986
LIBRARY

The Director
Department of Archaeology
Singha Durbar
Kathmandu, Nepal